
असोज ५, २०६३

# समय

राष्ट्रिय साप्ताहिक



एकताका लागि
नैतिक दबाब



# राजनीतिमा न्यायालय

## प्रोपोगन्डाबाट सिर्जित अराजकता

मूल्य रु. २५





समय

समय
राष्ट्रिय साप्ताहिक

वर्ष ३, अंक १२४, भदौं ३०–असोज ५, २०६३





आवरण : प्रधानन्यायाधीश दिलीपकुमार पौडेल
*तस्बिर : तेजबहादुर बस्नेत*

**आवरण :** असफल र अपूर्ण मानिएको अन्तरिम संविधान सहमतिविना टुंगिएपछि त्यसले अन्तरिम संविधानको भविष्यलाई मात्र हैन, मुलुकको वर्तमान न्यायप्रणालीलाई पनि संकटको जालोमा बेरेको छ २६

## समय गोलमेच

टुक्रा टुक्रामा विभाजित आन्दोलनले संविधानसभामा दलित हितमा साँच्चिकै काम गर्न सक्ला र ? दलित नेताहरूले समय गोलमेचका क्रममा यस्ता आशंका त उब्जाए नै, त्यससँगै आरक्षणको अपरिहार्यतालाई जोड दिए १८

## हल्लाबाट हडताल

भारतबाट तीन दर्जन ट्रकमा हतियार काठमाडौं भित्र्याइँदै छ भन्ने हल्ला फैलाएर माओवादीले मुलुकभर अराजकताको स्थिति निम्त्याए ३०

## टुक्रा टुक्रा आन्दोलन

पदको झगडामा राजनीतिक रंग लगाउन खप्पिस नेपालका अधिकांश कम्युनिष्ट नेताहरूको फुट्ने बानी छ। तर, सत्ता निकट पुगेका कम्युनिष्ट पार्टीहरूले भने फुट्नुभन्दा जुट्नुमा नै फाइदा हुने बुझ्न थालेको देखिएको छ १४

## रिपोर्ट

फुर्सदका सैनिक तालिममा १६
कांग्रेस एकतामा नयाँ अध्याय २४
बिजुलीमा नयाँ आयाम ४२

भास्वर ओझा



**रंग :** कलाकार निर्मल शर्मा भन्छन्, 'बाटोमा हिँड्दा कतिले गैंडा आयो भन्छन् र त्यो बेला आफ्नो साँच्चिकै नाम नै के भन्ने नै पत्तो पाउँदिनँ कहिलेकाहीं त।' ५४

सम्पादकीय ........ ५
डाँक ........ ८
दर्शन ........ ९
मुलुक ........ १०
आर्थिक टिपोट ........ ४६
साहित्य ........ ५१
अनुहार ........ ५७
शून्य समय ........ ५८

समय
का.जि.प्र.का.द.नं. १७०/२०६०/६१

**प्रबन्ध निर्देशक**
नवीन जोशी
**कार्यकारी निर्देशक**
विजय श्रेष्ठ
**सम्पादक**
युवराज घिमिरे
**सहायक सम्पादक**
राजेश घिमिरे
**प्रमुख संवाददाता**
विश्वमणि पोखरेल
**वरिष्ठ संवाददाता**
मनीष गौतम
मनोज दाहाल
किरण भण्डारी
सुवास देवकोटा
मधुसूदन पौडेल
**संवाददाता**
नवीन अर्याल
छत्र कार्की
गोविन्द परियार
ज्योति देवकोटा
**उपसम्पादक**
डिल्ली आचार्य
**क्षेत्रीय**
रुद्र खड्का (नेपालगन्ज)
श्याम भट्ट (महेन्द्रनगर)
दीपक ज्ञवाली (बुटवल)
ओमआस्था राई (धरान)
केशव लामिछाने (पोखरा)
**तस्वीर**
भास्वर ओझा
तेजबहादुर बस्नेत
**कार्टुन**
अविन श्रेष्ठ
**ग्राफिक/ले-आउट**
सुनील खड्गी (**संयोजक**)
किशोरराज पन्त
रामकृष्ण राना
**लेखा**
गोपाल भट्टराई
राजकुमार श्रेष्ठ
**वितरण**
दीपक श्रेष्ठ
मिलन लम्साल
**बजार**
सुरज भडेल (**प्रबन्धक**)
राजेश महर्जन
अर्जुन बज्राचार्य
सफला शर्मा
**भृकुटी प्रकाशन (प्रा) लि.** द्वारा प्रकाशित तथा मिलेनियम प्रेस, हात्तीवन, ललितपुरमा मुद्रित

कार्यालय ठेगाना :
**भृकुटी प्रकाशन प्रा. लि.**
लाजिम्पाट, काठमाडौं, नेपाल
पो.ब.नं. ८८३०, फोन : ४४४३८८८
फ्याक्स : ४४२११४७ (सम्पादकीय)
४४११९१२ (बजार तथा वितरण)
ईमेल: samay@vianet.com.np
**प्रमुख वितरक**
काठमण्डप डिष्ट्रिब्यूसन प्रा. लि.
टेकु काठमाडौं
फोन नं. २०१०८२१, २२२०३२२

# रबर छाप आयोग ?

## सम्पादकीय

**सरकारले** यसै साता सुरक्षा प्रमुखहरूको चयन गरेको छ। तर, स्पष्टरुपमा त्यसमा दोहोरो मापदण्ड अपनाइएको मात्र हैन, खास गरी सशस्त्र र जनपद प्रहरी अब राजनीतिक अखडा बन्ने स्पष्ट संकेतहरू देखा परेका छन्। नेपाली सेनाको प्रमुखको चयनमा वरिष्ठता र परम्परा नतोड्ने नीति सरकारले अवलम्बन गरेको छ भने सशस्त्र र जनपदमा त्यसको ठिक विपरीत आचरण प्रस्तुत गरेको छ। यसका साथै यो निर्णयले उच्चस्तरीय छानबिन आयोगलाई एउटा निरीह रबर छाप आयोगका रुपमा स्थापित गरेको छ।

सशस्त्र र जनपद प्रहरीका प्रमुखहरू तथा त्यसपछिका दुईजना वरिष्ठ पदाधिकारीहरू निलम्बित भएको अवस्थामा कायम मुकायम मुकर्रर गरिएका वासुदेव ओली (सशस्त्र) र ओमविक्रम राणा (जनपद)लाई नेतृत्वमा स्थायीरूपमा स्थापित गरी सुरक्षानिकायहरूमा तदर्थवाद हावी हुन नहुने सिद्धान्त सरकारले स्वीकृत गरेको देखिन्छ। निश्चय पनि सुरक्षानिकायमा नेतृत्व पदको रिक्तताले संस्थामा उब्जाउने द्विविधा र दिशाविहीनता संस्थाको र मुलुककै हित प्रतिकूल हुन्छ र त्यो परिस्थिति उत्पन्न हुन नदिनु सरकारको दायित्व हो।

तर प्रहरी बढुवामा भएको व्यापक धाँधली र त्यसलाई प्रहरी नेतृत्वले रोक्न नसक्नुले राजनीतिक हस्तक्षेप र भ्रष्टाचारसमक्ष ऊ नतमस्तक भएको पुष्टि गर्छ। यो प्रसंगको असर यहीँ समाप्त हुनेछैन। अझ दुःखद मनपरी बढुवापछि गरिएको नेतृत्व नियुक्तलाई एउटा 'डिल'का रुपमा लिइनेछ। राणा र ओलीलाई संस्था प्रमुखको फूलीका साथ कांग्रेसी 'बिल्ला' पनि भिराएको छ सरकारले। अर्थात् प्रहरी र सशस्त्रमा अच्युत खरेल-ध्रुव प्रधान प्रकरण दोहोरिएको छ र वर्तमान अस्थिर राजनीतिक परिस्थितिले निरन्तरता पाउँदासम्म संस्थाहरू राजनीतिक अखडा बनी नै रहने सम्भावना बढेको छ। अझ निलम्बित अवस्थामा नै श्यामभक्त थापा र सहवीर थापालाई गृहमन्त्रीको सुरक्षा सल्लाहकार नियुक्त गरेर सरकारले उनीहरूको निलम्बनपछाडि अनावश्यक तथ्यभन्दा बढी आफ्नो बदनियत रहेको स्वीकार गरेको छ।


कृष्णजंग रायमाझी

नत्र निलम्बन समाप्तिपछाडिको उनीहरूको पदस्थापनमा सरकारले चिन्ता लिनु आफैंमा सरकारको दोहोरो मापदण्ड हो उनीहरूप्रति। ओली र राणालाई तर्साई हालैको बढुवामा गरिएको धाँधली अनुमोदन गर्न परे जस्तै सबै राजनीतिक हस्तक्षेप र अनियमित निर्देशन स्वीकार गर्नु पर्ने बाध्यात्मक परिस्थितिमा बाँध्ने षड्यन्त्र पनि हो यो। उनीहरूलाई सहवीर थापा र श्यामभक्तको पुनःस्थापनाको धम्की देखाएर मन्त्री तहबाट सधैं 'ब्ल्याकमेल' गर्न सकिनेछ।

श्यामभक्त, सहवीर, राजेन्द्रबहादुर सिंह र रविराज थापा निलम्बन प्रकरणमा कृष्णजंग रायमाझी आयोगको मौनताले यो अनियमिततामा आयोगको समेत मिलीभगत सावित भएको छ, प्रहरी बढुवा तथा निलम्बनको राजनीतिमा। यो घटना स्वयं आयोग र व्यक्तिगतरुपमा यसका प्रमुख कृष्णजंग रायमाझीको अतीत र अहिलेको न्यायिक छविका लागि अत्यन्त प्रत्युत्पादक बन्न सक्नेछ यदि आयोगले उच्चस्तरीय निलम्बन उसको सिफारिसमा भएको हो वा होइन भन्ने कुरा अहिले नै प्रस्ट पारेन भने। विभिन्न अवसरमा सार्वजनिक वयान दिँदै आएका आयोगका अध्यक्षको यस विषयमा मौनताको पछाडि कुनै 'डिल' छ भन्ने धारणा सर्वसाधारण र सुरक्षानिकायमा जानु हुँदैन।

आयोगलाई कुनै प्रहरी या कर्मचारीलाई निलम्बन गर्ने अधिकार उसको जन्मदाता सरकारले दिएको छैन। आयोगले अधिकार क्षेत्रको अवैधानिक अतिक्रमण गरेको मानिनेछ यदि सरकारले सार्वजनिक वयानमा सत्यता छ भने। अन्यथा निलम्बनलाई 'मौनं सम्मति लक्षणम्'बाट अनुमोदन गर्दै आएको आयोगले अब आफ्नो नियत साफ नगरे उसको अस्तित्वको औचित्य मात्र हैन, नैतिकरुपमा समेत ऊ धराशायी भएको मानिनु पर्छ। प्रहरी निलम्बन र नेतृत्व छनोट प्रक्रियाले सुरक्षानिकायलाई मात्र प्रभावित गरेको छैन। आयोगलाई सरकारको 'कठपुतली'को दर्जामा पनि स्थापित गरेको छ, यो निर्णयले। दोस्रोपल्ट म्याद थपिनु एउटा औपचारिकता पालना मात्र हो।■




## समय साता

**भदौ २२ गते**

- भारतले नेपाललाई १ सय ५० मेगावाटसम्मको बिजुली उत्पादनमा लगानी गर्न सघाउने।
- इजरायलद्वारा लेबनानमाथि लगाइएको हवाई तथा सामुद्रिक नाकाबन्दी फिर्ता।

**भदौ २३ गते**

- भावी वार्ता हतियार व्यवस्थापनबारे हुने प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको भनाइ, सहमति बन्ने प्रचण्डको विश्वस्त।
- गाविसमा नजाने सचिवलाई कारबाही गरिने स्थानीय विकासमन्त्री राजेन्द्रप्रसाद पाण्डेको चेतावनी।

**भदौ २४ गते**

- मुलुकका विभिन्न ठाउँमा गएको बाढीपहिरोबाट पाँचको मृत्यु, दर्जनौं बेपत्ता, सयौं घरवारविहीन।
- हेटौंडाको छतिवन गाविसमा परेको चट्याङबाट दुईको मृत्यु, १५ घाइते।

**भदौ २५ गते**

- सर्वोच्च अदालतद्वारा सुदूर तथा मध्यपश्चिममा चल्दै आएको कमलरी प्रथा रोक्न आदेश।
- पहिलोपटक प्रधानमन्त्रीद्वारा प्रधासेनापतिलाई दर्ज्यानी चिन्ह प्रदान, जनताको विश्वासलाई सेनाले घात नगर्ने रुक्मांगत कटवालको भनाइ।

**भदौ २६ गते**

- दातृराष्ट्रहरूले राजाको शासनका बेला रोक्का गरेको अनुदान सहयोग पुनः सुरु, लोकतन्त्रपछि १४ अर्बको अनुदान प्राप्त।
- आन्दोलनरतहरूको समस्या अध्ययन र समाधानका लागि उच्चस्तरीय टोली गठन।
- बाढीले ग्रसित चितवन तथा तनहुँमा खानेपानीको हाहाकार।

**भदौ २७ गते**

- राजाले लालमोहर लगाउन नपाइने विधेयक प्रतिनिधिसभामा पारित।
- माओवादीद्वारा सिरहा जिल्लाका सरकारी निकायहरूलाई पत्र, अन्तरिम सरकार गठन नभएसम्म कर नउठाउन उर्दी।

**भदौ २८ गते**

- नेपाली सेनाले हतियार भित्र्याएको हल्लाले राजधानीमा प्रर्दशन, हतियार नभएको युद्धविराम आचारसंहिता अनुगमन समितिको भनाइ।

**सम्मान** : इन्जिनियरिङ अध्ययन संस्थानले बनाएको नेपाली रोवर्टलाई क्वालाम्पुरमा टोयोटा सम्मान प्रदान।

**सफाइ** : शाही सरकारका पालामा शान्तिप्रचारका लागि पैसा लगेको आरोप लागेका तेह्रजना पत्रकारलाई सञ्चारमन्त्रालयको।

**निधन** : हास्यव्यंग्य निबन्धकार वासुदेव शर्मा लुइँटेलको ९० वर्षको उमेरमा।

**निधन** : वासु शाक्य, नेकपा माओवादीका नेता तथा पूर्वाञ्चलका प्रतिष्ठित वाम नेता, भदौ २५ गते मुटुको व्यथाबाट काठमाडौंमा।



**नियुक्त** : पर्यटन मन्त्रालय सचिव माधवप्रसाद घिमिरे, नेपाल वायुसेवा निगमको अध्यक्ष पदमा।

खोलियो : अन्तर्राष्ट्रिय माइग्रेसन संगठनको कार्यालय, काठमाडौंमा।




## बढ्दो पैसामोह

माओवादीको बढ्दै गएको पैसाको मोह (आवरण, *समय* वर्ष ३, अंक १२३)लाई बाहिर ल्याउने आँट गर्न सकेकोमा *समय* परिवारलाई बधाई ! पक्कै पनि माओवादीको पैसाप्रति बढ्दै गएको लतलाई सामान्य मान्न सकिँदैन । आफ्ना सेना पाल्नु पर्छ भनेर माओवादीले भने पनि पैसा उठाउँदा उठाउँदै टाप कसेका माओवादी कार्यकर्ताहरूको सूची धेरै लामो छ ।

संसारको तेस्रो धनी पार्टीका रुपमा माओवादीले आफूलाई अगाडि बढाइसकेको अवस्थामा अझै पनि पैसामोहमा माओवादी अगाडि बढिरहनु पक्कै पनि उनीहरूकै लागि पनि घातक हो ।

जनताकै घरमा बसेर खाएर यहाँसम्म पुगेका माओवादीले फेरि उनै जनताबाट बाँच्नका लागि जबरजस्ती चन्दा माग्नु कति न्यायोचित छ ?

■ **राजु मोक्तान**
सानोगौचरण, काठमाडौं

## त्यसै आक्षेप लगाउन भएन

समय (*वर्ष ३, अंक १२३*)मा प्रकाशित माओवादीको पैसाको स्वेच्छाचारितासम्बन्धी रिपोर्टमा माओवादीको खर्चको आम्दानीको स्रोत स्पष्ट छ, तर खर्चको बारेमा रिपोर्ट मौन रहेको जस्तो लाग्यो । हरेक पार्टीका कार्यकर्तासँग आम्दानी तथा खर्चको स्पष्ट खर्च राखिएको हुन्छ । आवश्यकता परे त्यो पनि सार्वजनिक गरिन्छ । त्यसैले पहिले गहिरिएर अध्ययन गरेर मात्र रिपोर्ट लेख्न अनुरोध गरिन्छ ।

■ **जागृत श्रेष्ठ**
सिन्धुपाल्चोक, लामोसाँघु

## समाचारमा आपत्ति

*समय* (*वर्ष ३, अंक १२३*)मा लोकसेवा आयोग शीर्षकअन्तर्गतको समाचारमा हाम्रो ध्यानाकर्षण भएको छ । हामीले गत वर्षको नतिजाप्रति असहमति जनाउँदै आयोगका अध्यक्षसमक्ष ज्ञापनपत्रसहितको उजुरीको जानकारी पीडित परीक्षार्थीको तर्फबाट दिएका थियौं । हाम्रो संस्थागत विरोधमार्फत निम्न आशंका गरी छानबिनको लागि माग गरेका थियौं । तर, समय साप्ताहिकमा छापिएको समाचारले हामीलाई प्रतिगमनकारीको दर्जा भिराएको छ, यसमा हाम्रो आपत्ति रहेको छ ।

- उल्लिखित प्रश्नमा छानबिन हुन सम्मानित आयोगबाट गठन भएको छानबिन समितिप्रति हामीले तत्काल सहमति जनाएका थियौं ।
- सम्मानित आयोगप्रति कुनै अविश्वास नगरी कार्य प्रक्रियाको सम्बन्धमा प्रश्न उठाएर सोही निकायमार्फत उपचारको माग राख्नु प्रजातन्त्र हो कि प्रतिगमन ?
- हामीले हालसम्म प्रदर्शन गरेको शिष्टता र शालीनतालाई सोहीअनुसार बुझेर व्यवहार गरिदिन सम्बन्धित पक्षलाई जोडदार अपिल गर्दै लोकसेवा आयोग आस्थाको रूपमा रहन सकोस् भन्ने कामना गर्दछौं ।
- आयोगको परीक्षाको निष्पक्षताको लागि सम्मानित आयोगको ध्यानाकर्षण गराउन गरिएको आन्दोलनमा भिजिलान्ते प्रवेश भएर आन्दोलनलाई कमजोर बनाउन सुरुदेखि नै सक्रिय थिए । गोरखापत्रमा व्यक्ति किटानीको समाचार र समय साप्ताहिकमा छापिएको टेलिफोनमा धम्कीको विषयलाई यसै परिप्रेक्ष्यमा जोडेर हेरिनु पर्छ ।
- हाले भएको जनआन्दोलनमा अग्रिम मोर्चामा रहेर सक्रिय थियौं । जनआन्दोलनमा सक्रिय समूह कसरी प्रतिगमनका मतियार हुन सक्छन् ।

■ **संघर्ष समितिका तर्फबाट**
**विष्णुराज गौतम, संयोजक**

## कताबाट परिचालित

*समय* (*वर्ष ३, अंक १२२*)मा छापिएको आवरण समाचार 'प्रहरीमा धाँधली' पढ्न पाउँदा दुःख पनि । दसौं वर्ष जागिर वरिष्ठ पदमा जागिर खाएर अन्त्यमा राजनीतिक परिवर्तन र प्रतिशोधका कारण आफूभन्दा कनिष्ठलाई सलाम ठोक्दा पक्कै पनि प्रहरीसेवामा लागेका वरिष्ठहरूको मन दुख्दो हो । त्यसमा गृहमन्त्री सिटौलाले नै यसमा आफ्नो हात छैन भनिरहेका बेला कतै प्रहरीको संस्था पनि अन्यत्र कतैबाट परिचालित छैन ? भन्ने प्रश्न उठ्नु स्वभाविक हो ।

■ **कमल मोक्तान**
साँगा, काभ्रेपलाञ्चोक
हाल : पुतलीसडक, काठमाडौं

## भविष्य हेर्नेहरूको लुट

समय (*वर्ष ३, अंक १२२*) मा छापिएको समाचार भारतीय ज्योतिषीहरूको धन्दा ढिलै भए पनि पढ्ने मौका पाइयो । यो रिपोर्ट त राजधानीभित्रको भयो, राजधानीबाहिरका कयौं ठाउँमा भारतबाट नेपालीको भविष्य हेर्न आएका ठगहरूको धन्दा व्यापक रुपमा फैलँदो छ । के नेपाली कानुनमा यस्ता ठगहरूको कुनै उपचार छैन ? राजधानीभन्दा बाहिरका ठगहरूले आफ्नो ठगी धन्दा मात्र होइन, भविष्य हेर्ने नाममा छोरीचेलीको चरित्रमाथि पनि बेलाबेलामा धावा बोल्ने गर्छन् । यस्ता ठगहरूलाई तह लगाउन कानुनी कारबाही गर्नु जरुरी छ । सरकारले नै यतातिर केही ध्यान दिए कसो होला ?

■ **परशु चौधरी**
कलैया, बारा

## बन्दै हुनु पर्छ विज्ञापन

भारतबाट भित्रिएका ज्योतिषीहरूले हजारौं रुपैयाँ खर्चेर पत्रपत्रिकामा समेत विज्ञापन गरेका हुन्छन् । पत्रपत्रिकाहरूलाई पनि राम्ररी थाहा छ, यो ठगी धन्दा हो भन्ने । विज्ञापनकै आधारमा कयौं ग्राहक ठगीको धन्दा गर्ने ज्योतिषीकहाँ पुग्ने गर्छन् । पत्रपत्रिकाले विज्ञापन छाप्दा सर्वसाधारणप्रतिको उत्तरदायित्व बहन गरिदिनु पर्‍यो । समाचार पनि लेख्ने, विज्ञापन पनि छाप्ने यस्तो दोहोरो चरित्र राख्नु भएन सञ्चारजगत्ले । यस्ता ठगहरूलाई निष्क्रिय पार्न के सञ्चारजगत्को कुनै भूमिका हुँदैन र ?

■ **सञ्जय पन्त**
नयाँ बानेश्वर, काठमाडौं



**समयको ग्राहक बन्नुपरेमा वा पत्रिका नआएमा सम्पर्क गर्नुहोस् । फोनः ४४४३८८८/२११२०९४**

**रमण आश्रम पुग्न यति उत्कण्ठा मभित्र थियो कि मलाई लाग्थ्यो रिक्साले गति नै लिइरहेको छैन र उत्रिएर रिक्सालाई घचेट्न मन लाग्थ्यो । जब टाढाबाटै रमण आश्रमको मूलद्वार देखियो, मेरो हृदय आनन्दले पुलकित भयो ।**

# रमण आश्रम र अलौकिक अनुभूति




■ स्वामी आनन्द अरुण

**सन् १९८९ नोभेम्बरमा** साधकहरूको सानो समूह दक्षिण भारतको लामो तीर्थ यात्रामा निस्कियौं । महर्षि रमण आश्रम हेर्ने, मेरो वर्षौंदेखिको इच्छा थियो । मैले मद्रासबाट सिधै त्रिवन्नमलाई रमण आश्रम जाने निधो गरेको थिएँ, तर तिरुपति बालाजी पनि नजिक भएकाले पहिले तिरुपति बालाजी किन नजाने भनी कुरा उठ्यो । पारम्परिक मन्दिरभन्दा दक्षिण भारतका प्रसिद्ध आश्रमहरू रमण आश्रम, अरविन्दको औरोभिल्ल र पान्डिचेरी, कन्याकुमारीको विवेकानन्दपुरम्मा लामो समय बिताउने र नेपालमा निकट भविष्यमा बन्ने ओशो तपोवनको लागि प्रेरणा र अनुभव बटुल्ने मेरो इच्छा थियो । तर, मद्राससम्म आइपुगेको हुनाले पहिलो हाम्रो गन्तव्य तिरुपति नै हुन गयो ।

तिरुपति रेल्वे स्टेसनको नजिकै आउनासाथ ऊर्जा सञ्चार भएको अनुभव भयो । रेल्वे स्टेसनमा पुग्नासाथै निधारको आज्ञाचक्रमा तीव्र संवेदना हुन थाल्यो । यस्तो अनुभूति त बुद्धपुरुषको नजिक पुग्दा या घनीभूत ऊर्जाक्षेत्रमा मात्र हुन्छ । यो रेल्वे स्टेसनको भीडभाडमा कस्तो आध्यात्मिक अनुभूति ? तिरुपति मन्दिरको ऊर्जाक्षेत्र रेल्वे स्टेसनसम्म फैलिएको रहेछ । हामी जतिजति तिरुपतिको पहाड तिरुमाल चढ्दै गयौं, त्यति त्यति आनन्दको अतिरेक बढ्न थाल्यो । तिरुपति बालाजी संसारकै सबैभन्दा ठूलो मन्दिर र तीर्थस्थल रहेछ । त्यहाँ आउने दर्शनार्थीको संख्या हिसाब गर्दा यसले मक्का, जेरुसेलम र रोमलाई पनि जित्छ । त्यस मन्दिरमा दर्शनका लागि प्रत्येक दिन लगभग १ लाख व्यक्ति आउँछन् र त्यहाँ कार्यरत कर्मचारीको संख्या मात्रै १८ हजारभन्दा बढी छ । प्रत्येक दिन ठूलो धनराशि खर्च भए पनि वार्षिक बचत एक अर्बभन्दा बढी हुन आउँछ, जुन रकम विभिन्न लोक कल्याणकारी आयोजनामा खर्च गरिन्छ । मन्दिरभित्र पुगेपछि बोध भयो किन यतिका संख्यामा यहाँ श्रद्धालु आउँछन् । मैले आध्यात्मिक ऊर्जाले यति जीवन्त मन्दिर देखेकै थिइनँ । तिरुपतिको बसाइँ अत्यन्त आनन्द र फलदायी भयो । यहाँ नआएको भए हामी ठूलो अनुभवबाट वञ्चित हुने थियौं ।

हाम्रो दोस्रो गन्तव्य थियो - त्रिवन्नम्लाईको रमण आश्रम । रमण आश्रम पुग्ने मेरो वर्षौंको धोको थियो र जति जति बस त्रिवन्नम्लाई नजिक पुग्न थाल्यो, आनन्द पनि त्यतिकै बढ्न थाल्यो । बस स्टेसनबाट हामी आश्रमतिर रिक्सामा बढ्न थाल्यौं । रमण आश्रम पुग्न यति उत्कण्ठा मभित्र थियो कि मलाई लाग्थ्यो रिक्साले गति नै लिइरहेको छैन र उत्रिएर रिक्सालाई घचेट्न मन लाग्थ्यो । जब टाढाबाटै रमण आश्रमको मूलद्वार देखियो, मेरो हृदय आनन्दले पुलकित भयो । यति भावाविष्ट भएछु एकछिन शरीरको शुद्धि रहेन । जाडो महिनामा आश्रमभित्र कोठा पाउन असम्भव जस्तै रहेछ । अधिकांश भक्तहरू आश्रमबाहिर भाडाका अतिथि गृहमा बस्दा रहेछन् । मेरो इच्छा आश्रमभित्रै बस्ने थियो । त्यसकारण आश्रमका सर्वाधिकारी र श्रीरमण



रमण महर्षि

महर्षिका भतिजा श्री. वेंकटरमणसँग धेरै करबद्ध प्रार्थना गरें । हामी नेपालबाट आएका र ओशोको माला लगाए पनि रमण महर्षिप्रति अति समर्पित देखेर उनको हृदयमा करुणा जागेछ र उनले बडो मुस्किलले मानिसहरूलाई यताउता सारेर भए पनि आश्रमभित्रै दुइटा राम्रै कोठा व्यवस्था गरिदिए । आश्रममा पुग्नुअघि आफू आउने मितिमा आफ्नो स्थान आरक्षित गराउने चलन त्यहाँ पुगेपछि मात्रै थाहा भयो । रमण आश्रमको चलन के छ भने यदि पहिल्यै आरक्षण गरेमा मान्छे हेरी वास्तविक र सच्चासाधकलाई मात्र तीन दिनको भोजन र बसाइँ निःशुल्क प्रदान गरिन्छ । त्यसबापत साधकले आफ्नै इच्छानुसारको अनुदान आश्रमलाई दिन सक्छ । आश्रममै कोठा पाएकोमा हामी हर्षित भयौं र मैले एक हजार रुपैयाँ तुरुन्तै अनुदान दिन चाहे । उनले जाने बेलामा मात्र दिने चलन छ भन्ने जवाफ दिए । तर, हामीले लिनैपर्छ पछिको पछि नै हेरौंला भनी जिद्दी गरेपछि मात्र स्विकारे ।

रमण आश्रमको मुख्य आकर्षण रमण महर्षि वर्षौं बसेको कोठा हो । त्यो स्थानमा आज पनि रमण महर्षिको उपस्थिति अनुभव गर्न सकिन्छ । मित्रहरूले हतारिँदै पहिले रमण महर्षिको कोठा दर्शन गर्न गइहालौं भनी जिद्दी गर्नथाले । तर, स्नान गरी चोखो लुगा लगाएर मात्र जान मैले आग्रह गरें ।

रमण आश्रम अरुणाचल पर्वतको फेदीमा अवस्थित छ । त्रिवन्नम्लाईमा शिवजीको प्रसिद्ध अरुणाचल मन्दिर छ । यो हिन्दु तीर्थ यात्रीहरूका लागि ठूलो गन्तव्य स्थल हो । तर, त्रिवन्नम्लाई रमण आश्रमकै कारणले विश्वप्रसिद्ध हुँदै गइरहेको छ । विश्वका सबै राष्ट्रबाट यहाँ मानिसहरू पुग्छन् र आश्रमको वरिपरिको क्षेत्र हिउँदभर विदेशी साधक, पर्यटकले भरिएको हुन्छ । धेरै विदेशी त श्रीरमणको आकर्षणका कारण त्यहाँ भिसा पाएसम्म वर्षौं बस्छन् । पूरै वातावरणमा एक आध्यात्मिक ऊर्जा छ । अलौकिक, दिव्यपन, शान्ति र माधुर्य छ । एक शुद्ध, सच्चा र परमात्मामा आश्रित व्यक्तिले पूरै क्षेत्रलाई आफ्नो उपस्थितिले तीर्थ बनाइदिँदो रहेछ । पूरै पन्डीचेरी, पुना, कन्याकुमारी, पुट्टपर्ती दक्षिण भारतका यस्तै आधुनिक तीर्थहरू हुन् । यी तीर्थस्थलहरूले भारतका कुल पर्यटनको एक तिहाइ व्यक्तिहरूलाई आकर्षण गर्छन् । साथै भारतीय धर्म र संस्कृतिलाई विश्वव्यापी बनाउँछन् । यी धर्म र तीर्थहरूप्रति अन्य धर्मावलम्बीहरूको पनि विश्वव्यापी आकर्षण छ र आज संसारको जुन देशमा गए पनि कुनै न कुनै यिनका शाखा, प्रशाखा र हजारौंको संख्यामा भक्तहरू भेटिन्छन् । यो पूर्वीय संस्कृतिको विश्वमा भविष्यमा पर्ने व्यापक प्रभावका पूर्व संकेतहरू हुन् ।

*(क्रमशः)*

osho@tapoban.com

# पदाधिकारीविहीन कोष

**चार महिनादेखि** पदाधिकारीविहीन अवस्थामा रहेको पशुपति विकास क्षेत्र कोषले कुनै काम गर्न सकिरहेको छैन । पशुपति क्षेत्रका पुराना संरचना जीर्ण हुँदै गइरहेको अवस्थामा विकास कोष मौन देखिएको छ । एक महिनाअघि गुह्येश्वरी मन्दिरको माथि बारिएको पर्खाल भत्किँदासमेत कोष कानमा तेल हालेर बस्न बाध्य छ । हिन्दु महिलाहरूको ठूलो चाड तीजभन्दा धेरै पहिले नै पर्खाल जीर्ण अवस्थामा थियो । तर, त्यसतर्फ काम हुन नसक्दा तीजको एक दिनअघि भत्किन पुगेको थियो ।

'कोषले चासो नदेखाएका कारण पर्खाल भत्किएको हो', गुह्येश्वरी मन्दिरकी पुजारी इन्दु कर्मचार्य गुनासो गर्छिन् । पर्खाल निर्माणका लागि करिब ६० हजार रुपैयाँ लाग्ने बताइए पनि हालसम्म काम हुन सकेको छैन । कोषले काम गर्न नसक्दा अहिले गुह्येश्वरी क्षेत्रको माथिल्लो पर्खाल मात्र होइन, विराटेश्वर महादेवमा रहेको टिनका केही छाना चुहिने अवस्थामा पुगेका छन् । यस्तै, विगत केही महिनादेखि कोषमा जारी कुचीकारको अनवरत आन्दोलनका कारण पशुपति क्षेत्र नै फोहोर बन्दै गइरहेको छ । अवकाशप्राप्त सफाइ कर्मचारीहरूले पुनर्नियुक्तिको माग राख्दै सोमवार कोषको कार्यालयमा तालाबन्दी समेत गरेका थिए ।

'सञ्चालक समितिले पूर्णता नपाएको कारण हामीलाई काम गर्न अप्ठेरो परिरहेको छ', कोषका निमित्त कार्यकारी प्रमुख श्यामशेखर झा समस्याको चुरो बताउँदै भन्छन् । अप्ठेराहरूकै बीच पनि गुह्येश्वरी पर्खाल पुनर्निर्माणका लागि तीनसदस्यीय टोलीले गत आइतवार निरीक्षण गरेको थियो । 'कोषमा बजेट नभएका कारण तत्काल काम थाल्न मुस्किल परिरहेको छ । तैपनि, हामीले यो सम्बन्धमा मन्त्रालयलाई अवगत गराइसकेका छौं', झा भन्छन् ।

लोकतन्त्रवहालीसँगै गत वैशाख महिनाको मध्यमा सरकारले विकास कोषको पुरानो कार्यसमिति भंग गर्ने निर्णय गरेको थियो । 'हामीले पर्खाल मात्र होइन गुहेश्वरीमा भोज गर्ने ठाउँ र प्रहरी बस्ने ढोका मर्मतको स्टिमेट निकालिसकेका छौं । तर, निर्माण व्यवस्था समिति सक्रिय नभएको हुनाले काम गर्न पाएका छैनौं', कोषका वरिष्ठ इन्जिनियर रविरत्न तुलाधर थप्छन् । तुलाधरका अनुसार स्टिमेट स्वीकृत गर्न निर्माण व्यवस्था समिति आवश्यक पर्छ । विगतमा यो समितिमा कोषका पुराना पदाधिकारीहरू समावेश रहँदै आएका थिए भने अहिले उनीहरू कोषबाट बाहिरिसकेको सन्दर्भमा समिति पूरै निष्क्रिय छ । 'पर्खाल निर्माण मात्र होइन, पशुपति क्षेत्रमा विद्यमान तमाम समस्याको निकासका लागि सरकारले तत्काल कार्यसमिति गठन गर्नु पर्‍यो', झा भन्छन् । यद्यपि, यति हुँदा हुँदै पनि दसैंअगाडि गुह्येश्वरीमा भत्किएको पर्खाल निर्माण भइसक्नेमा आफू आशावादी रहेको झा बताउँछन् ।

■ नवीन अर्याल/काठमाडौं

## नयाँ बजारको रजत वर्ष

**कीर्तिपुरवासीको** सेवामा समर्पित नयाँ बजार युवा क्लब, अमलसी कीर्तिपुरले भदौ ४ गते स्थापनाको रजत वर्ष पूरा गर्‍यो । विभिन्न सामाजिक कार्यमा अनवरत संलग्न रहँदै आइरहेको यो क्लब कीर्तिपुरवासीको समसामायिक समस्या समाधान गर्ने उद्देश्यले २०३७ साल भदौ ४ गते स्थापना भएको थियो । विगतमा क्लबले सामुदायिक एम्बुलेन्स सेवा, रक्तदान, आँखा दान, दन्त शिविर, सरसफाइजस्ता पर्यावरणीय कार्यमा स्थानीय व्यक्तिहरूलाई प्रोत्साहित मात्र गर्दै आएको थिएन, क्लबले 'युवा शक्तिलाई परिचालन गरौं' भन्ने मूलनाराका साथ विभिन्न खेल प्रतियोगिता आयोजना गर्दै आइरहेको थियो ।

'कति छिटो २५ वर्ष पूरा भएछ, थाहै भएन', क्लब रजत जयन्तीमा प्रवेश गरेकोमा खुसी देखिएका अध्यक्ष अशोकमुनि बज्राचार्यले भने । गैरराजनीतिक संस्थाको छवि बनाएको नयाँ बजार क्लबको विगतको कामको मूल्यांकन गर्दै गत वर्ष जिटिजेडले एम्बुलेन्स गाडी प्रदान गरेको थियो । यो क्लबमा हाल १ सय १८ जना सदस्य छन् भने क्लबको एम्बुलेन्सले फर्पिङसम्मका स्थानीय बासिन्दालाई उद्धार गर्दै आइरहेको छ ।


रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ४ मेगाहर्ज




रेडियो खबर पत्रिका
पत्रपत्रिकाको संगालो, विशेषज्ञहरूको प्रतिक्रिया र विश्लेषण, फिचर र रिपोर्ट, शेयर बजारको साप्ताहिक विश्लेषण, दैनिक हुने औपचारिक कार्यक्रमको जानकारी साथै चाडपर्व, जात्रा, दिवस, जन्मदिन र महत्त्वपूर्ण घटनाहरूको संगालो । हरेक विहान (६:००-७:१५)

हालचाल
ताजा खबर थाहा पाउन- हालचाल, विहान, ८:४५, ११:४५, अपरान्ह, २:४५, ४:४५, साँझ ६:४५ र राती ९:४५ बजे


बिबिसी नेपाली सेवा
हरेक दिन राती (८:४५-९:१५)

हरेक विहान ५:०० देखि राती ११:०० बजेसम्म सूचना, शिक्षा र स्वस्थ मनोरञ्जनका लागि भरपर्दो साथी रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ४ मेगाहर्ज

नेपाली रेडियो
नेपाली आवाज

ठेगाना :
रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ४ मेगाहर्ज
बखुण्डोल, ललितपुर
फोन: ५५२८०९१, ५५४२२४५, ५५४५६८०
पोष्ठ बक्स, ६९५८, काठमाडौं
ईमेल : info@radiosagarmatha.org

# छाउपडी व्यथा



महिनावारी भएका बेला फोहोर र चिसो गोठमा बस्न बाध्य एक जुम्ली महिला

**हनहनी ज्वरोले** थला परेर ओछ्यानमा लडिरहेका बेला अघिल्लो साता उनको महिनावारी भयो। औषधी र सहयोगको थप आवश्यक रहेको अवस्थामा बड्की निवासी उनपुरा शाहीको सुत्ने ठाउँ गाईवस्तु बाँध्ने गोठमा सारियो। त्यही चिसो ठाउँमा उनले खाना पकाएर खानु पर्ने अवस्थाले ज्वरो निकै बढ्यो र ज्वरोको उपचारको लागि पछि एक दिन टाढा जिल्ला अस्पताल समेत पुग्नु पऱ्यो।

सोही गाउकै २५ वर्षीया दिलसरा दमाईलाई महिनावारी भयो कि केही महिनाअघि गोठमा सुत्दा सर्पले टोकेर झन्डै मृत्युको मुखमा परेको घटनाले सताइरहन्छ। 'महिनावारी हुनासाथ गोठमा सर्पले आक्रमण गरेको घटना सम्झन पुग्छु', दिलसरा भन्छिन्, 'महिलालाई किन महिनावारी हुन्छ होला ?' चार महिनाअघि महिनावारी भएका बेला फोहोर र चिसो गोठमा बस्दा सर्पले टोकेको थियो। उनी सर्प त्यति बिषालु नभएका कारण ज्यान बचेको बताउँछिन्। महिनावारी भएका बेला चिसो र फोहोर गोठमा बस्दा सर्प, किरा, लामखुट्टेले टोक्नु सामान्य मानिन्छ।

सामाजिक प्रचलनअनुसार महिनावारीपछि जुम्ली महिलाले कम्तीमा तीन दिन एक्लै गोठमा बिताउनु पर्ने हुन्छ भने उक्त अवधिभर कसैलाई पनि खासगरी लोग्नेमान्छेहरूलाई छुन पाइँदैन। 'कति दिनसम्म गोठमा बस्ने भन्ने कुरा गाउँमा व्यक्तिको हैसियत र जातिमा पनि भर पर्छ', माओवादी बड्की गाउँ जनसमिति प्रमुख रत्नबहादुर विक भन्छन्, 'माथिल्लो भनिने जाति र राम्रो हैसियत राम्रो हुने घरका महिलाहरू धेरै दिन गोठमा बस्नु पर्छ।' माओवादीले महिनावारी भएका महिलालाई घरमै राख्नु पर्छ भन्दै आए पनि सर्वसाधारणले नमान्ने गरेको विकको गुनासो छ। महिनावारी भएको सात दिनसम्म गोठमा बस्नु पर्ने प्रचलन यतिखेर तीन दिनमा झरेको छ।

महिनावारी भएका महिलाले पकाएको खानेकुरा अरूले खानु हुँदैन भन्ने मान्यताले घरमा बस्न नपाउने महिलाहरूले खानाको व्यवस्था पनि आफैंले गर्नुपर्ने परम्परा छ। महिनावारीपछि परिवारका सदस्यहरू बस्दै आएको घरमा बस्न नपाउने र परिवारका सदस्यहरूसँगै बसेर खान नपाइने परम्परा रहे पनि महिनावारी भएको बेला जंगलमा गएर घाँस, दाउरा वा अन्य त्यस्तै काम गर्नुपर्ने मान्यताका कारण महिलाहरू सकी-नसकी जटिल काम गर्न बाध्य हुन्छन्। 'यो परम्पराले महिलालाई पीडा दिएको जान्दाजान्दै पनि जबरजस्त मान्न बाध्य छौं', स्थानीय निर्मला बुडथापा भछिन्, 'दूध दिने भैंसीलाई छोएको खण्डमा या दूध खाएको खण्डमा भैसीले पनि दूध दिन छोड्छ भन्ने गर्छन्।'

श्रीमान् र श्रीमती मात्र रहेको घरमा महिला महिनावारी भएको खण्डमा लोग्ने या महिनावारी नभएको छिमेकी महिलाले पकाएको खानुपर्छ होइन भने आफैं पकाउनु पर्छ। बड्कीका अमर शाहीका अनुसार पछिल्ला दिनमा केही युवाले छुई प्रथालाई मान्यता नदिने प्रयास गरेका पनि थिए, तर महिनावारी भएका महिलालाई छोएपछि अगुवा युवाहरू नै विरामी भएपछि सबैले यो प्रथा मान्न बाध्य छन्।

यता सदरमुकाममा बस्ने युवाहरू छुई प्रथा हटाउन जति प्रयास गरे पनि महिलाहरूकै कारणले हट्न नसेको बताउँछन्। कानुन व्यवसायी देवीबहादुर सेजुवालका अनुसार पढेलेखेका र बुझेका महिलाहरू नै महिनावारी हुँदा अरूसँग नछुने गर्छन् र सुटुक्कै एक्लै बस्न खोज्छन्। महिनावारी भएका महिलालाई राख्नको लागि केही परिवारले छुट्टै घर बनाइदिए पनि अधिकांश महिलाले गाईवस्तु राख्ने गोठमा नै बस्नु पर्छ।

■ रुद्र खड्का/सिजा, जुम्ला (तस्विर पनि)






# सित्तैमा बत्ती

**सुर्खेतको पूर्वी** क्षेत्रमा पर्ने नौवटा गाविसका जनताले दुई वर्षदेखि सित्तैमा बिजुली बत्ती बाल्दै आइरहेका छन् ।

पूर्वी क्षेत्रका साटाखानी, कल्यान, दशरथपुर, गुमी, मेहेलकुना, मैनतडालगायतका गाविसका जनताले विद्युत् प्रयोग गरेबापतको विलम्ब शुल्क त परै जाओस्, न्यूनतम महसुल पनि बुझाएका छैनन् । तैपनि, विद्युत् प्राधिकरण शाखा सुर्खेतले त्यस क्षेत्रमा कसैको विद्युत् लाइन काटेको छैन । जब कि रिडरले ३ पटकसम्म मिटर रिडिङ गर्न नपाए वा मिटर रिडिङ भएको ६० दिनभित्र महसुल नबुझाए पूर्व सूचनाविना नै लाइन काट्न सकिने प्रावधान रहेको छ ।

यसबाट विद्युत् प्राधिकरण शाखा सुर्खेतले विगत दुई आर्थिक वर्षदेखि हालसम्म झन्डै ३६ लाख रुपैयाँबराबरको राजस्व संकलन गर्न सकेको छैन ।

विगतमा माओवादीका कारण प्राधिकरणका कर्मचारी गाउँ गई मिटर रिडिङ गर्न सक्ने अवस्था नभएपछि विद्युत् महसुलबापत दुई वर्षदेखिको उठ्नु पर्ने उक्त रकम हालसम्म पनि उठ्न नसकेको हो ।

'झन्डै दुई वर्षअघि मिटर रिडिङ गर्न त्यस क्षेत्र गएका प्राधिकरणका कर्मचारीलाई माओवादीले धम्की दिँदै मिटर रिडिङ गर्नै दिएनन्', विद्युत् प्राधिकरण सुर्खेतका निमित्त प्रमुख निर्मल कार्कीले भने, 'त्यति बेलादेखि नै मिटर रिडिङका लागि कर्मचारी त्यतातिर गएका छैनन् ।'

अहिले शान्तिवार्ता चलिरहे पनि माओवादीले आफूहरू अन्तरिम सरकारमा सहभागी नहुन्जेल गाउँमा कुनै पनि सरकारी कर्मचारी नपठाउन उर्दी जारी गरेका कारण अहिले पनि मिटर रिडिङका लागि कर्मचारीहरू गाउँ जान नसकेको उनले बताए ।

ग्राहकलाई पनि विद्युत्को महसुल तिरे कारबाही गर्ने धम्की दिएका कारण पनि गाउँका मान्छे महसुल बुझाउन आउन नसकेको अनुमान निमित्त प्रमुख कार्कीको छ । मिटर रिडिङका लागि गाउँ जान कर्मचारीहरूलाई रोक लगाइए पनि बेला बेलामा बिग्रिराख्ने विद्युत् लाइन मर्मतका लागि त्यस क्षेत्रमा जाने कर्मचारीलाई भने माओवादीले कुनै अवरोध गर्दैनन् ।

'बिग्रिएका बेला बनाउन कर्मचारीलाई आउन दिन्छन्, तर जाँच गर्न भने पाएका छैनन्', गुमीका एक स्थानीय बासिन्दाले भने, 'अहिलेसम्म पैसा नतिरेर बसेका गाउँलेलाई पछि दुई वर्षको एकमुष्ठ महसुल बुझाउन भनेपछि हामीले कसरी बुझाउने ?'

तर गुमी-२ शिवनगर घई भई हाल वीरेन्द्रनगर बसोवास गर्दै आएका योगेश थापा भने आफूहरूले वीरेन्द्रनगरमै बसेर पनि गाउँको विद्युत्को न्यूनतम शुल्क बुझाउने गरेको बताउँछन् । 'घरै छाडेर आए पनि हामीले विद्युत्को महसुल नियमित बुझाइरहेका छौं', उनले भने ।

मिटर रिडिङका लागि कर्मचारीलाई गाउँ पठाउने वातावरण बनाउनका लागि माओवादीसँग पटक-पटक छलफल गरे पनि माओवादीको अडानका कारण सफल हुन नसकेको निमित्त प्रमुख कार्कीले बताए ।

माओवादीले गाविस सचिवलगायत कुनै पनि सरकारी कर्मचारीलाई गाउँ प्रवेश गर्न निषेध गरेका छन् भने आफूहरूले सदरमुकाममा बसेर विभिन्न सरकारी कार्यालयसँगको दाँजोमा ५० प्रतिशत करको माग गर्दै आएका छन् ।

■ गणेशकुमार कार्की/सुर्खेत (तस्विर पनि)






# छोनामको उत्साह


छोनाम मनाउनका लागि जाग्राम बसेका एक चेपाङ

रमेशकुमार पौडेल

**मुलुकभरिका** चेपाङहरूले भदौ २२ गते आफ्नो सबैभन्दा ठूलो चाड छोनाम भव्यताका साथ मनाएका छन्। पूर्वी चितवन रत्ननगर छेउको टिकौली जंगल आयोजित एक समारोहमा छोनाम मनाउनका लागि जाग्राम बसेर गाउँलेहरूले पूरा रात बिताए।

'छोनाम चेपाङहरूको सबैभन्दा ठूलो चाड हो', नेपाल चेपाङ संघका पूर्व अध्यक्ष चितवन कोराक गाउँका ५४ वर्षीय पहलमान सिंह चेपाङ बताउँछन्। शक्तिखोर घर भएका नेपाल चेपाङ संघका महासचिव सन्तबहादुर चेपाङ भन्दछन्, 'दसैंतिहार त हामीले देखासिखीमा मनाउन थालेका हौं, आफ्नै समुदायको पर्व यही छोनाम हो।'

खेतमा फलेको अन्न भूत, प्रेत र पितृलाई नचढाई आफूले खान हुँदैन भन्ने मान्यता चेपाङहरूमा छ। नयाँ अन्न, तरकारी र फलफूल भूत, प्रेत र पितृलाई भोग लगाउने चलनलाई उनीहरू न्वागी भन्दछन्, जसलाई चेपाङ भाषामा छोनाम भनिन्छ।

चितवन, मकवानपुर, गोरखा र धादिङमा बढी बसोवास भएका चेपाङको जनसंख्या २०५८ सालको जनगणनाअनुसार ५२ हजार २ सय ३७ छ। पहाडी भीर पखेरा र जंगलनजिक बस्ने हुनाले खान लाउन यिनीहरूलाई धौ धौ छ। चेपाङ संघको तथ्यांक अनुसार नेपालभरि चेपाङका ७ हजार २ सय ५१ घरपरिवार छन्। यीमध्ये ६० प्रतिशत परिवारलाई आफ्नो पाखो र खोरियाबाट उब्जेको अन्नले ६ महिना पनि खान पुग्दैन। पाखोबारीमा फलेको मकै, घैयाधान जस्ता अन्न र घिरौला, चिचिन्डा जस्ता तरकारी भदौ लागेपछि घरमा भित्र्याइन्छ। त्यसैले छोनाम भदौमा परेको हो।

लामो अनिकाल पार गरेका चेपाङहरूलाई नयाँ अन्न चाख्न पाउनु खुसीको कुरा हो, जसले गर्दा छोनाम ठूलो उत्सव भएको हो। छोनामपछि प्रत्येक चेपाङको घरमा कम्तीमा तीन महिना अन्न हुन्छ। धेरै चेपाङहरूले तीन चार महिनापछि कि त निमेक गरेर बेसाहा खान्छन् या वनजंगलमा फल्ने गिठा, भ्याकुर जस्ता कन्दमुलले छाक टार्छन्। जुन कन्दमूल अचेल पाउन पनि दुःख छ र खाँदा पनि त्यति स्वादिलो हुँदैन। शिक्षामा समेत पछाडि परेकाले जागिर खानेहरू फाट्टफुट्ट छन्। आफ्नो ठाउँभन्दा बाहिर या विदेश गएर कमाउने चलन पनि छैन।

'त्यसैले छोनाम हाम्रो जीवनसँग जोडिएको पर्व हो', चितवन कविलास गाविसको भार्लाङका यमन चेपाङ बताउँछन्। अन्न फलेपछि आफैं मात्र खाने होइन उब्जाउन साथ दिने वायु, जसलाई भूत प्रेत भन्दै आइएको छ। यमन भन्छन्, 'जीवन दिने पितृलाई पनि सम्झनु पर्छ भन्ने मान्यता छोनामले बोकेको छ।'

वायु र पितृलाई भोग लगाउने काम चेपाङ भाषामा पान्दे भनिने झाँक्रीले गर्छ। नयाँ अन्न भोग लगाउन टिकौलीमा रात भर खटेका पान्दे नरबहादुर भन्छन्, 'थानअगाडि बसेर हामीले जमिनको पूजा सुरु गर्छौं, मन्त्रहरू उच्चारण गर्दै कल्पनामा फूल उमार्छौं अनि त्यसलाई माथि पुऱ्याउँछौं।' त्यसपछि कल्पनाको त्यही फूल भाग लगाउँदै लगाउँदै तल आउन थालिन्छ। भाग लगाउँदै तल आए र जमिनमा गाड्यौं भने पछि भोग लगाउने काम सकिने नरबहादुर बताउँछन्।

विसं २०६१ साल असोजमा नेपाल चेपाङ संघको हेटौंडामा सम्पन्न पाँचौं राष्ट्रिय भेलाले मुख्य चाड छोनाम मान्ने घोषणा गरेपछि यसको चर्चा चेपाङ गाउँमा मात्र सीमित भएन। संघका अध्यक्ष गोविन्द चेपाङ त्यस दिन सरकारले आफूहरूलाई बिदा दिनुपर्ने माग गर्छन्। भदौको पूर्णिमाका दिन मान्ने भए पनि संघले प्रत्येक वर्ष भदौ २२ गते छोनाम मनाउने निर्णय गरेको छ।

**■ रमेशकुमार पौडेल/कपरखोरी, चितवन**






■ सुवास देवकोटा/काठमाडौं

**तीन टुक्रामा** फुट्ने निश्चित भइसकेको जनमोर्चा नेपालको मातृ पार्टी नेपाल कम्युनिष्ट पार्टी (एकताकेन्द्र-मसाल) का केन्द्रीय सदस्य विजयकुमार (केशव नेपाल)ले गत महिना चौथो टुक्राका रुपमा नयाँ पार्टी बनाएका छन्, नेकपा (२००६)। माओवादीसँग निकट मानिने नेपाल अहिले एकताकेन्द्र-मसालका कार्यकर्ता तान्न तथा अन्य वाम पार्टीबाट मान्यता पाउन काठमाडौंका गल्ली गल्ली चहारिरहेका छन्। नयाँ पार्टीको अस्तित्वकै लागि पसिना चुहाउनु परे पनि नेपालको योजना सानो छैन। अरूले पत्याऊन् नपत्याऊन्, उनी माओवादीलाई दक्षिणपन्थी बन्नबाट रोक्नु र एमालेलाई क्रान्तिकारी बनाउनु आफ्नो पार्टीको दायित्व रहेको सगर्व सुनाउँछन्।

गैरकम्युनिष्टले जस्तै सत्ताप्राप्तिकै लागि पार्टी खोले पनि कम्युनिष्टहरू अरूलाई साना लाग्ने निहुँमै पार्टी फुटाउँछन् र सत्ताप्राप्तिको सम्भावनालाई क्षितिजबाट समेत पर धकेल्छन्। एकीकृत हुँदै ठूलो दलसँग तालमेलविना कुनै संसदीय क्षेत्र जित्ने सम्भावना नरहेको एकताकेन्द्र-मसाललाई ७० वर्ष नाघेका मोहनविक्रम सिंहले भर्खरै फुटाएका छन् र पुराना पार्टीका कार्यकर्ता तान्न जिल्ला जिल्ला पुगेका छन्। सिंहको बहिर्गमनपछि पनि उक्त पार्टीमा प्रकाश (नारायणकाजी श्रेष्ठ) र राजवीर (रामसिं श्रीस)का दुई समूह क्रियाशील छन् र उनीहरू पनि विभाजनको संघारमा छन्। तर, मोहनविक्रमविरुद्ध एक रहन उनीहरूको अन्तिम प्रयास भने अहिले पनि जारी छ।

संसद्मा नरहेका कम्युनिष्ट पार्टीहरूमा पनि फुट र एकता चली नै रहेको छ। भूमिसुधार मन्त्री प्रभुनारायण चौधरीको नेकपा (मार्क्सवादी) र विष्णुबहादुर मानन्धरको नेकपा (संयुक्त)बीच 'दस वर्ष लामो प्रयास'पछि गत वर्ष एकता भएलगत्तै पूर्व मार्क्सवादीका महासचिव माधव ज्ञवालीले पुनः नेकपा (मार्क्सवादी) नै खोलेका छन्। एमालेका पूर्व नेता सिपी मैनालीको नेकपा (माले) सैद्धान्तिक शुद्धताका निम्ति एमालेमा जानु हानिकारक ठानिरहेको छ र कम्युनिष्ट आन्दोलनमा 'छिट्टै हुने' नयाँ ध्रुवीकरणले शक्तिशाली नयाँ कम्युनिष्ट पार्टी निर्माण गर्ने विश्वासमा छ। कतै सांगठनिक आधार नभएको वामपन्थी लेखक कृष्णदास श्रेष्ठको नेकपा (मालेमा) र नन्दकुमार प्रसाईको नेकपा (साम्यवादी)ले एकीकृत भई गत वर्ष नेकपा (मालेमा केन्द्र) बनाएका छन्।


सत्तारुढ एमाले र सत्ता निकट रहेको माओवादी भने विभाजनका लागि अहिले उत्सुक देखिँदैनन्। २०५४ सालमा भएको पार्टी विभाजनका कारण २०५६ को निर्वाचनमा बहुमत आउने सम्भावना गुमेको विश्वासमा रहेको एमाले आफ्ना विवाद पार्टीमै मिलाउने प्रयास गरिरहेको छ भने गत वर्ष विभाजन नजिक पुगेको माओवादी पनि नेताहरूबीचको व्यक्तित्व टक्करलाई व्यवस्थापन गर्न लागिपरेको छ। जनआन्दोलनअघि प्रचण्ड र बाबुरामविरुद्ध वक्तव्य निकालेर विद्रोह गरेका रवीन्द्र श्रेष्ठ र मणि थापाले पार्टीको स्वरुप नबनाए पनि पत्रपत्रिकाबाट 'नयाँ सांस्कृतिक क्रान्ति समूह'को अस्तित्व देखाइरहेका छन्। नेपाल मजदुर किसान पार्टीमा नारायणमान बिजुक्छे 'रोहित'को एकल नेतृत्व रहेकाले उक्त पार्टी तत्काल फुट्ने सम्भावना छैन।

### किन फुट्छन्, किन मिल्छन्?


फुट्नासाथ सबै कम्युनिष्टहरूले सैद्धान्तिक र राजनीतिलाई विभाजनको कारक बताउँछन् र,

**पदको झगडामा राजनीतिक रंग लगाउन खप्पिस नेपालका अधिकांश कम्युनिष्ट नेताहरूको फुट्ने बानी नै छ। तर, सत्ता निकट पुगेका कम्युनिष्ट पार्टीहरूले भने फुट्नुभन्दा जुट्नुमा नै फाइदा हुने बुझ्न थालेको देखिएको छ।**

# फुट्ने सोख


माओवादी अध्यक्ष प्रचण्ड


एमाले महासचिव माधवकुमार नेपाल



संयुक्त मार्क्सवादीका नेता विष्णुबहादुर मानन्धर



नेकपा मालेका नेता सिपी मैनाली



मालेमा केन्द्रका नेता कृष्णदास श्रेष्ठ



नेमकिपाका अध्यक्ष रोहित

तस्वीरहरू : भास्कर ओझा, तेजबहादुर बस्नेत

## कम्युनिष्ट पार्टी र नेताहरू

| | |
|---|---|
| एमाले | माधवकुमार नेपाल, केपी ओली, वामदेव गौतम, झलनाथ खनाल, अमृत बोहोरा |
| माओवादी | प्रचण्ड, मोहन वैद्य, डा. बाबुराम भट्टराई, रामबहादुर थापा 'बादल' |
| नेमकिपा | नारायणमान बिजुक्छे, प्रेम सुवाल |
| मोहनविक्रम समूह | मोहनविक्रम सिंह, चित्रबहादुर केसी, सन्तबहादुर नेपाली |
| प्रकाश समूह | नारायणकाजी श्रेष्ठ, गिरिराजमणि पोखेल, अमिक शेरचन |
| राजवीर समूह | रामसिं श्रीस, परि थापा, युवराज पन्थी |
| संयुक्त मार्क्सवादी | विष्णुबहादुर मानन्धर, प्रभुनारायण चौधरी |
| मालेमा केन्द्र | कृष्णदास श्रेष्ठ, नन्दकुमार प्रसाई |
| नेकपा माले | सिपी मैनाली, टंक राई, ऋषि कट्टेल |
| नेकपा मार्क्सवादी | माधव ज्ञवाली |
| नेकपा २००६ | केशव नेपाल |

सैद्धान्तिक तथा राजनीतिक समस्या समाधान नभएसम्म पुनः एकता असम्भव रहेको दाबी गर्छन्। तर, पुराना कम्युनिष्ट नेता विष्णुबहादुर मानन्धरको भनाइमा 'मार्क्सवाद-लेनिनवाद'लाई मार्गदर्शक मान्ने सबै कम्युनिष्ट पार्टीबीच एकताको सम्भावना सधैं रहन्छ। उनको भनाइ मान्ने हो भने, अहिले नेपालमा अस्तित्वमा रहेका सबै कम्युनिष्ट पार्टीबीच एकता सम्भव छ। किनभने, मार्क्सवाद-लेनिनवादलाई कुनै कम्युनिष्ट पार्टीले अस्वीकार गरेका छैनन्। एमाले र मानन्धरको संयुक्त मार्क्सवादीले मार्क्सवाद-लेनिनवाद मात्र मार्गदर्शक सिद्धान्त मान्छन् भने एकताकेन्द्र-मसालका सबै समूह र कृष्णदासको मालेमा केन्द्रले त्यसमा माओ विचारधारा थपेका छन्। माओवादीले भने मार्क्सवाद र लेनिनवादसँगै माओवाद र प्रचण्डपथ पनि मार्गदर्शक सिद्धान्त बनाएको छ। सबैले मार्क्सवाद-लेनिनवाद माने पनि किन कम्युनिष्ट पार्टीबीच एकता भइरहेको छैन त ? 'कार्यशैली र तत्कालीन प्रश्नहरूमा भिन्नता रहेकाले' मानन्धरको भनाइ छ। माओ विचार वा वाद नमान्ने एमाले र त्यस्तै मान्यता राख्ने उनको समूहबीच पार्टी एकता नहुनुलाई पनि मानन्धर तात्कालिक राजनीतिक प्रश्न र कार्यशैलीलाई कारण बताउँछन्।

अर्का कम्युनिष्ट नेता कृष्णदास पनि कम्युनिष्ट पार्टीहरूमा पछिल्ला विभाजन सैद्धान्तिकभन्दा व्यक्तित्वको टक्कर र शैलीको भिन्नता कारण भएको मान्छन्। 'होइन भने, सिद्धान्त र राजनीति मिल्ने एमाले र मानन्धर समूहबीच एकता नहुने कुनै कारण छैन', कृष्णदास भन्छन्, 'तात्कालिक प्रश्नहरूमा रहेको मतभेदका कारण विभाजन हुनलागेको भनिएका मोहनविक्रम र राजवीर समूहबीच पनि सैद्धान्तिक र राजनीतिक विषयमा फरक देखिँदैन।' सिद्धान्त र राजनीति मिल्ने उनको समूह, प्रकाशको समूह र माओवादीबीच एकता सम्भव देखिए पनि त्यसका लागि ठूलो दल माओवादीको पहल अनिवार्य हुने कृष्णदासको विचार छ। अहिले चाहिँ उनी माओवादीले निर्माण गर्नलागेको लोकतान्त्रिक गणतन्त्रवादी मोर्चामा सामेल हुने योजनामा छन्।

सबैभन्दा कान्छो कम्युनिष्ट पार्टीका नेता केशव नेपाल भने एकताकेन्द्रमा मोहनविक्रम र प्रकाशबीच तात्कालिक राजनीतिक विषयमा मतभेद रहेकाले विभाजन स्वभाविक भएको बताउँछन्। मोहनविक्रम राजनीतिकरुपमा बेठिक भएको, राजवीर अलमलमा रहेको तथा प्रकाश सांगठनिक अराजकताको सिकार भएकाले उनीहरूसँग आफ्नो समूह अलग भएको नेपालको दाबी छ। सिद्धान्त र नीति मिलेको माओवादीसँग 'प्राविधिक कारण' तत्काल एकता सम्भव नभए पनि कृष्णदासको मालेमासँग एकता हुन सक्ने विश्वासमा नेपाल छन्। कृष्णदास र नेपाल दुवैको अब कम्युनिष्ट पार्टीहरूमा तीव्र ध्रुवीकरण हुने ठहर छ। सिपी मैनालीको नेकपा (माले)का केन्द्रीय सदस्य ऋषि कट्टेल पनि कम्युनिष्ट पार्टीहरूमा तीव्र ध्रुवीकरण अनिवार्य रहेको मान्छन्। 'संविधानसभाको निर्वाचनमा सांगठनिक हैसियत पनि देखाउनै पर्छ, क्रान्तिकारी हौं भनेर मात्र जनताले अब पत्याउनेवाला छैनन्', कट्टेलको भनाइ छ।

### शिष्ट गाली

विभाजित तथा अर्को समूहलाई अशिष्ट गाली गर्न खप्पिस मानिएका नेपाली कम्युनिष्टहरूको गाली पछिल्ला वर्षमा केही शिष्ट हुन थालेको छ। नेपाली कम्युनिष्टहरूको गाली शिष्ट हुनुमा कृष्णदास अध्ययन र ज्ञानको वृद्धिलाई कारण मान्छन् भने केशव नेपाल विगतका तिता अनुभवबाट शिक्षा लिनुलाई जस दिन्छन्। 'कम्युनिष्ट राजनीतिका पुस्तक धेरै नपढेका नेपालका कम्युनिष्टहरूले पछिल्ला समयमा पढे तथा विदेशका कम्युनिष्टहरूको अनुभवबाट शिक्षा लिए', कृष्णदास भन्छन्। लेखनदास कम्युनिष्ट मानिने कृष्णदासका मौलिक पुस्तक नै बाइसवटा प्रकाशित भइसकेका छन् भने त्यति नै संख्यामा विदेशी पुस्तकलाई उनले नेपाली भाषामा अनुवाद गरेका छन्।

नेपाली कम्युनिष्टहरूको गाली पहिलेभन्दा शिष्ट भएको मानिए पनि भिन्न मत राख्नेहरूलाई पगरी गुथाइहाल्ने बानी भने कम्युनिष्टहरूले अझै छाडेका छैनन्। संसदीय निर्वाचनमा भाग लिइरहेका मानन्धर एमालेलाई संसदीय भासमा चुर्लुम्म डुबेको दक्षिणपन्थी पार्टी भन्छन् भने माओवादीलाई उग्रवामपन्थी पार्टी मान्छन्। एमालेलाई मानन्धर जस्तै कृष्णदास पनि दक्षिणपन्थी संशोधनवादी नै मान्छन्। यसैगरी एमालेले माओवादीलाई उग्रवामपन्थी पार्टी मानेको छ भने माओवादीले एमालेलाई कम्युनिष्ट पार्टी भन्न समेत अस्वीकार गरेको छ।

एमाले र माओवादीबीच मात्र होइन, वैचारिक निकट रहेका प्रकाश समूह र माओवादी पनि एक-अर्कालाई कुनै नकारात्मक विशेषणविना कम्युनिष्ट पार्टी मात्र भन्दैनन्। दुवैले एक-अर्कालाई सारमा कम्युनिष्ट भने पनि माओवादीले प्रकाश समूहलाई सारसंग्रहवादी भन्ने गर्छ भने प्रकाश समूहले माओवादीलाई उग्रवामपन्थी विश्लेषण दिने गरेको छ। एकताकेन्द्र-मसालका समूहबीच एक-अर्कालाई गुथाउने पगरी त झनै रमाइलो छ। राजवीरको समूहलाई प्रकाश समूहले सारसंग्रहवादी भनेको छ भने मोहनविक्रम समूहबाट राजवीरले प्रकाशको पिछलग्गुको आरोप खेपेका छन्। यसैगरी मोहनविक्रम प्रकाशलाई माओवादीका अघोषित प्रवक्ता भन्छन् भने प्रकाशले मोहनविक्रमलाई क्रान्तिकारी पंक्ति छाडेर यथास्थितिवादमा पतन भइसकेको विशेषण दिएका छन्। ■

■ श्याम भट्ट/महेन्द्रनगर (तस्बिर पनि)

**मुलुक शान्तिको बाटोमा** हिँड्न थालेपछि नेपाली सेनाले आफूलाई चुस्त राख्न तालिम गर्ने फुर्सद पाएको छ। आन्तरिक विद्रोह दमन गर्ने बहानामै २०४६ सालमा ४५ हजारको हाराहारीमा रहेको नेपाली सेनाको संख्या एक्कासि बढेर झन्डै १ लाख हुन लागेको छ। सैनिक अधिकारीहरूकै शब्दमा भन्ने हो भने, 'एकाएक बढेको यो संख्या मुलुकलाई आवश्यक थियो वा थिएन, कसैले गृहकार्य गरेका छैनन्।

प्रजातन्त्र पुनःस्थापनापछि गठित सबै सरकारले सेनाको बेवास्ता गरे, यसको आधुनिकीकरणतर्फ कसैले सोचेनन्। एकाएक मुलुकमा विद्रोहको ज्वाला दन्किएर त्यसको तापले सिंहदरबारलाई छुनै लागेपछि पुनः सेना गुहार्ने काम भयो' छोटो अवधिमा बढेको यो सेनाको संख्या विनागृहकार्यको परिणाम हो नै। थपिएका सैन्यलाई दिनु पर्ने धेरै किसिमका तालिम बाँकी रहेको बताउँदै ती सैन्य अधिकृत भन्छन्, 'अहिले यहाँ संचालन भइरहेको तालिम त्यसलाई पूर्णता दिने प्रयास मात्र हो।'

यहाँ कार्यरत एक सैनिक अधिकृत भन्छन्, 'राज्यले आफ्ना समस्या र खतरा पहिचान गर्नु पर्‍यो, जसका लागि कम्तीमा बीसवर्षे योजना बनाउनु पर्‍यो। बाह्य खतरालाई थाती राखेर मात्रै हेर्ने हो भने अब नेपालमा जातीय विद्रोह उठाउन सत्ता लिप्सामा रहेका व्यक्ति लागिपरेका देखिएका छन्। यसका लागि अहिल्यैदेखि मानसिक तयारी गर्नै पर्‍यो। राजमार्ग, राष्ट्रिय निकुञ्ज हुँदै सम्पूर्ण पहाडी जिल्लामा सेनाको उपस्थिति रहेको छ। यसलाई समयानुकूल प्रयोग गर्न राज्यले योजना बनाउन सक्नु पर्‍यो। जसका लागि राष्ट्रिय सुरक्षा नीतिमा सबैको ऐक्यबद्धता हुनु आवश्यक छ, जुन आजसम्म सबैका आ-आफ्ना स्वार्थले गर्दा पूरा भएको छैन।'

जनआन्दोलन-२ को परिवर्तनलाई सेनामा मानसिक छटपटी देखिन्छ, तर त्यससँगै आमूल परिवर्तनको पक्षमा काम पनि थालिएको छ। एक सैन्य अधिकृत भन्छन्, 'मुलुक गणतन्त्रतर्फ उन्मुख भएको बेला नेपाली सेना तानाशाहीको पक्षपोषण गर्ला भनेर सोच्नु गलत हो।'

हिजोका दिनमा जंगलमा रहेको विद्रोही आज सहरमा पसेर सहर नै कब्जा गर्ने धम्की दिइरहेकोमा सेनाले अर्थपूर्ण रुपमा लिएको छ भने सुरक्षाको दृष्टिले यो महत्त्वपूर्ण कुरो पनि हो। प्रचण्ड आफैंले, माओवादी एक्लैले लडेर राज्य सत्ता कब्जा गर्न सकिन्न भनेर स्विकारेको अवस्थामा रूसी क्रान्तिसँग मेल खाने सहरी विद्रोहको धम्की माओवादीका एरिया कमान्डरदेखि अध्यक्षसम्मले दिँदै आएका छन्। सेनाले माओवादीको यो धम्कीलाई रणनीतिक दबाबका रुपमा लिएको बताउँछन्, एक सैनिक अधिकृत।

## सम्भावना सहरी विद्रोहको

माओवादीले भन्ने गरेको सहरी विद्रोह भनेजस्तै सजिलो कुरा होइन। सहरभित्र पसेर संवेदनशील ठाउँमा हमला गर्ने अनि मुख्य राज्य संयन्त्रमाथि धावा बोलेर राष्ट्रिय अन्तर्राष्ट्रिय जगत्मा तरंग फैलाउनु सहरी विद्रोहका लक्ष्य हुन्। तर, सैनिक उच्च स्रोतका अनुसार नेपाल जस्तो भौगोलिक बनावट भएको देशमा सहरी विद्रोहको सम्भावना न्यून छ। यो त माओवादीले सरकारसँग 'बार्गेनिङ' गर्न चलेको एउटा चाल मात्रै हो।

'अर्वान वार फेयर'को लागि भौगोलिक बनावटले साथ दिनु पर्छ पछिल्ला युद्धलाई हेर्दा इराकमा यसको प्रयोग भएको छ। नेपाल जस्तो भौगोलिक विविधता भएको मुलुकमा सहरी विद्रोह भए पनि त्यो अलिक छुट्टै प्रकृतिको हुन सक्छ। उच्च सैनिक अधिकृतका अनुसार सम्भवतः माओवादीको सहरी विद्रोह काठमाडौं केन्द्रित हुनसक्छ। अहिले पनि माओवादीले आफ्नो क्षेत्रीयदेखि जिल्लास्तरका नेताहरूलाई काठमाडौंमा उतारेको छ। टोल टोलमा विभिन्न बहानामा माओवादी कार्यकर्ता भरिएका छन्। सत्ता परिवर्तनका लागि काठमाडौंमा मान्छे उतारेर सरकारको मानसिकता कमजोर हुन सक्छ भन्ने उसको सोच हुनु पर्छ। राजनीति आफूअनुकूल नभएमा काठमाडौंमा जनतालाई ढाल बनाई जुलुसको रुपमा अघि बढाएर आफू बच्ने हिसाबले नयाँ किसिमको सहरी विद्रोह गर्ने माओवादीको रणनीति हुन सक्छ। अर्का सैन्यअधिकारीका अनुसार 'काठमाडौंमा कब्जा गर्न सहरभित्र पस्नु आवश्यक छ। काँठमा बसेर हुँदैन, जुन कुरा माओवादी आफैंले स्वीकार गर्दै आएको छ कि जिल्ला सदरमुकामलाई छोडेर अन्य भूभाग आफ्नो कब्जामा

# विद्रोहविरुद्ध तयार



छ भन्ने । उसले सेनाको अस्तित्वलाई जति प्रतिशतमा भए पनि स्विकारेको छ ।' सहरी विद्रोहको लागि मुख्यतया फैलिएको भूभाग आवश्यक छ, जुन नेपालका तराईभन्दा पनि फैलिएको हुनु पर्छ उत्तरदक्षिण । भारतको कोलकाता जस्तो महानगरमा समेत नक्सलपन्थीहरूले ६० को अन्तिम दशकमा गरेको सहरी विद्रोह असफल भएको पाठ माओवादीले नबुझेका होइनन् ।

'माओवादीले काठमाडौंमा अराजकता फैलाउन सक्छन्, तर कब्जाको कुरा उनीहरूको दिवास्वप्न मात्र हो', अर्का एक सैन्य अधिकारी भन्छन् । उनका अनुसार सहरी विद्रोह भए क्षति व्यापक होला, तर नेपाली सेना पूरै काठमाडौंका गल्ली गल्लीमा आफ्नो पहुँच पुऱ्याउन सक्षम छ । मोफसलका अधिकांश महत्वपूर्ण स्थल पनि सेनाकै सुरक्षामा रहेको माओवादीले बिर्सन हुन्न ।



### कस्तो छ तयारी :

सेना ब्यारेकभित्र बसोस् वा आफ्नो मिसनमा उसका आफ्नै नियम र अनुशासनका घेराले बाँधिएको हुन्छ । लामो लडाइँपछि ब्यारेकभित्र सेना त्यत्तिकै बसेको छैन, बदलिँदो वस्तुस्थिति र परिवेशअनुरुप उसले आफूलाई सुधार गर्दै लगेको छ । अहिले ऊ नयाँ नयाँ किसिममा तालिममा व्यस्त छ भने द्वन्द्वका कारण रोकिएका विभिन्न तालिम गर्ने मौका पनि उसले पाएको छ । त्यसो त आफ्नो मिसनपछि ब्यारेकभित्र बसेका सेनाले गर्ने यस किसिमका तालिम कुनै नौला होइनन्, तर बदलिँदो परिवेशलाई हेरेर त्योअनुरुप आफूलाई सक्षम बनाउन सेना लागिपरेको छ । अर्को अर्थमा भविष्यमा पर्न आउने कुनै पनि आन्तरिक र बाह्य खतराविरुद्ध ऊ डटेर सामना गर्ने सामर्थ्य बढाउन लागिपरेको छ । एक उच्च सैन्य अधिकृतका अनुसार विद्रोहीहरू जंगल पसेर लड्न सक्ने स्थितिमा नरहेकाले नै सहरी विद्रोहको कुरा गरिरहेका छन् ।

सेनाले लड्दा लड्दै बटुलेको अनुभव अहिले उसका लागि ठूलो पाठ बनेको छ । सबैभन्दा ठूलो कुरा अहिले सेनाले मानसिक शान्ति पाएको छ, जुन लडाकुहरूका लागि अपरिहार्य कुरा हो । सहरी विद्रोह अन्तिम युद्ध हो त्यसपछि गृहयुद्धको सम्भावना रहन्छ । यही कुरालाई मनन गरेर सेनाले आफ्नो तयारी गरिरहेको सैनिक अधिकृतहरू बताउँछन् । नेपाली सेना कुनै पनि वैदेशिक विद्रोहको मैदानमा गएपछि त्यहाँ उसले साम, दाम, दण्ड, भेद सबै अपनाएर काम गर्न सक्ने सेनाका रुपमा आफ्नो परिचय बनाएको पाइन्छ ।

**माओवादीले भन्ने गरेको सहरी विद्रोह भनेजस्तै सजिलो कुरा होइन । सहरभित्र पसेर संवेदनशील ठाउँमा हमला गर्ने अनि मुख्य राज्य संयन्त्रमाथि धावा बोलेर राष्ट्रिय अन्तर्राष्ट्रिय जगत्मा तरंग फैलाउनु सहरी विद्रोहका लक्ष्य हुन् । तर, सैनिक उच्च स्रोतका अनुसार नेपाल जस्तो भौगोलिक बनावट भएको देशमा सहरी विद्रोहको सम्भावना न्यून छ । यो त माओवादीले सरकारसँग 'बार्गेनिङ' गर्न चलेको एउटा चाल मात्रै हो ।**

आफ्नै आन्तरिक विद्रोहमा विगतमा जे जस्ता गल्ती भए पनि त्यसलाई सच्याउँदै अघि बढ्न खोजेको उसका प्रयासले देखिन्छ । जनता र दलहरूसँग सहकार्य गर्दै मानवअधिकारको पक्षलाई समेत मनन गरेर अघि बढ्नु पर्छ भन्ने सोच सेनामा आएको छ । थोरै क्यालिबर क्षमताका गोली लाग्ने एम-१६ परिवारका हतियार नेपाली सेनाले भिर्नु यसको प्रमाण हो । मानवअधिकारप्रति बढ्दो चासोका कारण नै अहिलेको विश्वमा कम क्यालिबर क्षमताका हतियार आएका हुन् ।

'हामीले अहिले शारीरिक सुगठन र मानसिक स्वास्थ्यलाई ध्यान दिई स्पेसल कमान्डो शैलीको तालिम दिइरहेका छौं', एक सैनिक अधिकृत भन्छन् । स्पेसल कमान्डो, अफिसर कमान्डो र प्यारा कमान्डोको मिश्रणलाई पनि हामी प्रयोग गरिरहेका छौं । पहिले इजरायली कमान्डो तालिममा अभ्यस्त नेपाली सेनाले अहिले बेलायती र अमेरिकी कमान्डोको मिश्रित रुप प्रयोग गरिरहेको छ । सैन्यहरूले बुझ्ने सजिलो पारामा विभिन्न मानवअधिकारसम्बन्धी तालिम पनि उनीहरूले पाइरहेका छन् । विभिन्न बाधा पारसँगै चेक प्वाइन्टमा नागरिकसँग कसरी व्यवहार गर्नु पर्छ भन्ने कुरालाई पनि ध्यान दिई पुराना प्रवृत्ति नदोहोऱ्याउने विषयमा ऊ लागिपरेको छ । नागरिकसँग मिलेर जानु पर्छ भन्ने सेनाले बुझेको छ, हामी आन्तरिक र सहरी विद्रोहको खतरालाई मात्र होइन, बाह्य खतरालाई पनि मध्यनजर राखेर बसेका छौं । सायद त्यसैले होला नेपाली सेनाका प्रवक्ता नेपालभूषण चन्द भन्छन्, 'नेपाली सेना रक्षा मन्त्रालयद्वारा दिइएको कुनै पनि जिम्मेवारी कुनै पनि बेला निर्वाह गर्नका लागि तयार भएर बसेको छ ।' ■



# अपरिहार्य आरक्षण

■ गोविन्द परियार/काठमाडौं

**आरक्षण र विशेषाधिकारका बारेमा देखिएको विवादमा दलितहरूमा सैद्धान्तिक मतभेद छैन। समानुपातिक प्रतिनिधित्व राज्यका सबै जाति र समुदायले पाउने अधिकार हो। तसर्थ वर्षौंदेखि सीमान्तकृत हुँदै आएका दलितहरूलाई क्षतिपूर्तिसहित अधिकारको रुपमा आरक्षण दिनु पर्ने माग दलितहरूको छ।**

**दलित उत्थानको** सवालमा आम आकांक्षाअनुरुप प्रमुख राजनीतिक दलहरू स्पष्ट हुन सकेका छैनन्। दलित आन्दोलनभित्रका असहमति र कमजोरीले पनि राजनीतिक दललाई स्पष्ट मार्ग दिन सकेका छैनन्। त्यसमाथि विभिन्न राजनीतिक दलमा छरिएर हरेका दलितहरू साझा मुद्दामा संगठित हुन नसक्नुले पनि दलित आन्दोलन मझधारमा अड्किन बाध्य छ। दलितहरू राजनीतिक रुपमा संगठित त भए, तर जातीय मुक्तितर्फ साझा चासो नदेखिएकाले अपेक्षित उपलब्धि हात पर्न सकेको छैन। दलित आन्दोलनमा साझा सहमति बनाएर संविधानसभाको निर्वाचनमार्फत आफ्ना अधिकारहरू स्थापित गर्ने दिशातर्फ अगाडि बढ्नु पर्ने विज्ञहरू बताउँछन्। राजनीतिक दलमा रहेका दलितहरूमा देखिएको नेताप्रति मात्रको उत्तरदायीपन र अन्य आन्दोलनका मोर्चामा रहेकाहरूमा भएको अवसरवादी स्वभावले दलित आन्दोलनले सोचेअनुरुपको उचाइ लिन सकेको छैन।

राजनीतिक विचारका आधारमा फरक विचार राखे पनि सामूहिक मुद्दामा एक हुनु पर्ने दलितहरूमा यस्ता खाडल अझै साँगुरिएका छैनन्। दलितका अधिकारको सुनिश्चितता गर्ने दायित्व राजनीतिक दलहरूकै हो, तर दलहरूलाई घचघचाउने र पार्टीबाट कसरी आफ्ना अधिकतम अधिकार स्थापित गराउने भन्नेमा जातीय संगठनहरू चुकेका छन्। जातीय संगठनमार्फत जातीय मुक्तिको ठेक्का लिएका त्यस्ता संगठन पार्टीभन्दा माथि नउठ्ने प्रवृत्तिले आन्दोलन कमजोर हुँदै गएको छ।

आरक्षण र विशेषाधिकारका बारेमा देखिएको विवादमा दलितहरूमा सैद्धान्तिक मतभेद छैन। समानुपातिक प्रतिनिधित्व राज्यका सबै जाति र समुदायले पाउने अधिकार हो। तसर्थ वर्षौंदेखि सीमान्तकृत हुँदै आएका दलितहरूलाई क्षतिपूर्तिसहित अधिकारको रुपमा आरक्षण दिनु पर्ने माग दलितहरूको छ। दलितहरूमा मुख्य राजनीतिक मुद्दामा एकरुपता देखिए पनि मुक्तिको प्रक्रियाको बुझाइमा समानता छैन। यसले गर्दा पनि दलित अन्दोलनका विरोधीहरूले चलखेल गर्ने आँगन खुला भएको छ। सुधारवादी आन्दोलनमा लागेका संस्थाहरू त झनै सीमित अवसरको घेरामा रमाएका छन्। जसले एकीकृत आन्दोलनलाई कमजोर मात्रै बनाएको छैन, यान्त्रिक समेत बनाउँदै गएको छ।

समाजमा व्याप्त जातीय विभेदको जरा काट्न दलित आन्दोलनलाई त्यति सजिलो भने छैन। त्यसमा पनि आन्दोलनकारी दलमा रहेका दलित भातृ संगठनहरूमा देखिएको चरम अवसरवादी सोचले दलित आन्दोलनलाई थप ओझेलमा पर्ने विश्लेषकहरू बताउँछन्। दलितहरूको आर्थिक, सामाजिक, शैक्षिक रुपान्तरणको लागि संविधानसभाको निर्वाचनमार्फत बन्ने राज्यको पुनर्संरचनामा ठोस व्यवस्था गर्ने प्रतिबद्धता राजनीतिक दलहरूले लिनु पर्छ। तर, त्यस्तो प्रतिबद्धता लागू गर्ने अवस्थामा अझै पनि प्रमुख राजनीतिक दलहरूमा अन्योल देखिएको छ। प्रजातन्त्रको पुनर्वहालीसँगै फराकिँदै गएको दलित आन्दोलन माओवादीको 'जनयुद्ध'पछि सहरमा मात्रै सीमित नभई दुर्गम गाउँसम्म फैलियो। सयौं दलितले ज्यान गुमाएको दसवर्षे द्वन्द्वले दलितहरूमा राजनीतिक चेतनामा भने आमूल परिवर्तन ल्याएको छ विशेष गरेर माओवादी प्रभावित क्षेत्रहरूमा। जनआन्दोलनको सफलतासँगै आम दलितहरूमा मुक्तिका आशाका किरण पलाएका थिए, तर सरकार र राजनीतिक दलका पछिल्ला कार्यशैलीले ती किरणहरूमा पुन: बादल मडारिएका छन्।

यसै परिवेशमा अब बन्ने राज्यको पुनर्संरचनामा दलितहरूको वास्तविक माग के हो ? र त्यसको सम्बोधन कसरी गर्नु पर्छ भन्ने विषयमा विभिन्न राजनीतिक दलसँग सम्बन्धित दलित नेताहरूसँग समयले *'समय गोलमेच'* गरेर दलितहरूको वास्तविक समस्या र समाधानका उपयाका बारेमा छलफल गरेको थियो। गोलमेचमा विभिन्न दलका दलित नेताहरूले राखेका विचारमा दलितहरूलाई निश्चित समयअवधिका लागि आरक्षण दिनु पर्ने सवालमा एकमत देखिएको थियो, तर त्यसको सुरुवात अन्तरिम संविधानबाटै हुनु पर्नेमा सबैको जोड थियो। उनीहरूका विचार र सुझावहरूको सम्पादित अंश।



रोशन साँबा

**यमबहादुर किसान**
**सदस्य, दलित गणतान्त्रिक मोर्चा**

विभिन्न जाति र समुदायले भोग्दै आएको समस्याको जडको डल्लो संविधानसभाले फुकाउनु पर्छ भन्ने आम आकांक्षा छ। तर, यसको सुरुवातको पहिलो प्रक्रियाको रुपमा रहेको अन्तरिम मस्यौदा संविधानलाई हेर्दा आम दलित र पिछडिएको समुदायले आशा गरेअनुरुपको मस्यौदा बन्न सकेन। यसले मुलुक फेरि पनि २ सय ३८ वर्षदेखिकै शैलीमै जाने आशंका बढेर गएका छन्। राजनीतिक दलहरूले तुरुन्त निर्णय गर्नु पर्ने राजतन्त्र कि गणतन्त्र र संघीय कि एकात्मक राज्य भन्ने प्रमुख सवालमै राजनीतिक सहमति हुन सकेको छैन। यसले एक किसिमको आशंका दलितहरूमा पनि देखाएको छ।

दलितहरूले उठाउँदै आएको र राजनीतिक सहमति र अन्तर्राष्ट्रिय मान्यतासमेत पाएको आरक्षणका बारेमा अझै अन्योल देखिएको छ। राजनीतिक दलमा सत्तामा पुगेपछि आफैंले उठाएका सवाललाई पनि बेवास्ता गर्ने प्रवृत्ति व्यापक देखिएको छ। यस्तो अवस्था सृजना हुँदै जाने हो भने दलितहरूको राजनीतिक दलप्रतिको निष्ठा कमजोर हुने देखिन्छ। दलितहरूबीच आम सहमति भएको जनसंख्याको आधारमा १३ प्रतिशत र विगतमा राज्यले दलितहरूलाई मूलप्रवाहवाट वर्षौंदेखि



बहिष्कृत गरेको क्षतिपूर्ति स्वरूप थप ७ प्रतिशत सहितको २० प्रतिशत दलितहरूलाई विशेषाधिकार तोकिनु पर्छ। यसको थालनी संविधानसभाको चुनाव अगावैदेखि हुनु पर्छ। संविधानसभाको निर्वाचनमा २० प्रतिशत विशेषाधिकारको अधिकार दिएर सोही अनुपातमा समानुपातिक निर्वाचनप्रणालीको आधारमा संविधानसभाको निर्वाचन गराउनु पर्छ। यसले मात्र दलितहरूको अधिकारको रक्षा हुन्छ भन्ने दलितहरूको बुझाइ हो।

नेपालमा आरक्षण भन्नेबित्तिकै भारतीय मोडललाई बुझ्ने गरिन्छ, तर आरक्षणका विविध मोडल छन्। नेपालको सन्दर्भमा कुन उपयुक्त हुन्छ भन्नेमा बहस गर्न सकिन्छ। पचास वर्षअघि सुरु भएको भारतीय आरक्षणको मोडललाई अहिले नेपालमा हुबहु लागू गर्दा समयसापेक्ष नहुन सक्छ। भारतमा आरक्षणले राज्यका निकायमा दलितहरूको प्रतिनिधित्व त गरायो, तर निश्चित वर्गमात्र त्यो ठाउँमा पुग्ने अवस्था भयो। जसले गर्दा दलित नेताहरू चुनाव जित्नको लागि दलितहरूप्रति भन्दा पनि आफ्ना नेता अथवा बहुमत मतदातातर्फ उत्तरदायी भए। यही कारणले गर्दा दलितहरूका वास्तविक समस्याको समाधान हुन सकेन। तसर्थ नेपालले भारतबाट पनि पाठ सिकेर वास्तविक दलितहरूको समस्यामा सुधार गरेर अन्य जातिसरह नपुगुन्जेलसम्मका लागि सबै दलितहरूले अनुभूति गर्न पाउने किसिमको आरक्षणको मोडल लागू गर्नु पर्छ। त्यो मोडल स्थापित गर्न विशेषाधिकार नै उपयुक्त माध्यम हो। नेपालको इतिहासमा पहिलो पटक राज्यबाट बहिष्कृत समुदाय संविधान लेख्ने स्थानमा पुगेका छन्, यो सकारात्मक पक्ष हो। उपस्थितिले मात्रै पनि समस्याको सुनुवाइ गर्न सचेत गराउँछ। मुलुकमा गणतन्त्र आएपछि दलितहरूका सबै समस्या समाधान हुन्छन् भन्ने होइन, तर राज्यलाई राजनीतिले कता डोर्‍याइरहेको छ भन्ने कुराले महत्त्वपूर्ण भूमिका खेल्छ। नेपालमा राजसंस्थालाई हिन्दुधर्मसँग जोडेर राखिएकाले पनि त्यसले जातीय छुवाछूतलाई अझ फराकिलो गराउन मद्दत गर्‍यो। तसर्थ गणतन्त्रको उदयसँगै जातीय भेदभाव अन्त्य हुने प्रक्रिया सुरु हुन्छ किनकि विभेद हिन्दुधर्मको आडमा भइरहेको छ।

जहाँसम्म संविधानसभामा जातीय प्रतिनिधित्वको कुरा छ यो नेपालकै इतिहासमा पहिलो पटक जनताले आफैं संविधान लेख्ने अवसर हो। तसर्थ संविधानसभामा सबै जाति समुदाय, धर्मालम्बीहरूको भौतिक उपस्थिति हुने संयन्त्र राज्यले तयार गर्नु पर्छ। लोकतान्त्रिक व्यवस्थामा आफूलाई शासित गर्ने विधान लेख्नमा राज्यका सबै जाति र समुदायको प्रत्यक्ष भूमिका हुनु पर्छ। जनआन्दोलन र जनयुद्धको बलमा बनेको वर्तमान सरकार र राजनीतिक दलहरू पिछडिएका समुदायको उत्थानमा सकारात्मक भएनन् भने फेरि अर्को आन्दोलनको सामना राज्यले गर्नु पर्ने हुन्छ।

सविधानसभामा दलितहरूको प्रतिनिधित्व कसरी सुनिश्चित गर्ने भन्ने सवाल प्रमुख हो। यसबारे संविधानसभाको प्रक्रियामा ध्यान दिनु पर्छ। राजनीतिक दल चुनाव लडेर लिस्ट सिस्टमका आधारमा उम्मेदवार बनाउने पद्धतिले दलितहरूको प्रतिनिधित्व सुनिश्चित गर्छ। यसबारे राजनीतिक सहमति हुनु पर्छ। यो विधिबाट संविधानसभाको निर्वाचन गराएमा समाजका कुनै पनि वर्ग, समुदाय, जाति र धर्मालम्बीहरू संविधानसभाको निर्वाचनमा छुट्नु पर्ने अवस्था आउँदैन।

## मीन विश्वकर्मा

**उपाध्यक्ष, नेपाल दलित संघ (प्रजातान्त्रिक)**

दलित आन्दोलनको बुझाइमा राजनीतिक दलहरूमा द्विविधा देखिन्छ। दलितहरूको समस्या राजनीतिक समस्या हो कि सामाजिक भन्नेमा। तर, दलितहरूको समस्या राजनीतिक हो भन्ने कुरा स्पष्टै छ। मनुस्मृतिमा मनुले कल्पना गरेर दलितहरूप्रति शोषणको बीउ रोपे। त्यसैलाई आडमा राखेर विभिन्न समयमा विभिन्न शासकहरूले वैधता दिँदै मलजल गरे। यसको परिणाम आज एक्काइसौं शताब्दीमा नेपालका दलितहरूले भोगिरहेका छन्। यसले शोषणको सुरुवात राज्यबाटै भएको स्पष्ट हुन्छ। तसर्थ यो समस्याको समाधान गर्ने दायित्व राज्यको हो। राज्यका उद्देश्यहरू पटक पटक परिवर्तन हुँदै आएका छन्। कहिले छुवाछूत गर्नु पर्ने भन्ने नीति राज्यको छ भने कहिले छुवाछूत गर्न हुँदैन भन्ने। तर, छुवाछूत गरेमा कडा कारबाही हुने खालको स्पष्ट व्यवस्था अझै हुनसकेको छैन। यो पृष्ठभूमिमा दलितहरूलाई शोषण र उत्पीडनबाट मुक्त गर्नको लागि आर्थिक, सामाजिक, शासकीय सबै प्याकेजलाई सँगै सम्बोधन गरिनु पर्छ। यसका लागि संविधानसभादेखि नै समानुपातिक प्रतिनिधित्वको सुनिश्चितता राज्यले गर्नु पर्छ। दलितहरूका यावत् समस्यालाई समाधान गर्नको लागि विशेषाधिकारसहितको आरक्षण आवश्यकता छ। त्यसको मोडल प्रगतिशील प्रकृतिको हुनु पर्छ।

दलितहरूको कुनै पनि निर्वाचन क्षेत्रमा बहुमत जनसंख्या नभएकाले निर्वाचन क्षेत्र तोकेर मात्र न्यायिक हुँदैन। अप्रत्यक्ष निर्वाचन प्रणालीमार्फत उनीहरूको प्रतिनिधित्वको निश्चितता हुनु पर्छ। राज्यलाई धार्मिक स्वतन्त्रतासहितको प्रान्तीय राज्यप्रणालीमा रुपान्तरण गरियो भने यसले जनता बलिया हुन्छन्। जनता बलियो भए भने पक्कै पनि उनीहरूको अधिकार स्थापित हुन्छन्। यसको लागि अहिलेका राजनीतिक दलहरूको पुनर्संरचना गरेर दलित हकको प्रतिनिधित्वको सुनिश्चितता दलहरूबाटै सुरु गर्नु पर्छ।

अन्तरिम मस्यौदा संविधानको सबैभन्दा राम्रो पक्ष भनेकै मौलिक हक हो। मौलिक हकमा शिक्षा र स्वास्थ्य लेखेपछि जनतालाई शिक्षा दिने र विरामी भएपछि उपचार गर्ने जिम्मेवारी राज्यमा गएको छ। यो नेपालकै इतिहासमा उल्लेखनीय उपलब्धि हो। यसले दलितहरूको शैक्षिक र स्वास्थ्यको अवस्थामा सुधार गर्छ। आर्थिक, शैक्षिक, राजनीतिक रुपमा अपांग बनेको समुदायलाई अन्य जातिसरह नभएसम्म विशेष

प्रक्रिया लागू गर्नु पर्छ र त्यो प्रक्रिया आरक्षण हो। तर, आरक्षण साध्य भने होइन, साधन मात्र हो। आरक्षणको महसुस हुम्लामा हलो जोतेको दलितले पनि गर्ने किसिमको हुनु पर्छ।

रोजगारीमा समानुपातिक नियुक्तिलाई उनीहरूको हकको रुपमा स्थापित हुनु पर्छ। अधिकांश दलितहरू भूमिहीन र सुकुमवासी भएकाले जमिनको न्यायोचित वितरण गरेर दलितहरूमा भूस्वामित्व कायम गराउनु पर्छ। परम्परागत पेसाहरू अहिले विस्थापित हुँदै गएका छन्। यसलाई आधुनीकरण गरेर दलितहरूको आयस्तरमा वृद्धि गराउने नीति सरकारको हुनु पर्छ। शैक्षिक अवस्थामा सुधार गर्नको लागि शिक्षामा सकारात्मक विभेदको नीति राज्यले लिनु पर्छ, दलितहरूको लागि। जनताको अधिकार सुनुवाइ हुने हिसाबले प्रान्तीय राज्यको व्यवस्था दलितहरूको लागि पनि अपरिहार्य हुँदै गएको छ। विकेन्द्रीकरण होइन, क्षेत्रीय स्वायत्तता दिनु पर्छ। यो प्रक्रियाबाट राज्यको पुनर्संरचना गर्न सकियो भने दलितहरूका विभिन्न समस्या समाधानका बाटातर्फ मोडिन्छन्। राजनीतिक दलभित्र सचेतनाको विकास गरेर उनीहरूभित्र पुनर्संरचना गरेर उत्पीडित समुदायप्रति उत्तरदायी बनाउनु पर्छ।


तेजबहादुर बस्नेत

▲ समय गोलमेचका सहभागीका साथमा समयका पत्रकारहरू

### अञ्जना विसुंखे
**महासचिव, अखिल नेपाल महिला संघ**

दलित उत्थानको लागि दलितहरूसँग जोडिएका आर्थिक, राजनीतिक, सामाजिक, प्रशासनिक लगायतका प्रमुख समस्यालाई सँगै सम्बोधन गर्नु पर्छ। यसको प्रस्थान विन्दुको रुपमा हरेक क्षेत्रमा 'आरक्षण अधिकार' लागू गरिनु पर्छ। आरक्षण दलितहरूको अधिकार हो। तसर्थ यसलाई अधिकारकै रुपमा दिनु पर्छ। वर्षौंदेखि राज्यले दलितहरूलाई वञ्चित गर्दै आएकाले त्यसको क्षतिपूर्ति अधिकारको रुपमा राज्यले आरक्षण दिनु पर्छ। अत्यधिक संख्यामा दलितहरू भूमिहीन छन् त्यसैले दलितहरूलाई क्रान्तिकारी भूमिसुधार लागू गरेर भूमि वितरण गरिनु पर्छ। यसले गर्दा दलितहरूको रोजीरोटीको समस्या केही हदसम्म घटाउन सकिन्छ।

दलितहरूका पुर्ख्यौली पेसाहरू खोसिँदै गएका छन्। पहिला पेसाकै कारण दलितहरू अपमानित भए अहिले यी पेसाहरू अन्य जातिको हातमा जाँदै छन्। यसले दलितलाई थप बेरोजगार बनाएर आर्थिकरुपमा अझै अशक्त बनाउने भएकाले राज्यले दलितहरूका पेसालाई आधुनीकरण गर्ने रणनीति लिनु पर्छ। छुवाछूतको चक्रीय समस्याबाट गुज्रिएका दलितहरूले आफ्ना सीपहरू सम्मानित हुँदै जान थाले पनि अन्य जातिको पोल्टामा पर्न थालेका छन्। तसर्थ दलितहरूका पेसा संरक्षण र संवर्द्धन गर्नको लागि राज्यले विशेष व्यवस्था गर्नु पर्छ। रोजगारीका सबै क्षेत्रमा दलितहरूलाई आरक्षित कोटा व्यवस्था गरिनु पर्छ।

राजनीतिक दलहरूमा पनि अझै जातीय छुवाछूत उन्मूलनका बारेमा स्पष्ट सोच विकास हुन सकेको छैन। कतिपय छुवाछूतका घटनामा प्रत्यक्ष-अप्रत्यक्षरुपमा राजनीतिक दलका नेताहरू नै संलग्न देखिएका छन्। तसर्थ राजनीतिक दलले जातीय छुवाछूत र विभेद गर्नेलाई पार्टी सदस्यता नै नदिने अभियान चलाउनु पर्छ। यसले दलहरूमा सचेतना जगाउने हुँदा छुवाछूतको मात्रामा परिवर्तन हुन्छ। दलित महिलाको समस्या सबैभन्दा दर्दनाक छ। दलितभित्रका पनि दलित र महिलाभित्रका पनि पीडित महिला हुन् दलित महिला। राज्यले दलित महिलालाई राज्यका हरेक निकायमा समाहित गराउनको लागि आरक्षणभित्र पनि आरक्ष दलित महिलाहरूलाई दिनु पर्छ। महिलालाई ३३ प्रतिशत आरक्षण संसद्ले घोषणा गरे पनि दलित महिला कसरी समेटिने भन्नेमा स्पष्टता छैन। जसले गर्दा कार्यान्वयनको सिलसिलामा फेरि निश्चित महिलाले मात्र अवसर उपभोग गर्ने अवस्था आउन सक्छ। त्यहाँभित्र दलित महिलाको हिस्सा तोकेर तुरुन्त कार्यान्वयन गर्नु पर्छ।

छुवाछूत गर्नेलाई बलात्कारीसरह दण्ड सजायको व्यवस्था गर्नु पर्छ अथवा कसैले कसैलाई जातीय आधारमा छुवाछूत तथा विभेद गरेमा उसको नागरिकतासम्म खोस्न सकिने प्रावधान राखेर जातीय विभेद अन्त्य गरिनु पर्छ। यसको प्रभावकारी कार्यान्वयनको लागि दलितहरूको लागि छुट्टै अदालतको व्यवस्था गर्नु पर्छ। प्रशासनिक क्षेत्रमा दलितहरूको प्रतिनिधित्वको लागि समानुपातिक आरक्षण लागू गर्नु पर्छ। यी सबै प्रक्रिया अन्तरिम संविधानदेखि नै सुरु गर्नु पर्छ। अन्यथा दलितहरू फेरि पनि संविधानसभामा 'भोट बैंक'कै रुपमा प्रयोग हुन्छन्। राज्यले समाजमा पछाडि परेका समुदायको विकास गर्नु आफ्नो पहिलो कर्तव्य हो भन्ने कुरा स्पष्टरुपमा बुझ्नु पर्छ।

### तीलक परियार
**अध्यक्ष, नेपाल दलित मुक्ति मोर्चा**

२ सय ३८ वर्षदेखिको सामन्ती राज्य व्यवस्था रहन्जेलसम्म दलितहरूका अधिकार स्थापित हुँदैनन्। तसर्थ संविधानसभाको निर्वाचनमार्फत समग्र राज्यसत्ताको संरचना परिवर्तन गर्नु पर्छ। दलितहरूको समस्याको मूल जड नै राज्यसत्ताको बनोट भएकाले पहिला यहीबाट परिवर्तन सुरु गर्नु पर्छ। अहिले विद्यमान राज्यका सबै संरचना एकात्मक र निश्चित जाति र समुदायप्रति वफादार छन्। यसलाई समग जनताप्रति उत्तरदायी हुने गराएर राज्यको सबै क्षेत्रमा पुनर्संरचना गर्नु पर्छ। दसवर्षे जनयुद्धमा दलितहरूलाई सेनाले प्रमुख शत्रु बनाएको थियो। पक्राउमा परेकामध्ये दकास (दमाई, कामी र सार्की) भित्र परेका भए पक्राउ परेको ठाउँमै मार्नु र अन्य भए लिएर आउनु भन्ने अर्डर सेनाका कमान्डरहरूले दिने गरेका थिए। यसको भुक्तभोगी हामी र हाम्रा आम कार्यकर्ता छन्। यो प्रवृत्ति पनि राज्यसत्ताको संरचनामा भएको विभेदकै कारण मौलाएको हो। आर्थिक, सामाजिक लगायतका सबै क्षेत्रमा पछाडि परेका दलितहरूले दसवर्षे जनयुद्धमा सबैभन्दा असुरक्षित भएर बाँच्नु पर्‍यो भने सयौं दलितले व्यर्थै ज्यान गुमाउनु पर्‍यो। तसर्थ दलितहरूको असली दुस्मन सामन्ती राज्य व्यवस्था नै हो। संविधानसभामा दलितहरूको अधिकार कसरी स्थापित गर्ने भन्ने सवालमा समानुपातिक प्रतिनिधित्वले मात्र पुग्दैन। एकजनाको प्रतिनिधित्व भए पनि त्यो समावेशी हुन्छ। तसर्थ दलितहरूको लागि विशेषाधिकारको व्यवस्था संविधानसभाले गर्नु पर्छ। समानुपातिक प्रतिनिधित्व नैसर्गिक अधिकार हो। सयौं वर्षदेखि शोषणमा पार्दै आएको समुदायलाई अन्य समुदायसरह बनाउनको लागि थप अधिकारसहित विशेषाधिकार चाहिन्छ। असमानहरूबीच समान प्रतिस्पर्धा कुनै पनि समाजमा हुन सक्दैन। त्यसैले सामाजिक, आर्थिक लगायतका सबै क्षेत्रमा राज्यका कानुनद्वारा नै अपांग बनाएको दलित समुदायलाई राज्यले विशेषाधिकारको ग्यारेन्टी गरेर अन्य जातिसरह बनाउनु पर्छ। विशेषाधिकार अन्तरिम विधानमै लेखिनु पर्छ र त्यसको आधारमा संविधानसभाको निर्वाचनमा दलितहरूको प्रतिनिधित्व गराउनु पर्छ। राज्यका निकायमा मात्रै होइन, सबै राजनीतिक दलहरूमा समेत विशेषाधिकार लागू गरेर २० प्रतिशत प्रतिनिधित्वको ग्यारेन्टी हुनु पर्छ।



सामाजिक अपराधको रुपमा रहेको जातीय छुवाछूत अन्त्यको लागि राज्यका निकायका साथै राजनीतिक दलहरूले पनि कडा व्यवस्था गर्नु पर्छ। दलहरूको विधानमा छुवाछूत गर्ने कार्यकर्ता र नेताहरूलाई कडा कारबाही गर्ने र पार्टी सदस्यबाट समेत निष्कासन गर्ने प्रावधान राखिनु पर्छ। सरकारी कर्मचारी र दलका नेताहरूले छुवाछूत गरेमा निश्चित अवधिसम्म नागरिकबाटै अयोग्य घोषणा गरिनु पर्छ। यस्ता प्रावधान राखियो भने कलंकको रुपमा रहेको जातीय छुवाछूत राज्यबाट निर्मूल गर्न सकिन्छ।

राजनीतिक दलहरू अझै सचेत नहुने र दलितहरूका समस्या समाधानतर्फ संवेदनशील नहुने हो भने माओवादीले हतियार बिसाए पनि अरूले फेरि हतियार उठाउँछन्। तसर्थ यो अवस्था सृजना नगर्न राज्य अहिले नै सचेत हुनु पर्छ। कसैको अधिकार खोसिएको छ भने निश्चितरुपमा कुनै न कुनै समयमा ऊ विद्रोहमा उत्रन्छ।

धर्मनिरपेक्षतामा आधारित संघीय गणतन्त्रात्मक राज्यप्रणाली लागू गरेर सबै समुदायलाई समाधान गर्नतर्फ संविधानसभाको जोड हुनु पर्छ। जातीय, क्षेत्रीय अधिकारसहितको आत्मनिर्णयको अधिकार दिन जरुरी छ। दलितहरूलाई राज्यले विद्रोह गर्ने अधिकारसहितको अधिकार दिनु पर्छ। यसले राज्यलाई टुक्राउने होइन उत्पीडनबाट मुक्त गर्छ।

आर्थिक समस्या हल गर्नको लागि सामन्ती जमिनदारहरूको कब्जामा रहेको हजारौं बिघा जग्गा हदबन्दीमार्फत राष्ट्रियकरण गरेर भूमिहीन दलितहरूलाई वितरण गर्नु पर्छ। यसले आर्थिक समस्या हल गर्न सहयोग पुर्‍याउँछ। यसका लागि निजी कलकारखानामा समेत दलितहरूको अनिवार्य प्रतिनिधित्व कायम गराउनु पर्छ। यसले दलितहरूको आर्थिक विपन्नताको समस्या हल हुन्छ। राजनीतिक दलहरूले नै जातीय छुवाछूत अन्त्य गर्ने किसिमको संवैधानिक व्यवस्था गर्नु पर्छ।

## मिठाराम दुखी विश्वकर्मा
**नेपाली कांग्रेस**

अन्तरिम संविधानमा राजनीतिक दलले दिएको सुझाव हेर्दा अझै उनीहरू दलितहरूको समस्या समाधानमा सचेत भएको देखिएको छैन। अन्तरिम मस्यौदा संविधानले दलितहरूको पूरै उपेक्षा गरेको छ। यसले संविधानसभाको चुनावमा पनि दलितहरूले निर्वाचनमा जित्ने अवस्था सृजना गर्नेभन्दा पनि उम्मेदवारका लागि उम्मेदवार बनाउने अवस्था देखिएको छ। दलहरूको यो साँगुरो सोचले जनआन्दोलनको पूरै अवहेलना गरेको देखिन्छ। दलहरूमा उत्पीडित समुदायको विकास गरेर समग्र देश विकास गर्ने प्रतिबद्धता नहुने हो भने दलितहरू फेरि पनि पछि पर्नेछन्।

दलितहरूको बसोवास हेर्ने हो भने मुलुकभर छरिएर रहेका छन्। यसले कुनै निर्वाचन क्षेत्र तोकेर दलितहरूलाई उठाउँदा जित्ने सम्भावना देखिँदैन। तसर्थ संविधानसभाको निर्वाचनको प्रक्रियादेखि नै समानुपातिक प्रतिनिधित्वका आधारमा दलितहरूको सबै निकायमा प्रतिनिधित्व गराउनु पर्छ। सबै राजनीतिक दलहरूले यसको नैतिक जिम्मेवारी लिएर अबका अन्य प्रक्रियामा समावेशी राज्य व्यवस्थाको सिद्धान्तअनुरुप राज्य संचालन गर्नु पर्छ।

जनआन्दोलनपछि पुनःस्थापना भएको संसद्ले महिलालाई राज्यका सबै निकायमा ३३ प्रतिशत आरक्षणको व्यवस्था गरेजस्तै दलितहरूका लागि पनि यसैगरी कोटा तोक्नु पर्छ। सिद्धान्ततः राजनीतिक दलका दुई उद्देश्य हुन्छन्, एउटा राजनीतिक र अर्को वर्गीय। तर, नेपालका प्रमुख राजनीतिक दललाई हेर्ने हो भने उनीहरूमा वर्गीय चेतना देखिँदैन। दसवर्षे जनयुद्ध गरेको माओवादीले समेत वर्गीय मुद्दा प्रभावकारीरुपमा उठाउन सकेको छैन। लोकतन्त्रको नाममा सुरु भएको आन्दोलनले समाजमा जरो गाडेर रहेको सामन्तवाद र ब्राह्मणवादलाई निर्मूल पार्नु पर्छ। तब मात्र जनताले वास्तविक लोकतन्त्रको अनुभूति गर्न पाउँछन्।

द्वन्द्वको चरम मारमा परेका दलितहरूले अब बन्ने राज्यको पुनर्संरचनामा उनीहरूको अधिकारको सुनिश्चितता भएको महसुस गर्ने अवस्थाको सिर्जना राज्यले गर्नु पर्छ। दलितहरूको राज्यका हरेक निकायमा जनसंख्याको आधारमा समानुपातिक प्रतिनिधित्वको सुनिश्चितता गरिनु पर्छ। प्रतिनिधित्व वा कोटा वा आरक्षणका बारेमा भिन्न भिन्न प्रतिशतको माग गरिने गरे पनि जनसंख्यालाई आधार मान्दा बढी वैज्ञानिक हुन्छ। जनसंख्यालाई आधार मानेर राज्यका हरेक निकायमा निश्चित समयावधिका लागि दलितहरूलाई आरक्षण लागू गरेर यो समुदायको विकासको ढोका खोलिनु पर्छ। जनसंख्याका आधारमा आरक्षण दलितहरूलाई सरकारी निकायमा मात्रै होइन, गैरसरकारी क्षेत्रमा समेत दिने व्यवस्था संविधानसभामार्फत बन्ने नयाँ संविधानले गर्नु पर्छ।

आर्थिकरुपमा समाजमा सबैभन्दा पछाडि दलितहरू भएकाले गर्दा उनीहरूको आर्थिक अवस्थामा सुधार गर्नको लागि कृषि क्षेत्रमा व्यापक सुधार गर्नु पर्छ। सामूहिक कृषि फारमको अवधारणाअनुरुप दलितहरूको आयस्तरमा वृद्धि गर्ने नीति सरकारको हुनु पर्छ। दलितहरूको बस्तीमा न्यूनतम आधारभूत आवश्यकता समेत नभएकाले गर्दा विभिन्न जिल्लामा आधारभूत सुविधासहितको दलितहरूको नमुना बस्ती बसालेर उनीहरूलाई रुपान्तरण गरिनु पर्छ। नेपालको प्राकृतिक स्रोत र साधनमा दलितहरूको हक स्थापित गरेर उनीहरूको आय वृद्धि गरिनु पर्छ।

## रामप्रित पासवान
**उपाध्यक्ष, राष्ट्रियसभा**

मधेसी दलितहरूको समस्या दर्दनाक छ। जातीय छुवाछूतका साथै गरिबीको चरम मारमा पनि यो समुदाय परेको छ। नागरिकता नभएका कारण राज्यले धेरथोर दिँदै आएको सुविधासमेत उपभोग गर्नबाट यो समुदाय पूर्णरुपमा वञ्चित छन्। तसर्थ संविधानसभाको निर्वाचनले तराई दलितहरूको गरिबीलाई समेत सम्बोधन गर्ने ग्यारेन्टी लिनु पर्छ राज्यले। अधिकांश दलितहरू पेसाबाट विस्थापित भएका छन् जसले गर्दा सृजना भएको बेरोजगारीको समस्या पनि तराई दलितहरूको ठूलो समस्याको रुपमा देखापरेको छ। तराईका अधिकांश दलितहरू कृषि मजदुरी गर्छन्, तर उनीहरूको नाममा एक टुक्रा पनि भूमि छैन। साक्षरता प्रतिशत हेर्ने हो भने पनि कहालीलाग्दो छ। मानव विकासका सबै सूचकांकहरूमा सबैभन्दा तल तराईका दलितहरू नै छन्। तसर्थ जातीय समस्यासँगै जोडिएको वर्गीय समस्यालाई साँगुर्‍याउने लक्ष्य संविधानसभामार्फत बन्ने नयाँ संविधानको हुनु पर्छ। अधिकांश राजनीतिक दलका नेताहरूमा वर्गीय चिन्तन देखिँदैन।

राजनीतिक दलका नेताहरूको मानसिकता अझै पनि रुढिवादी र सामन्ती प्रकृतिको छ। तसर्थ दलितहरूभित्र पनि सबै जाति समेटिने खालको आरक्षणको टुंगो संविधानसभाले लगाउनु पर्छ। संघात्मक राज्यप्रणाली र स्वायत्त प्रदेशका आधारमा राज्यको पुनर्संरचना गरेर दलितहरूको भूमि र सुकुमवासीको समस्या समाधान गरिएन भने फेरि पनि दलितहरूको अवस्था जस्ताको तस्तै हुन्छ। दलितहरूले भोगचलन गर्दै आएका जग्गाको लालपुर्जा नागरिकताका कारण वितरण हुन सकेका छैनन्। राज्यले संविधानसभाको निर्वाचनअगाडि नै नागरिकताको समस्या समाधान गरेर उनीहरूलाई तुरुन्त भूमि वितरण गर्नु पर्छ। संविधानसभाको निर्वाचनअघि नै नागरिकताको समस्या समाधान नभएका दलितहरूले फेरि पनि पहिलाकै नियतिको सिकार हुनु पर्छ। राज्यसत्तामा दलितहरूको समानुपातिक प्रतिनिधित्विको ग्यारेन्टी अन्तरिम संविधानबाटै गरिनु पर्छ। आरक्षण गाउँदेखि नै सुरु गर्नु पर्छ। तराईको मुसहर र डोमले आरक्षणको अनुभव गर्न पाउने संयन्त्र तयार गर्ने दायित्व राज्यको हो। तसर्थ सयमा चनाखो हुनु पर्छ। आरक्षणबाट प्राप्त सुविधा उपभोग गराउनेसम्म बनाउने दायित्व पनि राज्यले लिनु पर्छ। यसका लागि दलितहरूमा विभिन्न किसिमका तालिम लगायत अनिवार्य शिक्षा लागू गर्नु पर्छ। भेदभावका कारण विस्थापित भएका पेसालाई आधुनीकरण गर्नेतर्फ राज्यले विशेष कार्यक्रम लागू गरेर तराईका दलितहरूको आर्थिक अवस्थामा सुधार गर्नु पर्छ। परम्परागत र एकात्मक राज्यप्रणालीका कारण राज्यका निश्चित समुदाय वा क्षेत्रका नागरिक पछाडि मात्रै परे। तसर्थ आत्मनिर्णयसहितको अधिकार दिएर संघीय राज्यको अवधारणाअनुरुप राज्य संचालन गरिनु पर्छ।

*(समय शोधकेन्द्र)*



दर्जी समुदायमा सबभन्दा धेरै पढेकी कल्पना सुजी

# बत्तीमुनि अँध्यारो

> 'बाली हटाएर ज्यालामा काम गर्छु भनौं भने भाउ खोज्न थालेछ भन्लान् भन्ने डरले कामअनुसारको दाम नपाए पनि काम गरिरहेका छौं',

**बरबोटे गाविस** सदरमुकामसँगै जोडिएको छ । मेची राजमार्ग यही गाविस चिरेर जान्छ । बिब्ल्याँटेदेखि माइपोखरी, जमुना, माबु जाने सडकले पनि यही गाविस चिरेर गएको छ । हरेक वडामा विद्युत्, टेलिफोनको सेवा उपलब्ध छ, एक उच्च मावि, दुई मावि, एक निमावि र छ वटा प्राथमिक विद्यालय छन् । सदरमुकामबाट नजिकै भएर नै पनि यस गाविसमा दलित, महिला, विपन्न वर्गको सचेतना र उत्थानका नाममा थुप्रै सरकारी र गैरसरकारी संस्थाले थुप्रै कार्यक्रम सञ्चालन गरेका छन्, गरिरहेका छन् । तर, बरबोटे-९ को दलित बस्तीको अवस्था उस्तै दयनीय छ, सचेतना र उत्थानका कार्यक्रमले उनीहरूलाई रतिभर छोएको छैन ।

त्यहाँ परम्परागत पेसा अपनाएर बसेका १५ घरपरिवारको दलित समुदाय छ । त्यो समुदायमा साक्षर युवा र प्रौढ भेट्नै मुस्किल पर्छ । जब कि २०५८ सालको जनगणनाअनुसार नै बरबोटे गाविसको साक्षरता ७० प्रतिशत छ । दलित समुदायको नयाँ पुस्ताका केटाकेटी विद्यालय जान थालेका त छन्, तर पढाइ सात कक्षाभन्दा माथि कसैको छैन । 'केटाहरू तीनचार कक्षा पढेर छोडिहाल्छन् । केटीहरू छसात कक्षासम्म त पुग्छन्, त्यसपछि बिहे गरेर गइहाल्छन्', लोकबहादुर सुजीले भने ।

छोराहरूको तुलनामा बुहारीहरू बरु पढेलेखेको हुन् पनि त्यो समुदायको रमाइलो पक्ष छ । उनीहरू माइतमा पढेर आएका हुनाले श्रीमान्को गाउँमा उनीहरू बढी पढ्नेमा दरिएका हुन् । दर्जी समुदायमा सबभन्दा धेरै पढेकी कल्पना सुजीले माइती गाउँ कन्याममै आठ कक्षासम्म पढेकी हुन् । बिहेपछि उनले पढाइलाई निरन्तरता दिन सकिनन् । उता आठ कक्षा पढेकी पवित्रा रसाइली पनि विश्वकर्मा समुदायमै सबैभन्दा बढी पढ्नेमा दरिन्छिन् । उनले कक्षा आठसम्म माइतीघर दानाबारीमा पढेकी हुन् । 'हामी त आफ्ना छोराछोरीलाई धेरै पढाउन सक्दैनौं, अलिअलि पढेर मुखमा माड लाग्दैन । बरु, नपढेकै बेस', दुर्गा रसाइलीले बताए ।

अधिकांश परिवारको आम्दानीको स्रोत परम्परागत पेसा रहेको छ भने अन्यले बनिबुतो गरेर परिवार पालिरहेका छन् । गाउँमा बालीप्रथा अझै कायमै छ । 'वर्षभर लुगा सिलाएबापत एक व्यक्ति बराबर तीन पाथी धानमात्र पाउँछौं', सहरमान सुजीले बताए । 'बाली हटाएर ज्यालामा काम गर्छु भनौं भने भाउ खोज्न थालेछ भन्लान् भन्ने डरले कामअनुसारको दाम नपाए पनि काम गरिरहेका छौं', उनले बताए । बरबोटे गाविसमा करिब असीवटा बचत समूह गठन भएका छन्, तर ती कुनै समूहमा पनि उनीहरू अहिलेसम्म समेटिन सकेका छैनन् ।

## महिनावारी हुँदा घरबाहिर वास

ओखे र रातमाटेको दलित समुदायमा महिनावारी हुँदा छोरीलाई घरदेखि टाढा पठाउने सदियौंदेखिको चलन अझै कायमै छ । महिनावारी भएकी छोरीले घरको धुरी र माइतीलाई हेर्दा घरको कुल बिग्रने हुनाले घर र माइती नदेखिने गरी टाढा पठाउने गरेको इन्द्रमाया रसाइलीले बताइन् । 'छोरीलाई टाढा नपठाउँदा छरछिमेकले 'फल्नाकी छोरी पर सरिछे, तर घरमै बसेकी छे' भनेर कुरा काट्न थालिहाल्छन्', उनले थपिन् ।

उनीहरूले छोरीलाई पहिलोपटक महिनावारी भएका बेला कोही माइतीले नदेख्ने ठाउँका आफन्त फूपु, दिदी वा मन मिल्ने साथीको घरमा पठाउने गर्छन् । चारदेखि सात दिनसम्म बसेपछि मात्र उनीहरू घर फर्कन पाउँछन् । 'हामीले छोरीलाई माया नगरेर टाढा पठाएको होइन, चलिआएको चलनलाई मानेका हौं, हाम्रा बुबाआमाले पनि हामीलाई यसरी नै टाढा पठाउँथे' मंगलीमाया रम्तेलले बताइन् । त्यस समुदायमा छोरी माइतमै सुत्केरी भइन् भने एक महिनासम्म घरभित्र छिर्न दिइँदैन । 'कुलले नसहने भएकाले छोरीलाई भित्र पस्न दिँदैनौं', दुर्गा रसाइलीले भने । 'छोरीहरू धेरैजसो उनीहरूकै घरमा सुत्केरी हुन्छन् । कहिलेकाहीं मात्र माइतमा सुत्केरी हुने गर्छन् । त्यस बेला छोरीलाई घरबाहिर बारेर राख्छौं,' उनले बताए ।


■ **रोशन साँवा/इलाम** (तस्बिर पनि)



सानै उमेरमा विवाह गरेर आमा बनेका दलित महिला

# एकीकरणमा गति

■ विशेष संवाददाता/काठमाडौं



भास्कर ओझा

## ‘समृद्ध भविष्यका लागि एकता’

**मलाई पूर्ण आशा छ कि हामीबीचको सम्पूर्ण एकताको अत्यन्त गम्भीर प्रभाव माओवादीहरूमा पनि पर्नेछ। देशमा संवैधानिक राजतन्त्र र पूर्ण प्रजातन्त्र दिगोरुपमा रहनु आवश्यक छ, अनन्तकालसम्म।**

**लामो समयसम्म राजनीतिक गतिविधि र मञ्चहरूमा अनुपस्थित भट्टराई अहिले कांग्रेस एकीकरणका सशक्त आवाज बनेका छन्। एकीकरण भएपछि मात्र संसद्मा जाने आफ्नो प्रतिज्ञामा दृढ छन् उनी। प्रस्तुत छः *समय*सँगको छोटो कुराकानी–**

**कांग्रेस एकताको आवश्यकता किन महसुस गर्नुभयो ?**

- कुनै पनि समय संविधानसभाको निर्वाचन आह्वान हुनसक्ने अवस्थामा हामी बेग्लाबेग्लै पार्टीका रुपमा लड्दा प्रजातन्त्र र नेपाली कांग्रेसको सिद्धान्तको मात्र हैन, सम्पूर्ण मुलुककै पनि अहित हुनेछ। यसबारे दुवै दलमा एउटा धारणा छ। यो एकीकरणले प्रजातन्त्रलाई सुदृढ पनि गर्नेछ।

**तर, चार वर्ष सिद्धान्तका नाममा अलग अस्तित्व बनाएका दलहरूको मिलन त्यति सरल छ र ?**

- हो, यो कार्य सहज छैन। चार वर्षसम्म विभाजित पक्षहरूका हरेक स्तरका समितिलाई स्वीकार गरेर अगाडि बढ्नु पर्छ। त्यसो भएमा मात्र एकता प्रभावकारी हुन्छ।

**के वर्तमान द्वन्द्व र माओवादी सशक्त भएकाले एकता आवश्यक भएको हो ?**

- हामीले मुलुकको समग्र परिस्थिति र प्रजातन्त्रको सुदृढीकरणका लागि अनि मुलुकको समृद्ध भविष्यका लागि एकता चाहेका छौं। प्रजातन्त्र कमजोर हुनु भनेको कांग्रेसको इतिहास र आदर्श कमजोर हुनु हो। यो हामी सबैले बुझ्नु पर्छ।

मलाई पूर्ण आशा छ कि हामीबीचको सम्पूर्ण एकताको अत्यन्त गम्भीर प्रभाव माओवादीहरूमा पनि पर्नेछ। देशमा संवैधानिक राजतन्त्र र पूर्ण प्रजातन्त्र दिगोरुपमा रहनु आवश्यक छ, अनन्तकालसम्म।

(पुन:स्थापित) संसद् **अधिवेशनमा भाग लिऊँ कि नलिऊँ ?' अधिवेशनसम्म दुवै नेपाली कांग्रेसको एकीकरण होला कि ! त्यसो नभएपछि म संसद्मा जाने कुरा भएन ।**

**'तर एउटा सुखद खबर आयो । जिपिके (गिरिजाप्रसाद कोइराला)ले तुरुन्त भेट्न पूर्ण (खड्का)लाई फोन गर्नुभयो । छिट्टै दुवै पार्टीको एकीकरण भएको हेर्न आफू इच्छुक रहेको कुरा केपी (कृष्णप्रसाद)लाई तत्काल सुनाउन पनि जिपिकेले भन्नुभयो । त्यो सन्देशका साथ पूर्ण मेरो घर आउनुभयो ।'**

**पूर्णबाट खबर पाएपछि म त्यो प्रस्तावसँग सहर्ष तुरुन्त सहमत भएँ अनि मेरो भैंसेपाटीको मेरै 'बेडरुम'बाट पूर्णले गिरिजाबाबुलाई फोन गरे । त्यसपछि केही समयमै गिरिजाबाबु मेरो निवासमा आई कुनै पनि मूल्यमा आफू पार्टी एकीकरणका लागि तयार रहेको मलाई बताउनुभयो ।**

यो कांग्रेस संस्थापक नेता कृष्णप्रसाद भट्टराईको २०६३ भदौ २६ गते दिन 'अंग्रेजी'मा लेखिएको दैनिकी (डायरी)को नेपाली अनुवाद हो ।

भदौ २६ गते भैंसेपाटी गएका प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला कृष्णप्रसाद भट्टराईसँग कांग्रेस एकताले प्राथमिकता पाउनु पर्ने र त्यसमा भट्टराईको सक्रियता हुनु पर्ने सुझाव दिए ।

झन्डै ९० मिनेट लामो उक्त भेटघाटमा कोइरालाले आफ्नो स्वास्थ्य मात्र हैन, मुलुकमा प्रजातन्त्रको संवर्द्धन र सुदृढीकरणका लागि पनि चार वर्षअघि विभाजित दुई कांग्रेस एक हुनु पर्ने आफ्नो मान्यता दोहोर्‍याए । कांग्रेस प्रजातान्त्रिकका नेता शेरबहादुर देउवा हाल विदेश यात्रामा रहेकाले उनको आगमनपछि एकीकरण प्रक्रियाले सकारात्मक तीव्रता पाउने आशा नेताद्वयले राखेका छन् ।

कांग्रेस विभाजन केही सैद्धान्तिक विषयलाई लिएर भएकाले तिनीहरूलाई सम्बोधन नगरेसम्म एकता अर्थहीन हुने अडान कांग्रेस प्रजातान्त्रिक भित्रबाट प्रदीप गिरीले राख्दै आएका छन् । उता देउवाले कोइरालासँग आफू एकताको पक्षमा रहे पनि केन्द्रदेखि गाउँसम्म विभाजित पार्टीको एकीकरण 'सम्मानजनक' रुपमा हुनु पर्ने अडान लिएका छन् ।

तर पार्टीका केही मध्यस्तरीय नेताहरूले भने देउवाले एकीकृत पार्टीमा 'सभापति' पदको आश्वासन चाहेको आरोप लगाएका छन् । 'यो निराधार प्रचार हो', कांग्रेस प्रजातान्त्रिकका उपाध्यक्ष प्रकाशमान सिंह भन्छन् ।

गत साता कोरिया जानुअघि देउवा कोइराला भेटमा पार्टी एकीकरणको प्रारुप तयार गर्ने दुई पक्षबाट ३-३ जनाको कार्यदल बनाउने सहमति भएको थियो । उपाध्यक्ष सिंहका अनुसार प्रस्तावित संविधानसभा निर्वाचनअघि एकीकरण गर्न सिद्धान्ततः दुवै पक्ष सहमत भएको र त्यो एकीकरण पूर्ण र सम्मानजनक हुनु पर्ने प्रजातान्त्रिकको अडान हो । 'दुवै दलले एघारौं महाधिवेशन गरी विभिन्न महत्त्वपूर्ण प्रस्तावहरू पारित गरेको र ती प्रस्तावको समायोजनका साथै प्राविधिक तथा निर्वाचित र क्रियाशील सदस्यहरूका सम्बन्धमा पनि निर्णय गरिनु पर्छ', सिंह भन्छन् ।

कोइरालाले यो विषयको निराकरण हुनु पर्ने मान्यता अस्वीकार नगरे पनि पार्टीका संस्थापक नेता भट्टराईको नैतिक हैसियतले एकीकरण प्रक्रियाको गतिलाई तीव्रता दिने विश्लेषण गरेको देखिन्छ । 'म कुनै पनि सर्तमा कांग्रेस एकीकरण चाहन्छु', उनले भट्टराईलाई भने । उता कोइरालाले देउवासँगै कांग्रेस प्रजातान्त्रिकका देउवाविरोधी खेमा र नेतृत्वसँग तटस्थता राख्दै आएका समूहहरूसँग पनि छुट्टाछुट्टै सम्पर्क गरिरहेका छन् । भट्टराईले संसद् पुन:स्थापित भएदेखि नै दुवै पार्टीको एकीकरण नभएसम्म आफू संसद् नजाने घोषणा गरेर एकता प्रक्रियाका अगुवाका रुपमा आफूलाई स्थापित गरेका थिए ।

कोइरालाले बिपी जयन्तीसम्म एकता कार्यान्वयन गर्ने फैसला गरे पनि त्यो वास्तविकताभन्दा ज्यादा भावात्मक आग्रहका रुपमा उनले अभिव्यक्त गरेका हुन् । तर, संविधानसभाको निर्वाचन एकीकृत दलका रुपमा लड्नु पर्ने तथा त्योभन्दा पहिले पनि प्रजातान्त्रिक शक्तिहरूको विखण्डन मुलुककै लागि अहितकर हुने कुरामा पनि दुवै नेता सहमत थिए । देउवाको तर्फबाट ढिलाइ भएमा शरद भण्डारी, विजय गच्छदार, चिरञ्जीवी वाग्ले तथा बलबहादुर केसी लगायत सांसदहरू कोइराला कांग्रेसमा भित्रिन तयार रहेको भए पनि त्यसो गर्दा नेपाली कांग्रेसको एकीकरणमा व्यवधान उत्पन्न हुने निष्कर्ष पनि एकीकरणमा सक्रिय हुने दुवै पक्षका नेताहरूले निकालेका छन् ।

एकीकरण प्रक्रिया शीर्षस्थ नेताहरूको वार्तापछि केही अगाडि बढे पनि त्यसलाई व्यवहारिक जामा ओढाउन कठिनाइहरू अझै बाँकी देखिन्छन् । ■

**राजाका विगतका गतिविधिहरूले उनको नियतबारे आशंका बढाएको छैन र ?**

- मलाई लाग्छ ती आशंकाहरू निर्मूल हुनु पर्छ । प्रजातान्त्रिक शक्तिहरू बलियो भएमा या नेपाली कांग्रेसको एकीकरण भएमा ती आशंकाहरू निर्मूल हुनेछन् ।

**के शेरबहादुर देउवाजीले तपाईंहरूबीचको सहमति या समझदारीलाई आदर गर्लान् ?**

- अहिले देउवाजी विदेशमा हुनुहुन्छ । उहाँ हामी जत्तिकै यो मुलुकको हितैषी र मुलुकको परिस्थिति 'ट्रयाक'मा आओस् भन्ने चाहना राख्नुहुन्छ भन्ने कुरामा म आश्वस्त छु । त्यसैले उहाँले एकीकरणलाई खुसीसाथ समर्थन गर्नु हुनेछ भन्ने मेरो विश्वास छ ।

**अब के संसद् जानुहुन्छ त ?**

- मैले एकताका लागि नैतिक दबाब दिन नै संसद् नजाने निर्णय गरेको हुँ । म एकीकरणप्रति प्रतिबद्ध छु र आफ्नो नैतिक हतियार प्रयोग गरी नै रहनेछु त्यसका लागि । ■




भास्कर ओझा

**अन्तरिम संविधान मस्यौदा समितिमा माओवादी समर्थक सदस्यहरू स्पष्टरुपमा 'प्रतिबद्ध न्याय प्रणाली'को पक्षमा थिए । बहुमतले त्यसलाई स्वीकार गर्न चाहेन, तर 'प्रतिबद्ध न्यायपालिका' वा 'कार्यकारी मातहत' न्यायालय रहनु पर्ने माग अब न्यायालयमा टड्कारो रूपमा सुनिन थालेको छ ।**

# राजनीतिमा न्यायालय

■ विशेष संवाददाता/काठमाडौं




तस्वीरहरू : तेजबहादुर बस्नेत

**असफल र अपूर्ण** मानिएको अन्तरिम संविधान लेखनविना सहमति टुंगिएपछि त्यसले अन्तरिम संविधानको भविष्यलाई मात्र हैन, मुलुकको वर्तमान न्यायप्रणालीलाई पनि संकटको जालोमा बेरेको छ । अन्तरिम संविधान मस्यौदा समितिमा माओवादी समर्थक सदस्यहरू स्पष्टरुपमा 'प्रतिबद्ध न्याय प्रणाली'को पक्षमा थिए । बहुमतले त्यसलाई स्वीकार गर्न चाहेन, तर 'प्रतिबद्ध न्यायपालिका' वा 'कार्यकारी मातहत' न्यायालय रहनु पर्ने माग अब न्यायालयमा टड्कारो रूपमा सुनिन थालेको छ ।

पुनःस्थापित संसद्ले विजयोन्मादका साथ प्रधानन्यायाधीश र सबै सर्वोचका न्यायाधीशहरूले सदनमा शपथ लिनु पर्ने मान्यता सार्वजनिक गरेपछि वरिष्ठ न्यायाधीश सार्वजनिक रुपमै त्यसको प्रतिवादमा उत्रेका थिए- त्यसो गर्नुको साटो राजीनामा दिनु श्रेयस्कर हुने उनको अडान थियो । न्यायालयलाई विधायिकाको सहायक अंग वा त्योभन्दा मुनि राख्ने एउटा खतरनाक खेल त्यहीं तुहिएको थियो । शर्माको अडानले शक्ति पृथकीकरणको सिद्धान्तलाई अपनाउन सरकार र सदनका लागि बाध्यात्मक परिस्थिति सिर्जना गरेको थियो ।

तर अहिले नयाँ संस्करणका साथ अदालतमाथि त्यो दबाब बढ्न थालेको छ र 'अदालत'को तटस्थता कायम राख्न सार्वजनिक उद्घोषका साथ अगाडि आएका छन्, प्रधानन्यायाधीश दिलीपकुमार पौडेल ।

अन्तरिम संविधान क्रियाशील भएपछि न्यायाधीशहरूको पुनर्नियुक्ति हुनु पर्ने मागहरूले बहसको रुप लिएपछि प्रधानन्यायाधीश पौडेलले 'कमान' सम्हालेका हुन् । संचारमाध्यमसँग खुलारुपमा बोल्न नचाहने पौडेलले आफ्ना भनाइहरू राष्ट्रिय न्यायिक प्रतिष्ठान तथा बालकल्याण समितिद्वारा आयोजित बेग्लाबेग्लै कार्यक्रममा सार्वजनिक गरेका हुन् । र, न्यायालयको प्रतिष्ठानमा आघात पुऱ्याउने काममा सहभागी हुनुभन्दा राजीनामा दिनु श्रेयस्कर ठान्ने पौडेलले व्यापक समर्थन समेत हासिल गरेका छन् यो अभियानमा ।



ज्ञानेश्वरस्थित पूर्व प्रधानन्यायाधीश विश्वनाथ उपाध्यायको निवास झन्डै 'गुरुकुल'मा परिणत भएको छ, न्यायालयको स्वतन्त्रता बचाउने वर्तमान अभियानमा । सार्वजनिक अन्तर्वार्ता वा प्रवचन दिन नरुचाए पनि उपाध्यायले प्रधानमन्त्री कोइरालालाई अदालतको स्वतन्त्रता सुरक्षित राख्न आग्रह गरेका छन् । हालै उनलाई भेट्न गएका तीनजना न्यायाधीशहरू केदारप्रसाद गिरी, अनुपराज शर्मा र कल्याण श्रेष्ठलाई उनले संविधानसभापछि न्यायालय र न्यायिक व्यवस्थामा व्यापक सुधारको आवश्यकता रहेको तर त्योभन्दा पहिले न्यायाधीशहरूको मर्यादामा खेल्ने कुनै पनि राजनीतिक कदमलाई अस्वीकार गरिनु पर्ने सुझाव दिएका थिए ।

अन्तरिम संविधान मस्यौदा कमिटी आवश्यक नै नभएको र त्यसको साटो २०४७ कै संविधानलाई संशोधन गरी अन्तरिम व्यवस्था चलाउनु पर्ने मान्यता राख्ने उपाध्यायले 'अदालत भत्किएमा' अराजकता उत्पन्न हुने चेतावनी समेत उनलाई भेट्न जाने न्यायाधीशहरूलाई दिएका थिए ।

'अन्तरिम संविधान आवश्यकै नभएको कुरामा म सहमत छु', मस्यौदा समितिका सदस्य रहेका शम्भु थापा भन्छन् । माओवादी पक्षको 'राजनीतिक र अव्यवहारिक' अडानकै कारण मस्यौदामा सहमति बन्न नसकेको उनको भनाइ छ ।

एकातिर मस्यौदा सतिमितका सदस्यहरू पूर्णरुपमा आफ्नो दलको राजनीतिक नियन्त्रणमा रहेको र अर्कोतिर माओवादी दलले मस्यौदा समितिलाई बुझाएको सुझावमा प्रस्तावित संविधानसभामा आफ्नो स्पष्ट बहुमत खोज्नुका साथै न्यायपालिकादेखि सबै संवैधानिक निकायमा नयाँ नियुक्ति गर्नु पर्ने माग राखेपछि न्यायालय सशंकित बन्न पुगेको हो । 'नयाँ नियुक्तिमा संविधान मस्यौदा समितिमा जस्तै कोटाको आधारमा न्यायाधीशहरू नियुक्त भए के गर्ने ?', एकजना न्यायाधीशको प्रश्न थियो ।

वास्तवमा यस्ता आशंका बढ्न थालेपछि प्रधानन्यायाधीश पौडेलले विभिन्न अन्तरक्रियामा भाग लिन थालेका हुन् । 'न्यायपालिका जति स्वतन्त्र र सक्षम भयो त्यति नै राज्यको कानुनी शासनको सम्मान हुन गई नागरिकका मानवअधिकार संरक्षण हुने र नागरिकहरूको बृहत्तर कल्याणबाट नै लोक कल्याणकारी राज्यको प्रतिबद्धता पूरा हुने कुरामा कसैको दुई मत होला जस्तो लाग्दैन', केन्द्रीय बालकल्याण समितिद्वारा राजधानीमा गत साता आयोजित एक सम्मेलनमा उनले भने ।

'न्यायाधीशहरूको पुनर्नियुक्तिले उसलाई राजनीतिक शरण वा साँठगाँठमा पुऱ्याउन सक्छ । यो खतरनाक र प्रत्युत्पादक सिद्ध हुनेछ', एकजना वरिष्ठ अधिवक्ता भन्छन् । अन्तरिम अवस्थामा

पनि न्यायपालिका 'स्थायी' प्रकृतिको हुनु पर्ने धेरैको मान्यता छ। अन्तरिम राजनीतिक व्यवस्थामा स्थायी न्यायपालिकालाई ध्वस्त गर्नुको साटो त्यसलाई स्वतन्त्र र बलियो बनाइनु पर्ने मान्यता पनि बारमा बढ्दो छ।

खास गरेर पुनःस्थापित संसद् वा अस्थायी विधायिका वा कार्यपालिकाबाट न्यायिक व्यवस्थामा मौलिक हेरफेर गर्ने परम्पराले भविष्य न्यायिक अराजकता पनि उत्पन्न गराउन सक्छ। यी कुरा धेरैपल्ट प्रधानमन्त्रीसमक्ष पनि राखिएको छ, बार र न्यायपालिका क्षेत्रका केही प्रमुख व्यक्तिहरूद्वारा।

प्रजातन्त्र स्थापनाका लागि जनआन्दोलनमा अग्रणी भूमिका खेल्ने बार एसोसिएसनले पनि पुनर्नियुक्ति प्रसंगलाई स्विकारेको छैन।

माघ १९ गतेपछि तत्कालीन प्रधानन्यायाधीश हरिप्रसाद शर्माले शाही घोषणा राजनीतिक दलहरूको असफलताका कारण भएको राजनीतिक वक्तव्य उनले न्यायाधीशहरूको अन्तर्राष्ट्रिय मञ्चमा दिएपछि सर्वोच्च अदालतको नेतृत्व विवादमा परेको हो। तर, राजा ज्ञानेन्द्रद्वारा गठित शाही आयोगलाई अवैधानिक घोषणा गरेर मात्र हैन, संकटकाल र राजाको शासन अवधिमा बन्दी प्रत्यक्षीकरणका कयौं मामिलामा राजनीतिक बन्दीहरूलाई रिहाइको आदेश जारी गरेर सर्वोच्चले आफ्नो स्वतन्त्रता स्थापित गरेको थियो। 'चैत-वैशाखमा आन्दोलन चर्किएका बेला प्रधानन्यायाधीश पौडेलले राजालाई भेटेको गलत प्रचार केही संचारमाध्यमहरूले नियोजित तरिकाले गरेका थिए। त्यस्तो कुनै भेट नभएको र त्यो अदालतमाथि शंका उत्पन्न गराउने नियतले गरिएको प्रचार थियो', सर्वोच्चका एक न्यायाधीशले *समय*लाई भने।

आखिर किन 'तदर्थ न्यायपालिका' बनाइँदै छ न्यायालयलाई ? पुनः शपथग्रहण एउटा नराम्रो सोच हो। 'भारत स्वतन्त्र भएपछि पनि त्यहाँको न्यायपालिकामाथि हस्तक्षेप गरिएन। त्यसैले आज त्यो बलियो र सम्मानित दुवै छ', न्यायालयको स्वतन्त्रताका पक्षपाती तथा वरिष्ठ अधिवक्ता कुसुम श्रेष्ठ भन्छन्।

तर पुनःस्थापित संसद्मा केही सदस्यहरूले न्यायाधीशहरूलाई थोकको भाउमा 'महाभियोग लगाउने' धम्कीको तिक्तता समाप्त हुन नपाउँदै अहिले पुनः शपथ लिनु पर्ने राजनीतिक अभियानले न्यायालय आशंकित हुन पुगेको छ।

'कानुनमा आधारित राज्य र शक्ति पृथकीकरण'को सिद्धान्तलाई कुनै पनि हालतमा नत्याग्न र तदनुरूपको अडान लिन पौडेलमाथि न्यायाधीशहरूको दबाब पनि त्यो आशंकाकै कारण बढेको हो। 'र यस्तो परिस्थितिमा सरकारबाट न्यायालयको स्वतन्त्रतालाई सम्मान गर्ने र त्यसमा आँच आउन नदिने मन्तव्य नआउनु दुःखद हो', क्षेत्रीय न्यायालयका एक न्यायाधीशले *समय*लाई भने। 'अहिले यो संक्रमणकालीन अवस्थामा सम्पूर्ण न्यायालयलाई अस्थिर बनाउने विचार आउन सक्छ, त्यो विचार हावी पनि हुन सक्छ। त्यसैले यसमा कार्यकारी सचेत हुनाका साथै न्यायपालिकालाई सडकमा आउने परिस्थितिलाई रोक्नु पनि पर्छ कार्यकारीले', उनी भन्छन्।



**'कानुनमा आधारित राज्य र शक्ति पृथकीकरण'को सिद्धान्तलाई कुनै पनि हालतमा नत्याग्न र तदनुरूपको अडान लिन पौडेलमाथि न्यायाधीशहरूको दबाब पनि त्यो आशंकाकै कारण बढेको हो।**

माघ १९ गतेपछि सर्वोच्चमा न्यायाधीशहरूको नियुक्तिले अवश्य पनि केही विवाद उत्पन्न गरेको हो। पञ्चायत व्यवस्थामा प्रधानन्यायाधीशको सिफारिसमा अन्य न्यायाधीशहरू नियुक्त गर्ने व्यवस्थालाई २०४७ को संविधानले केही हदसम्म व्यापक बनाएको थियो। माघ १९ पछि त्यो व्यापकतालाई राजाले 'तजबिजी' अधिकारका रुपमा अनुमोदन गराए। त्यसलाई बढी सन्तुलित गर्न प्रधानन्यायाधीश पौडेलले संवैधानिक परिषद्मा प्रधानमन्त्री, प्रधानन्यायाधीश, सभामुख, कानुनमन्त्री तथा सर्वोच्चमा एकजना वरिष्ठ न्यायाधीश राख्नु पर्ने सुझाव दिएका छन्।

अहिलेको विवाद तात्कालिक प्रकृतिको भए पनि दूरगामी परिणाम निम्त्याउने खालको भएकाले विवाद चर्कने सम्भावना बढेको छ। न्यायालयमा यी आशंका बढ्दा सरकारविरोधी मुद्दाहरूले अहिले खासै अदालतको 'ध्यान' नपाएको तर्क पनि 'बार'मा सुनिन थालेको छ। न्यायालय कमजोर र राजनीतिको तारो बनेमा कानुनी राज्यको अवधारणा र मानवअधिकार त सिकार बन्छ नै, त्यसले राजनीतिक अस्थिरतालाई पनि बढावा दिने देखिन्छ। यो विवाद न्यायपालिका र कार्यपालिकाबीचको विवाद बन्न पुगेमा त्यसले कार्यपालिका तानाशाह बन्दै गएको आरोप पनि लाग्नेछ।

अर्थात् न्यायपालिका राजनीतिक हस्तक्षेपबाट मुक्त र शक्ति पृथकीकरणको सिद्धान्तमा आधारित रही अघि बढेमा मात्र प्रजातन्त्र सुरक्षित रहन सक्छ। वर्तमान सरकारका लागि यो एउटा चुनौती हुनेछ। न्यायालयलाई 'प्रतिबद्ध', आश्रित वा कमजोर गराएमा प्रजातन्त्र स्वतः कमजोर हुनेछ। ■


सिंहदरबारअगाडि धर्ना दिँदै माओवादी पीडितहरू

# बेपत्ताको व्यापार


राज्यद्वारा बेपत्ता पारिएकाहरूका आफन्तजन सैनिक मुख्यालयअगाडि धर्ना दिँदै ।

तस्विरहरू: भास्वर ओझा

■ किरण भण्डारी/काठमाडौं

**प्रधानमन्त्री गिरिजाप्रसाद** कोइराला र माओवादी अध्यक्ष प्रचण्डको छुट्टाछुट्टै अभिव्यक्तिले राज्यद्वारा बेपत्ता र माओवादीद्वारा अपहरणमा परेका व्यक्तिहरूको अवस्था केही साताभित्रै सार्वजनिक हुने सम्भावना देखिएको छ। राज्यद्वारा बेपत्ता पारिएका परिवार र माओवादी पीडितहरूद्वारा अलग अलग संचालित आन्दोलनले सृजना गरेको दबाब स्वरुप कोइराला र प्रचण्ड दुवैले अर्को पक्षले बेपत्ता वा अपहरण गरेकाबारे जानकारी दिए आफूहरू पनि अवस्था सार्वजनिक गर्न तयार रहेको बताएर पीडित परिवारमा आशा जगाएका छन्।

प्रचण्डले माओवादीद्वारा अपहरण गरिएका भनिएकाको विवरण दिए आफूले एक महिनाभित्र अवस्था सार्वजनिक गरिदिने भनेर सरकारलाई पनि बेपत्ताको स्थिति सार्वजनिक गर्न दबाब दिएका छन्, तर यस सम्बन्धमा देशका प्रधानमन्त्री कोइरालाको अभिव्यक्ति भने विवादमा परेको छ।

बेपत्ता परिवार समाजकी संयोजक शर्मिला त्रिपाठीले नेतृत्व गरेको प्रतिनिधिमण्डलसँगको भेटघाटको क्रममा भदौ २७ गते कोइरालाले 'माओवादीले अपहरणमा परेकाको अवस्था सार्वजनिक गरे राज्यले बेपत्ताको अवस्था खुलाइदिने' भनेको भन्दै उनीहरू आक्रोशित भएका छन्। 'राज्य विद्रोही पक्षभन्दा उदार हुनु पर्नेमा गैरजिम्मेवारपूर्ण ढंगले पेस भएको छ', समाजकी संयोजक त्रिपाठीले भनिन्, 'प्रधानमन्त्रीले मानव सौदावाजीको प्रस्ताव सारेर राज्यको नियत उदांगो पार्नुभएको छ।'

परिवारको खोजीका लागि भदौ १८ गतेदेखि आन्दोलनरत समाजले बेपत्ता परिवारको अवस्था सार्वजनिक नभएसम्म संघर्ष जारी राख्ने त्रिपाठीले बताइन्। 'परिवारको खोजीमा रहेका निर्दोष परिवारसँग मानव साटासाटको प्रस्ताव राखिनु कहाँसम्म अन्याय हो', उनले भनिन्।

जनआन्दोलनको सफलतापछि सरकार गठन हुनेबित्तिकै एक महिनाभित्र बेपत्ताको अवस्था सार्वजनिक गर्ने प्रतिबद्धतासहित गृह मन्त्रालयको सहसचिव वामनप्रसाद न्यौपानेको संयोजकत्वमा गठित समितिले चार महिना नाघिसक्दा पनि ठोस निष्कर्ष निकाल्न सकेको छैन।

समाजले जनयुद्धका क्रममा राज्यले पाँच हजारभन्दा बढी निर्दोष र निहत्था व्यक्तिलाई बेपत्ता पारेको दाबी गरेको छ। मानवअधिकार आयोगको पछिल्लो ६ वर्षको तथ्यांकले भने अवस्था अज्ञात रहेका बेपत्ताको संख्या ५ सय २७ रहेको देखाएको छ। यो तथ्यांक आयोगमा परेका उजुरीका आधारमा तयार गरिएको हो।

अर्कोतर्फ माओवादीद्वारा अपहरणमा परेकामध्ये १ सय ५२ जनाको अवस्था अझै अज्ञात रहेको जानकारी मानवअधिकार आयोग बेपत्ता शाखा प्रमुख यज्ञप्रसाद अधिकारीले दिएका छन्। 'हामीले मानवअधिकारका विषयमा राज्य र माओवादी दुवै पक्ष जिम्मेवार हुनु पर्छ भनेर वार्ता समिति, संसदीय समिति लगायत सबै सरोकारवाला निकायमा यो तथ्यांक पठाएका छौं।'

माओवादी अध्यक्ष प्रचण्डले अपहरणको सूची प्राप्त भएको महिना दिनभित्रै अवस्था सार्वजनिक गरिदिने उद्घोष गरेपछि आयोगले भदौ २७ गते १ सय ५२ जनाको सूची बानेश्वरस्थित वार्ता कार्यालयमा पठाइदिएको छ। पदाधिकारीविहीन भए पनि सरकारलाई ताकेता लगाउने र माओवादीलाई खबरदारी गर्ने काममा आयोग सक्रिय छ। 'सरकारले अवस्था सार्वजनिक गर्ने प्रतिबद्धता फेरि जनाएको छ', अधिकारी भन्छन्।

प्रचण्डले बेपत्ता सार्वजनिक गर्न सरकारलाई दबाब दिने उद्देश्यले दिएको उद्घोष आयोगले अपहरणको सूची प्रेषित गरिदिएपछि माओवादीलाई फन्दा बनेको छ। लोकतन्त्र स्थापनापछि पनि मानवअधिकारबारे माओवादीको व्यवहारमा खासै परिवर्तन नआउनुले प्रचण्डको उद्घोषमाथि शंका उब्जेको हो।

आयोगका अनुसार लोकतन्त्र स्थापना भएको तिथि वैशाख ११ पछि मात्र माओवादीले २९ जनालाई अपहरण गरेको उजुरी परेको छ। 'माओवादीको अपहरण अहिले पनि जारी छ', अधिकारी भन्छन्, 'यो त केन्द्रको मात्र तथ्यांक हो, देशव्यापी जोड्ने हो भने अझ धेर हुन्छ।'

राज्यपक्षले बेपत्ता पारेको आरोपमा लोकतन्त्र स्थापनापछि ४२ उजुरी परेका छन्, तर ती सबै उजुरीका घटना भने वैशाखभन्दा अघि घटेको देखिन्छ। जे भए पनि 'अघोषित मृत' मानिएका बेपत्ता वा अपहृतको अवस्था सार्वजनिक गर्न संख्यात्मक हिसाबले पनि सरकारलाई नै धौ धौ पर्ने देखिन्छ।

बेपत्ता परिवारको जति सशक्त नभए पनि माओवादी पीडितले पनि घर फर्कन पाउनु पर्ने र अपहृतहरूको अवस्था सार्वजनिकको माग गर्दै आन्दोलन जारी राखेका छन्। राज्य पीडित र माओवादी पीडित दुवैको आन्दोलन सिंहदरवार, भद्रकाली, प्रधानमन्त्री निवास बालुवाटार लगायतमा धर्ना, जुलुस, सभा आदिमा केन्द्रित छ। माओवादी पीडितले अपहरणमा परेकाको अवाला परिवारको उपस्थितिमा भदौ २७ गते पत्रकार सम्मेलन गरी आफन्तजनको अवस्था सार्वजनिक गर्न माग गरेका छन्।

'हामी महिनौंदेखि आन्दोलन गरिरहेका छौं', माओवादी पीडित संघका प्रवक्ता भोजराज तिमल्सिना आक्रोश पोख्छन्, 'तर प्रजातान्त्रिक भनाउँदो सरकारले अझैसम्म हाम्रा कुनै पनि मागमा सुनुवाइ गरेको छैन।' ■

### मानवअधिकार आयोगमा उजुरी

(२०५७ जेठ १२ गतेपछि)

| | राज्य | माओवादी |
|---|---|---|
| बेपत्ता | १,७७२ | - |
| अपहरण | - | ७४० |
| अवस्था ज्ञात | १,२४५ | ५८८ |
| अझै अज्ञात | ५२७ | १५२ |

# हल्लाको स्वार्थी राजनीति

■ **मधुसूदन पौडेल/काठमाडौं**

**झन्डै हृतिक रोशन** प्रकरणको पुनरावृत्ति हुनबाट बच्यो मुलुक। २०५७ सालको उक्त प्रकरणसँग ठ्याक्कै मिल्ने गरी भदौ २७ मा हल्ला फैलिएको थियो- भारतबाट तीन दर्जन ट्रकमा हतियार काठमाडौं भित्र्याइँदै छ। भदौ २८ गते केही पत्रिका र अनलाइन संस्करणहरूले माओवादी नेतृत्वको हवाला दिँदै हतियार गजुरीस्थित 'संग्राम शार्दूल गण'सम्म आइपुगेको समाचार सार्वजनिक गरेलगत्तै माओवादी जनसेनाका डेपुटी कमान्डर वर्षमान पुन: (अनन्त) सैन्य टोलीको नेतृत्व गर्दै धादिङ पुगे र बिहानै राजमार्ग अवरुद्ध पारे।

राजधानीमा रहेका माओवादी कार्यकर्तालाई नेतृत्वबाट सहर अस्तव्यस्त बनाउन तत्काल निर्देशन दिइयो। बिहान स्वभाविक ढंगले स्कुल निस्किएका बालबालिका, जागिरमा निस्किएका कर्मचारी र काममा फर्किएका कामदारको जीवन क्षणभरमा संकटमा फस्यो। भर्खर स्कुलसम्म आइपुगेका नानीहरू कसरी सकुशल घर फर्काउने भन्ने चिन्तामा डुबे स्कुलहरू। यतिसम्म कि होटलमा पर्यटकलाई 'लन्च' खुवाउँदै गरेका कामदारलाई तत्काल काम छाडेर सडकमा निस्किन उर्दी जारी गरियो, माओवादी ट्रेड युनियन महासंघमार्फत। होटल याडिसनका केही माओवादी समर्थक कामदारहरूले भारतीय राजदूतावास नजिकै सडकमा निस्किएर अराजक शैलीमा आगो बाले। सांग्रिलाका कामदारहरू पाहुनाको सत्कार गर्ने काम व्यवस्थापनको हो भन्दै बाहिर निस्किए। अधिकांश होटलहरूको अवस्था यही थियो भदौ २८ गते मध्य दिनसम्म।

आचारसंहिता अनुगमन समिति तत्काल गजुरी पुगेर सैनिक ब्यारेकभित्र राखिएका ट्रक र अन्य गाडीहरूमा हतियार नरहेको स्पष्ट नपारेको भए आन्दोलनको आगो निभाउन गाह्रो पर्ने गरी बल्ने सम्भावना धेरै थियो। माओवादी नेतृत्व वार्ता भाँड्न सरकारले भारतबाट हतियार ल्याएको भन्दै त्यसको प्रतिरोधमा जनता सडकमा उतार्ने तयारीमा जुटिसकेको थियो, तर अनुगमन समितिका अध्यक्ष डा. वीरेन्द्रप्रसाद मिश्रले त्यहाँ रहेका २० मिनी ट्रक, दुइटा ठूला ट्रक, चारवटा 'माइन प्रोटेक्टेड' गाडी र पाँचवटा जिप खाली रहेको र त्यहाँ कुनै पनि हतियार नभेटिएको स्पष्ट पारिसकेपछि पनि माओवादीले सडकमा दन्किसकेको आगो निभाउन विलम्ब गरे। बिग्रँदो परिस्थितिबीच प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला र माओवादी अध्यक्ष प्रचण्डको टेलिफोन कुराकानीपछि माओवादीले सडकबाट आफ्ना कार्यकर्ता फिर्ता गरेको थियो। कोइरालाले मुलुकमा फैलिँदै गएको अराजकताको जिम्मेवारी प्रचण्डले लिनु पर्ने चेतावनी दिएका थिए। प्रचण्डले यो प्रकरणपछि विज्ञप्ति जारी गर्दै यस परिघटनाबारे सम्पूर्ण सत्य तथ्य सार्वजनिक गर्न सरकारसँग आग्रह गरेका छन्।

भदौ २८ गते मुलुकमा फैलिएको अराजकतामा सरकारको गतिहीन कार्यशैली पनि उत्तिकै जिम्मेवार देखिएको छ। बिहानैदेखि भारतबाट हतियार भित्रिएको निहुँमा सडक अवरुद्ध पार्ने कामको सुरुवात भएलगत्तै भारतीय राजदूत शिवशंकर मुखर्जीले प्रधानमन्त्री कोइरालाई सरकारका तर्फबाट औपचारिक खण्डन गर्नु उचित हुने बताएका थिए। बिहान १० बजेभित्र सरकारको औपचारिक वक्तव्य आउने आशा गरिएविपरीत गृहमन्त्री कृष्ण सिटौला दिउँसो संसद्मा पुगेर हतियार नल्याइएको बयान दिए, तत्काल संचारमाध्यमहरूलाई जानकारी गराउनुको सट्टा। सरकारको उही पुरानै कार्यशैलीका कारण सर्वसाधारणले सास्ती खेप्नु पर्‍यो फेरि एकपटक।

सहरहरूमा तनाव बढ्न थालेपछि नेपालस्थित भारतीय राजदूतावासले विज्ञप्ति जारी गर्दै भारतले नेपाललाई कुनै पनि हतियार नदिएको स्पष्ट पारेको थियो। २०६१ माघ १९ गते यता नेपाललाई हतियार उपलब्ध गराउने मामिलालाई भारतले पुनर्मूल्यांकनमा राखेदेखि भारतबाट कुनै पनि हतियार नेपाल नआएको बताएको छ, भारतले। दूतावासले भारतबाट नेपालमा हतियार भित्रिएको समाचार 'निराधार र झूटो' रहेको बताएको छ। पछिल्लो पटक २० भदौमा आठवटा अशोक लाइल्यान्डका ट्रक रक्सौल नाकाबाट नेपाल आएको भन्दै दूतावासले ती ट्रक 'माइन प्रोटेक्टेड' र बख्तरबन्द नभएको स्पष्ट पारेको छ।

रक्षासचिव विष्णुदत्त उप्रेतीले यसअघि नै 'डिफेन्स सेक्युरिटी'का लागि बाहिर पठाइएका गाडीहरू फिर्ता ल्याइएको र भारतबाट कुनै हतियार नल्याइएको *समय*लाई बताएका छन्। उनका अनुसार अक्टुबर ४ देखि नोभेम्बर ५ बीचमा लेबनान पठाउनका लागि ती सामग्री ल्याइँदै गरेका हुन्।

शान्तिवार्ता प्रक्रियामा 'गतिरोध'को अवस्था देखिन थालेपछि माओवादीले सरकार हतियार भित्र्याउने खेलमा लागेको आरोप लगाउँदै आएको छ। माओवादी अध्यक्ष प्रचण्डले पछिल्लो टेलिभिजन अन्तर्वार्तामा सरकारले 'दस दिनको अवधिमा तीनखेप हतियार नेपाल भित्र्याएको' आरोप लगाएका छन्। तर, माओवादी अध्यक्षको आरोप सरकारले खण्डन गरेको छैन, अहिलेसम्म। यसले आशंकाको वातावरण बनाएको छ। यसले हतियार आयातको आरोपमा


धादिङ, गजुरीमा राखिएका भारतबाट ल्याइएको भनिएका हतियार भएका आशंका गरिएका ट्रकहरू




हल्लाकै भरमा चितवनमा निकालिएको विरोध जुलुस

रमेशकुमार पौडेल

चर्काउन सकिने आन्दोलनमा यस्ता विषयले आगोमा घ्यू थप्ने काम गर्नेछ। तर, सरकार भने यसतर्फ उदासीन बनिरहेको छ।

यसअघि यसैगरी फैलिएको थियो, युक्रेनबाट हतियार ल्याउँदै गरेको विमान भारतमा रोकिएको हल्ला पनि, तर सरकारले त्यहाँबाट हतियार नआएको जानकारी दिएपछि यो विवाद साम्य भएको छ।

## युद्धको त्रास

बिहानसम्म विरोध र बन्दको साइसुइँ नसुनेका राजमार्गका यात्रुले तनहुँको कोत्रे पुगेपछि थाहा पाए, पोखरामा चक्काजाम छ। न माग थाहा छ न त कारण नै दिनभरि बाटो खुल्ने आशामा बसेका यात्री दिउँसो कोत्रेबाट हिँडेरै पोखरा पुगे।

सरकारले हतियार भित्र्याएको आशंकाकै भरमा माओवादीको केन्द्रीय नेतृत्वले विरोध प्रदर्शन गर्ने कार्यक्रम राखेपछि पोखराको जिल्ला नेतृत्वले भदौ २८ गते यातायात बन्दको घोषणा गरिदियो, पूर्व सूचनाविना नै। गाडी हाँकिरहेका चालक र काममा निस्किँदै गरेका कामदार कसैलाई थाहा थिएन, चक्काजाम छ भन्ने कुरा।

आचारसंहिता अनुगमन समितिले धादिङको सैनिक ब्यारेकमा रहेका गाडीमा हतियार नरहेको प्रस्ट पारे पनि पोखरामा दिनभरि चक्काजाम कायमै रह्यो। माओवादी प्रवक्ता कृष्णबहादुर महराले चक्काजाम माओवादीले आह्वान नगरेको बताए। पछिल्लो समयमा विरोधको सबैभन्दा सहज माध्यम भएको छ, बन्द। पोखरामा दुई महिनाको अवधिमा दर्जनभन्दा बढी बन्द दोहोरिएका छन्। तीमध्ये अधिकांश बन्दमा आयोजक वा उत्प्रेरक बनेका छन्, माओवादी नै।

काठमाडौंको घटना बुटवलमा पनि दोहोरियो, भदौ २८ गते। बुटवल नजिकैको वनकट्टामा भारतबाट आयात गरिएका हतियार आफ्नो कब्जामा परेको बताउँदै पत्रकारहरूलाई आमन्त्रित गरियो त्यहाँ। तर, उक्त स्थानमा उपस्थित माओवादीका रुपन्देही सेक्रेटरी माधव शर्माले पत्रकारलाई भने, 'होइन रहेछ।' उनले यो जानकारी माओवादी प्रवक्ता कृष्णबहादुर महरालाई जानकारी गराए त्यति नै बेला।

तर हतियार भित्रिँदै गरेको हल्लाका भरमा बुटवलमा माओवादीले आगजनी र जुलुस प्रदर्शन गरिसकेको थियो। हतियार त्यहाँ नभेटिए पनि धादिङ पुगेको तर्क गर्दै माओवादीले आन्दोलन जारी राख्यो दिनभर। जसका कारण वार्ता भाँडिन लागेको निष्कर्षका आधारमा आमनागरिक भने चिन्तित बनेका छन्।

माओवादी आधार क्षेत्रका कार्यकर्ताहरू मुलुकमा शान्ति स्थापना हुनेमा विश्वस्त हुन सकेका छैनन्। माओवादी बाँके जनसरकार प्रमुख पूर्णा सुवेदी भन्छिन्, 'सरकारले संविधानसभामा जान ढिलाइ गर्दै वार्ता प्रक्रिया लम्ब्याउन खोजेको छ, तर हामी धैर्य गर्न सक्ने अवस्थामा छैनौं।' थरुवान स्वायत्त प्रदेशका मुख्यमन्त्री तीर्थ ज्ञवाली सरकार नै माओवादीलाई युद्धमा फर्काउन उद्यत रहेको आरोप लगाउँछन्। शान्ति स्थापना गर्ने जनताको चाहनामाथि सरकारले बवास्ता गरेको आरोप उनको छ।

माओवादी कार्यकर्ता तयारी अवस्थामा राखिएको छ, पार्टीको नीतिअनुसार परिचालन गर्नका लागि। यसको प्रत्यक्ष उदाहरण बनेको छ, भदौ २८ को माओवादी विरोध। सेनाले हतियार ल्याएको हल्ला आउनासाथ नेपालगन्जमा भएको चक्काजाम र ध्वंसले उनीहरू जुनसुकै बेला युद्धको तयारी अवस्थामा छन् भन्ने बुझाउँछ।

माओवादीको आन्दोलनका कारण सुरु भइसकेका स्कुलहरू आधा दिनमै बन्द गरिए र युद्धविराम भंग हुँदै छ भन्ने हल्लाबाट सर्वसाधारण त्रसित समेत भए। सहरभरि चक्काजाम टायरको धुवाँ र ढुंगामुढा हुँदा आमनागरिकले युद्धको भुमरी फेरि महसुस गरेका थिए।

■ **रुद्र खड्का/नेपालगन्ज, केशव लामिछाने/पोखरा र दीपक ज्ञवाली/बुटवल**

# बन्द भयो ढाट

**पूर्वपश्चिम** महेन्द्र राजमार्गको सर्लाही रानीगन्जमा साउनको दोस्रो सातादेखि सुरक्षा पोस्ट खडा गरेर पैसा असुल्न थालेका माओवादीले २२ भदौदेखि अचानक पैसा लिन छाडेका छन्। मूल सडकमै ढाट राखेर यात्रु र मालवाहक गाडीहरूबाट पैसा असुल्दै आएका माओवादीले रकम उठाउन छोड्नुको प्रमुख कारण भने *समय* साप्ताहिकको भदौ २० अंकको आवरण फोटो रानीगन्जमा माओवादीले पैसा असुल्दै गरेको तस्बिर र 'माओवादीको द्रव्यमोह' आवरण समाचार भएको माओवादीले स्विकारेका छन्। यसबाहेक उनीहरूको कामीडाँडा बैठकको निर्णयको पालना तथा सरकारले जिल्लाहरूका पठाएका निर्देशन पनि हुन्।

माओवादी केन्द्रीय सदस्य तथा जनकपुर-सगरमाथा क्षेत्रीय ब्युरो इन्चार्ज शीतल कुमार (हरिबोल गजुरेल) भन्छन्, '*समय* साप्ताहिकको गत अंकको कभर पेजमै फोटो छापेपछि हामीले रकम उठाउन बन्द गर्‍यौं। कामीडाँडामा भएको पार्टीको बैठकले पनि कुनै पनि प्रकारका चन्दा नउठाउने निर्णय गरेको छ।' सरकारले तीन साताअघि सबै जिल्लामा ढाट बन्द गर्न र चन्दा असुली रोक्न निर्देशन जारी गरेको थियो।

शीतल आफूहरू चन्दा उठाउन नभएर राजमार्गमा सुरक्षा दिन सडकमा पोस्ट राखेको बताउन पछि पर्दैनन्। उनी भन्छन्, 'अब हामी रकम लिँदैनौं, तत्काल सडक खाली गर्न चाहन्छौं, तर हामीले छोडेपछि राजमार्गमा हुने लुटपाट हुँदा कसले जिम्मेवारी लिन्छ।' माओवादीले पैसा असुल्न छोडेपछि राजमार्गको ढाट भने हटाएका छैनन्। *समय*को 'माओवादी द्रव्यमोह आवरण' समाचारप्रति घुमाउरो टिप्पणी गर्दै शीतलले भने, 'अत्यधिक यातायात साधन र यात्रु लुटिने त्यस्ता क्षेत्रमा कसले सुरक्षा दिन्छ भन्ने विकल्प पनि संचार जगत्ले दिनुपर्‍यो।'

■ **चूडामणि वाग्ले/सर्लाही**




तेजबहादुर बस्नेत

## ‘सुरक्षाकर्मीको घेरामा पिटाइ खाएँ’

■ **डा. श्रीकृष्ण गिरी**, रजिस्ट्रार
नेपाल मेडिकल काउन्सिल



**गाडीसँग ठक्कर** खाई एकजना मोटरसाइकल यात्री दुर्घटनामा परेपछि उसलाई लुम्बिनी अञ्चल अस्पतालमा ल्याइयो। उसलाई चिन्ताजनक अवस्थामा अस्पतालमा पुऱ्याइएको थियो। घाइतेको कम्मरमुनिको सम्पूर्ण भाग चकनाचुर थियो भने छाती र पेटमा पनि गम्भीर चोट लागेको रहेछ। म हाडजोर्नी विशेषज्ञ भएको नाताले र विरामी सिकिस्त अवस्थामा भएकाले उसको स्वास्थ्य परीक्षणमा संलग्न भए। तर, अथक प्रयासले उसको ज्यान बचाउन सकिएन। त्यसपछि उर्लिएको उत्तेजित भीडले मलाई आक्रमण गऱ्यो। त्यहाँ सुरक्षाकर्मी पनि थिए, उनीहरूले मलाई घेरेका थिए, तैपनि सुरक्षाकर्मीको घेरामा मैले पिटाइ खाएँ। म त्यसपछि बेहोस भएँ र आफूलाई एकैपटक अस्पतालको शय्यामा पाएँ।

चिकित्सा विज्ञानले कसैलाई मृत्युको मुखबाट बचाउन सक्दैन, तर औषधी विज्ञान तथा प्रविधिको प्रयोग गरी जीवन लम्ब्याउन सकिन्छ। हामी चिकित्सकले त्यसका लागि आफूले सिकेको सीप र ज्ञान प्रयोग गरेर विरामीको स्वास्थ्यमा सुधार तथा जीवन आयु लम्ब्याउने हो। ■

# असुरक्षित चिकित्सक

■ **मनीष गौतम/काठमाडौं**

**चिकित्सक तथा स्वास्थ्य संस्थाप्रति** तीन महिनायता शृंखलाबद्ध रुपमा भएको आक्रमणबाट यस पेसामा समर्पित व्यक्तिहरू अत्तालिएका छन्। उत्तेजित भीडले गरेका आक्रमणका कारण कुनै पनि सिकिस्त विरामीको उपचारमा संलग्न हुने वा नहुने मनस्थितिबाट यति बेला चिकित्सकहरू गुज्रिएका छन्।

विरामीप्रति उत्तरदायी नभएको र चिकित्सकको लापर्वाहीबाट विरामीको मृत्यु भएको कारण दर्शाई बुटवलको लुम्बिनी अञ्चल अस्पताल र राजधानीको अस्पतालमा भएको तोडफोडबाट नेपालको समस्त चिकित्सा समुदाय ‘त्रसित’ अवस्थाबाट गुज्रनु परेको हो। त्यसैगरी गत भदौ ७ गते नर्भिक अस्पतालमा उपचारार्थ भर्ना भएका प्रोफेसर खड्ग केसीको मृत्युले त्यहाँ पनि भीड उत्तेजनामा आएको थियो। तर, अस्पताल प्रशासन र पीडित परिवारबीच १३ लाख रुपैयाँ क्षतिपूर्ति दिने र लिने सहमति भएपछि त्यहाँ कुनै अप्रिय घटना हुन पाएन। ‘यदि क्षतिपूर्तिमा कुरा नमिलेको भए यहाँ जे पनि हुन सक्थ्यो’, अस्पतालका निर्देशक एमके मल्ल भन्छन्, ‘यस असुरक्षित स्थितिमा हामी संवेदनशील अवस्थामा रहेका विरामीको उपचार गर्ने वा नगर्ने भनेर अलमलमा परेका छौं अनि असुरक्षित महसुस गरेका छौं।’

छानबिनबाट दोषी देखिएमा सजाय भोग्न तयार रहेको तर विनाकारण उत्तेजित भीडले चिकित्सक तथा स्वास्थ्य संस्थामाथि गरिने तोडफोडलाई सरकारले गम्भीरतापूर्वक लिई सुरक्षा दिनुपर्ने आवाज उठाउन थालेका छन्। ‘कानुनी राज्यमा चिकित्सकले गल्ती गरेको छ भने उसले गलत कामका लागि सफाइ दिने मौका पाउनु पर्छ’, नेपाल मेडिकल काउन्सिलका रजिस्ट्रार डा. श्रीकृष्ण गिरी भन्छन्, ‘ज्यानै जाने गरि कानुन लिने अधिकार कसैलाई पनि छैन।’

सरकारले पनि चिकित्सक तथा स्वास्थ्य संस्थाप्रति भएको यसखाले दुर्व्यवहारलाई निरुत्साहित गर्नका लागि कुनै ठोस निर्णय गरेको छैन न कि अहिलेसम्म भएका यी घटनाबारे कुन पक्षको गल्ती रहेको छ भन्ने कुरा सार्वजनिक नै गरेको छ।

लोकतान्त्रिक सरकारले मेडिकल काउन्सिलको रजिस्ट्रारमा नियुक्त गरेका डा. गिरी आफैं पनि उत्तेजित तथा अनियन्त्रित भीडको सिकार भएका थिए। लुम्बिनी अञ्चल अस्पतालमा उपचारार्थ लगिएका एक घाइते विरामीको जेठ ९ गते मृत्यु भएपछि अनियन्त्रित भीडले कालोमोसो लगाई बजार परिक्रमा गराई उनलाई मरणासन्न हुने

गरी कुटपिट गरेको थियो। यस कार्यमा माओवादीका कार्यकर्ता समेत संलग्न रहेको समाचार त्यस बेला सार्वजनिक भएको थियो।

'आफूले उपचार गर्दै गरेको विरामीको मृत्यु हुँदा जति आफन्त दुखित हुन्छन् त्यति नै उपचारमा संलग्न चिकित्सकलाई पनि यसले मर्माहत तुल्याउँछ', डा. गिरी भन्छन्, 'मैले विरामीलाई बचाउन सक्दो प्रयास गर्दा गर्दै पनि ममाथि यसखाले दुर्व्यवहार भएकाले दुखित छु।'

नागरिक समाज तथा स्वास्थ्य मन्त्रालयद्वारा गठित छानबिन आयोगले विरामीको उपचारमा डा. गिरीको कुनै कमजोरी नरहेको प्रतिवेदन सरकारलाई बुझाएको छ। 'चिकित्सा पेसामा को चोर र को साधु भनेर विभेदपूर्ण तरिकाले उपचार गरिँदैन। सबैलाई समान अवस्थामा राखिन्छ', डा. गिरी भन्छन्, 'चिकित्सकबाट कुनै गल्ती हुँदैन भन्ने होइन, गल्ती भएको छ भने उसलाई हदसम्मको कारबाही गर्नु पर्छ, तर ज्यान लिन र अराजक स्थिति सिर्जना गर्ने अधिकार कसैलाई पनि छैन।'

जेठको दास्रो साता राजधानीस्थित एभरेस्ट नर्सिङहोममा उपचारार्थ लगिएका दम रोगको विरामी तुलाराम गौतमको मृत्यु भएपछि त्यहाँ जम्मा भएको भीडले तोडफोड गर्दा लाखौंको धनमाल नोक्सान भएको अस्पताल प्रशासनले लगाएको छ। पीडित परिवारलाई क्षतिपूर्तिस्वरुप साढे दुई लाख रुपैयाँ अस्पतालले दिएपछि साम्य पारेको थियो।

एभरेस्ट नर्सिङहोमले विरामीको उपचारमा आफ्नो गल्ती रहेको त्यति बेला सार्वजनिक गरेको थियो। विरामीका आफन्तले नर्भिक अस्पतालका चिकित्सक तथा स्वास्थ्यकर्मीको गल्तीका कारण मृत्य भएको दाबी गरे पनि अस्पताल प्रशासनले त्यसलाई स्विकारेको छैन, तर अप्रिय घटना हुन नदिनका लागि क्षतिपूर्ति दिएको बताएको छ। अस्पातलका निर्देशक डा. मल्ल भन्छन्, 'हामीले किड्नीको शल्यक्रिया गरेका थियौं, तर विरामीको मृत्यु त्यसका कारणले नभई अर्कै रोगका कारण भएको छ।' तर उता मृतककी श्रीमती सेमिना केसीको गुनासो छ, 'सिकिस्त अवस्थामा रहेको मेरो श्रीमान्लाई अपरेसन गरेपछि समयमा चिकित्सक नआएको र अन्य स्वास्थ्यकर्मीले बेवास्ता गरेका थिए।'

अचम्मलाग्दो कुरा के छ भने यी तीन घटनाबारेको उजुरी सम्बन्धित निकाय नेपाल मेडिकल काउन्सिलमा दर्ता भने भएका छैनन्।

# अझै पुरिएको छैन घाउ

**बुटवलको स्वास्थ्य क्षेत्रमा** भएको अप्रिय घटनाका चार महिना पुग्न लाग्दा पनि स्थिति पुरानै अवस्थामा फर्किन सकेको छैन। यहाँका चिकित्सक, अस्पताल, निजी क्लिनिक, एम्बुलेन्सहरूमाथि एकैसाथ आक्रमण भएको उक्त दिनको घटनाका पीडितहरूले अझै क्षतिपूर्ति पाएका छैनन्। क्षतिपूर्तिका लागि औषधी व्यवसायीहरू पटक पटक मन्त्रालयहरूमा धाइरहेका छन्।

पीडितहरूप्रति सरकारी भूमिका सकारात्मक नभएको भन्दै पीडित व्यवसायीहरूले फेरि दबाबमूलक संघर्षका कार्यक्रम संचालन गर्ने तयारी गरेका छन्। औषधी व्यवसायी संघ लुम्बिनीका सल्लाहकार तथा लुम्बिनी अञ्चल अस्पतालका निवर्तमान अध्यक्ष बाबुराम भट्टराई अब देशैभरि बन्द गर्नु पर्ने अवस्था आएका बताउँछन्। जेठको दोस्रो साता बुटवलमा त्यस्तो अप्रिय घटना भएको थियो, जुन घटनामा उत्तेजित समूहद्वारा एक चिकित्सक डा. श्रीकृष्ण गिरी मरणासन्न हुनेगरी कुटिएका थिए, एम्बुलेन्स जलाइएको थियो र बुटवलका प्रायः क्लिनिक र औषधी पसलहरू तोडफोड भएका थिए। घटनामा निजी औषधी पसल र क्लिनिकहरूमा मात्रै १५ लाख रुपैयाँभन्दा बढीको क्षति भएको थियो।

सवारी दुर्घनामा घाइते भएका दीपक सापकोटाको मृत्यु प्रकरणलाई लिएर उत्तेजित र अनियन्त्रित ठूलो समूहले सो दिन त्यस्तो अराजक परिणाम निम्त्याएको थियो, जुन घटनाको विरोधमा इतिहासमै पहिलो पटक बुटवलका सम्पूर्ण स्वास्थ्य केन्द्र र औषधी पसलहरू ४-५ दिनसम्म ठप्प भएका थिए।

अराजक समूहले पसलहरूबाट औषधीसमेत लिएर हिँडेका थिए। घटनामा संलग्न रहेको ठान्दै प्रहरीले चारजनालाई पक्राउ गरी मुद्दा चलाए पनि घटनाका यति धेरै दिनसम्म पनि क्षतिपूर्ति नदिइएको भन्दै औषधी व्यवसायीहरू केही समयअघि पनि आन्दोलनमा उत्रिएका थिए। प्रशासन घेराउ, कालो झन्डा गाड्ने र विरोध सभा गर्ने जस्ता दबाबमूलक कार्यक्रम गरेका उनीहरूको आन्दोलन क्षतिपूर्ति दिने सरकारी आश्वासनपछि स्थगित भएको थियो। उक्त घटनाबारे छानबिन गर्न विभिन्न क्षेत्रबाट छानबिन समितिहरू बनेका थिए। सरकारी तहबाट गठित छानबिन समितिको प्रतिवेदनबारे व्यवसायीहरूले अझसम्म केही जान्न पाएका छैनन्। किनभने क्षेत्रीय मेडिकल निर्देशक डा. पदमबहादुर चन्दको संयोजकत्वमा गठित त्यस्तो छानबिन समितिले आफ्नो प्रतिवेदन स्वास्थ्य निर्देशनालयमार्फत मन्त्रालयमा पठाएको छ।

सो प्रतिवेदन सार्वजनिक गर्न अझसम्म आलटाल गरिए पनि स्थानीय संघसंस्थाको संजालबाट गठित नागरिकस्तरीय छानबिन समितिले तत्कालै छानबिन प्रतिवेदन सार्वजनिक गरेको थियो। उसले सो घटनामा डाक्टर श्रीकृष्ण गिरीको लापर्वाही नभएको ठहर गरेको थियो र दोषीलाई कडा कारबाही तथा पीडित व्यवसायीहरूलाई शीघ्र क्षतिपूर्तिको माग गरेको थियो। समितिले धमिलो पानीमा माछा मार्न अराजक समूहले तोडफोड र आक्रमण गरको ठहर गरेको थियो। पक्राउ परेका चारजनालाई कुनै पनि दलले आफ्ना कार्यकर्ता नभएको बताउँदै आएका छन्।

■ **दीपक ज्ञवाली/बुटवल**

तर यी तीन अस्पतालमा भएका घटनाले सम्पूर्ण चिकित्सा समुदायलाई चिन्तित भने तुल्याएको छ। 'आफूले सक्दो प्रयास गर्दा गर्दै विरामीको मृत्यु हुन पुग्दा यसखाले मारपिट र तोडफोड हुनु कदापि राम्रो होइन', मेडिकेयर अस्पतालका वरिष्ठ हाडजोर्नी शल्यचिकित्सक डा. चक्रराज पाण्डे भन्छन्, 'चिन्ताजनक अथवा अन्तिम अवस्थामा ल्याइएका विरामीको उपचार गर्दा गर्दै मृत्यु हुने कुरा नेपालमा मात्र होइन, अमेरिका र युरोपजस्ता विकसित मुलुकमा समेत हुन्छ।' तर, डा. पाण्डेको भनाइमा गल्ती गर्ने चिकित्सक भने कुनै पनि तवरमा उम्कन पाउनु हुँदैन। ■





# व्यर्थको विलम्ब

■ **किरण भण्डारी/काठमाडौं**

**राजदूत लगायतका** संवैधानिक नियुक्तिका लागि एक पद तीन व्यक्तिका दरले सिफारिस गर्ने र तीमध्येबाट संसदीय विशेष सुनुवाइ समितिले एकजनालाई रोज्ने भन्ने प्रतिनिधिसभा नियमावलीको 'विवादास्पद' प्रावधान संशोधन हुने भएको छ।

दर्जनभन्दा बढी मुलुकमा राजदूत नियुक्तिको निर्णय लिनुअघि उम्मेदवारहरूले संसदीय समितिमा लोकसेवा आयोग परीक्षाको शैलीमा अन्तर्वार्ता दिनु पर्ने प्रावधान शिरोपर गर्न सम्भावित उम्मेदवारहरूले अस्वीकार गरेपछि सरकार उक्त प्रावधानमा पुनरावलोकन गर्ने निर्णयमा पुगेको हो।

प्रतिनिधिसभालाई अधिकारसम्पन्न बनाउने उद्देश्यले नियमावलीमा भएको उक्त प्रावधानको विज्ञ र बुद्धिजीवीहरूले तत्काल विरोध गरेका थिए। राजदूत लगायतका संवैधानिक र अन्य उच्च ओहदामा नियुक्तिअघि संसद्मा सुनुवाइ हुनु सकारात्मक भए पनि 'तीनजनालाई कठघरामा उभ्याएर दुईलाई फेल पार्ने' शैली हास्यास्पद भएको जिकिर जानकारहरूले गर्दै आएका छन्।

राजदूत नियुक्तिमा ढिलाइ हुँदै जाँदा परिवर्तित सन्दर्भमा मित्रराष्ट्रहरूसँगको कूटनीतिक सम्बन्ध गतिशील हुन नसक्नुका साथै शक्तिकेन्द्र र शीर्षस्थ नेताहरूको घरआँगनमा राजदूतका उम्मेदवारहरूको भीड बढ्न थालेपछि सरकार नियमावलीले कसेको गाँठो फुकाउन अग्रसर भएको हो।

प्रतिनिधिसभाको नियमावली संशोधनको मस्यौदा तयार गर्न सत्तारुढ दलहरू नेपाली कांग्रेस, कांग्रेस प्रजातान्त्रिक र एमालेका प्रमुख सचेतकहरू क्रमशः आनन्दप्रसाद ढुंगाना, टेकप्रसाद चोखाल र महेन्द्रबहादुर पाण्डे रहेको समिति भदौ २८ गतेदेखि नै क्रियाशील भएको छ।

प्रतिनिधिसभा नियमावलीले खडा गरेको अवरोधका कारण अड्केको राजदूत नियुक्ति प्रक्रिया फुकाउन द्रुत गतिमा पहल भइरहे पनि परराष्ट्रमन्त्री ओलीको लामो विदेश भ्रमणका कारण फेरि हलो अड्केको छ। विभागीय मन्त्रीको अनुपस्थितिमा राजदूत नियुक्ति नगरिने हुँदा ओली स्वदेश नफर्केसम्मका लागि दूतावासहरू थप एक महिना राजदूतविहीन हुने भएका छन्।

महत्त्वपूर्ण छिमेकी मुलुकमा चार महिनाभन्दा लामो अवधिदेखि राजदूत नहुँदा स्वभाविक रुपले कूटनीतिक, आर्थिक, सांस्कृतिक र अन्य क्षेत्रमा असर पर्ने परराष्ट्रका अधिकारीहरू बताउँछन्। 'राजदूत नहुँदा दुई देशबीच कूटनीतिक सम्बन्धमा हुने घाटालाई आर्थिक रुपमा वा अन्य कुनै पनि विधिद्वारा मापन गर्न नसकिने भए पनि क्षति अपूरणीय खालको हुन्छ', निमित्त परराष्ट्र सचिव प्रदीप खतिवडा भन्छन्।

राजदूत रिक्तताको अरू असर देखिन समय लाग्ने भए पनि संयुक्त राष्ट्रसंघ सुरक्षापरिषद्को सन् २००७/०८ को अस्थायी सदस्यका लागि नेपालले दिएको उम्मेदवारी यसबाट सर्वाधिक प्रभावित भएको छ। असोज २ गते सुरु हुने संयुक्त राष्ट्रसंघको महासभामा हुने निर्वाचनमा नेपालले अस्थायी सदस्य पदका लागि अर्को एसियाली मुलुक इन्डोनेसियासँग प्रतिस्पर्धा गर्नु पर्नेछ।



संयुक्त राष्ट्रसंघ

इन्डोनेसियाका संसारभरका विभिन्न मुलुकमा रहेका दूतावासहरू आफूलाई सदस्यमा निर्वाचित गराउन सम्बन्धित देशसँग मत मागिरहेका छन्। प्रचार अभियानमा नेपाल भने प्रतिस्पर्धीभन्दा धेरै पछाडि परेको छ। परराष्ट्र मन्त्रालयका अधिकारीहरूका अनुसार दुई दर्जन नेपाली दूतावासमध्ये आधाभन्दा बढी राजदूतविहीन भएकाले प्रचार अभियान व्यापक हुन सकेको छैन।

विजयको प्रबल सम्भावना भएको अस्थायी सदस्यमा नेपालको सम्भावना क्षीण हुँदै गएको छ। यद्यपि, विदेश भ्रमणका तल्लीन उपप्रधान तथा परराष्ट्रमन्त्री केपी शर्मा ओलीले आफूले भ्रमण गरे जति मुलुकमा नेपालका लागि मत माग्ने गरेको बताउँदै विजयको आशा व्यक्त गर्ने गरेका छन्।

हङकङका महावाणिज्यदूतसहित भारत, अमेरिका, बेलायत, जापान, रूस, चीन, फ्रान्स, मलेसिया, बंगलादेश, म्यान्मा, साउदी अरेबिया, थाइल्यान्ड ४ महिनादेखि राजदूतविहीन छन्। जनआन्दोलनको सफलतापछि लोकतान्त्रिक सरकार गठन भएको एक सातापछि नै दर्जन मुलुकका राजदूत फिर्ता बोलाइएका थिए भने बंगलादेशका भगीरथ बस्नेतलाई कायम मुकायम परराष्ट्र सचिव बनाएपछि प्रतिनिधिविहीन मुलुकको संख्या १३ पुगेको हो।

सुरक्षापरिषद्को अस्थायी सदस्यको उम्मेदवारी मात्र होइन, लामो अवधिसम्म प्रमुख अधिकारीविहीन बनेका राजदूतावासहरूको कार्यक्षमतामा झनै ह्रास आएको छ। परराष्ट्रनीति संचालनलाई प्रभावकारी तुल्याउन यस्तो रिक्तता राख्न नहुने सुझाव विगतका आयोगहरूले दिए पनि त्यसको अनुसरण भएको छैन। लोकतन्त्र स्थापनापश्चात् परराष्ट्र मामिलाका जानकार पूर्व राजदूत मुरारीराज शर्माको संयोजकत्वमा हाले बनेको समितिले दिएको सुझावमा पनि नियुक्तिलाई नियमित बनाउनु पर्ने उल्लेख भए पनि सरकारले सुझावलाई व्यवहारमा उतार्ने चेष्टा देखाएको छैन।

राजदूतहरूको नियुक्तिमा भएको ढिलाइले 'कम्युनिकेसन' गर्न गाह्रो भइरहेकाले छिटो गरिदिन सम्बन्धित मित्रराष्ट्रहरूबाट समेत औपचारिक एवं अनौपचारिक आग्रह आइरहेको छ। परराष्ट्रका निमित्त सचिव खतिवडा भन्छन्, 'यसबीचमा नेपाल भ्रमणमा आएका विदेशमन्त्री र अन्य कूटनीतिक टोलीले राजदूत कहिले पठाउँछौ भनेर सोधिरहेका छन्।' नेपालमा रहेका विदेशी दूतावासहरूमा राजदूतको हेराफेरीमा हुने रिक्ततालाई मात्र नियाल्ने हो भने पनि मुलुकको प्रतिनिधित्व मानिने पद छोटै अवधि पनि रिक्त राख्न नहुने पाठ सिक्न सकिन्छ।

शर्माको संयोजकत्वमा बनेको समितिले डेढ महिना अध्ययन गरी दूतावासको ढाँचा, उद्देश्य र मन्त्रालयको सम्बन्ध कस्तो हुनु पर्ने भन्ने सुझाव दिएको छ। परराष्ट्रमन्त्री ओलीसमक्ष भदौ दोस्रो साता प्रस्तुत प्रतिवेदनमा आर्थिक कूटनीतिमा जोड दिइएको छ। विदेशमा रोजगारीका अवसरहरू बढाएर रेमिट्यान्स बढाउने, कृषि उत्पादनको बजार खोजी, पर्यटकको संख्या अभिवृद्धि र विदेशी लगानी भित्र्याउनुलाई आर्थिक कूटनीतिका आधारस्तम्भ बनाउन सुझाइएको छ।

परराष्ट्र नीतिसम्बन्धी सुझावका ठेलीहरू बन्ने क्रम दशकौंपिच्छे चलिरहेको छ। तर, तिनको कार्यान्वयनको पक्ष भने झनै दयनीय बन्दै गइरहेकोमा विज्ञहरूले चिन्ता व्यक्त गरेका छन्। ■

अहिले सदनबाट गरिएका कतिपय घोषणा, दलहरूका गतिविधि केही नेताका अभिव्यक्तिले सात राजनीतिक दलभित्र यथास्थितिवाद हावी हुँदै गएको र प्रतिगामीले ठाउँ बनाउँदै गइरहेको स्पष्ट संकेत मिलेको छ । केही अधिकारबाट राजालाई वञ्चित गरेझैं सात दलभित्रका 'सेरेमोनियल राजतन्त्रवादीहरू' यथास्थिति कायम गर्न प्रयत्नरत छन् ।



किशोर पन्थी

# सेरेमोनियल राजतन्त्रवादीको दाउ

**जनताले त्याग** र बलिदानबाट सात दलका नेताहरूलाई संसद् पुनःस्थापनामार्फत सत्तामा पुऱ्याएको फेरि राजा र विदेशी शक्तिकेन्द्रहरूसँग मिलेर तिनै जनतामाथि घात गर्न होइन, बरु जनभावना र जनादेशअनुसार अघि बढ्दै जनआन्दोलनको मर्मअनुसार देशमा शान्ति सु-व्यवस्थाका निम्ति लोकतान्त्रिक गणतन्त्र स्थापना गर्नकै लागि हो । तर, यति बेला संसदीय दलका नेताहरू सत्तामोहमा फसेर असोज १८ अघिकै स्थिति कायम गर्न खोजिरहे जस्ता देखिन्छन् । जनतालाई भेँडा सम्झेर आफूलाई जता मन लाग्यो, त्यतै चराउन सकिन्छ भन्ने मनोभावका साथ राजाले दिएको संसदीय 'ललिपप' चाटेर रमाइरहेका छन् ।

नेकपा (माओवादी) र सात राजनीतिक दलबीच बाह्रबुँदे समझदारी हुनुअघि सात राजनीतिक दल र जनताबीच विश्वासको निकै ठूलो खाडल थियो । तर, दलहरूले विगतमा गरेका गल्तीबाट सच्चिएर अघि बढ्ने सर्तअनुरूप नै जनताले त्यो खाडल पुरिदिए । जनक्रान्तिकै भावका साथ जनता सडकमा ओर्लिएर सात राजनीतिक दललाई साथ दिए । जनतालाई सडकमा रहेका राजनीतिक दलले नै राजनीतिक नारा दिएर आन्दोलनमा अघि बढाउनुको सट्टा जनताले राजनीतिक दललाई दबाबका साथ नारा दिनु पर्ने स्थिति बन्यो । सशस्त्र विद्रोही माओवादीले अघि सारेको राजनीतिक नारा र कार्यनीतिसँग सहमत हुँदै जनता अघि बढे, दलहरू पछि पछि हिँडे । तर, अहिले भने दलहरूले जनताको भावनालाई सम्बोधन नगरी सदनमै भुल्नु निकै ठूलो बिडम्बना हो । दलहरू असोज १८ अघिकै स्थितिमा रमाउन खोज्नुले दरबारियाहरूद्वारा उनीहरूको रमाइलोलाई कमजोरी ठानेर षड्यन्त्र हुनसक्ने ठाउँ पनि प्रशस्त देखिएको छ । अर्कोतर्फ असोज १८ अघिको स्थितिले नै असोज १८ र माघ १९ जन्माएको यथार्थलाई दलहरूले बिर्सनु हुँदैन ।

अहिले सदनबाट गरिएका कतिपय घोषणा, दलहरूका गतिविधि केही नेताको अभिव्यक्तिले सात राजनीतिक दलभित्र यथास्थितिवाद हावी हुँदै गएको र प्रतिगामीले ठाउँ बनाउँदै गइरहेको स्पष्ट संकेत मिलेको छ । केही अधिकारबाट राजालाई वञ्चित गरेझैं सात दलभित्रका 'सेरेमोनियल राजतन्त्रवादीहरू' यथास्थिति कायम गर्न प्रयत्नरत छन् । तर, यथास्थिति कायम रहेमा राजा पुनः निरंकुश बन्ने वा शक्तिमा आउन प्रयत्न गर्ने सम्भावना भने ज्यूका-त्यू नै रहनेछ । निरंकुशतावादीलाई सत्ता हत्याउन वा शक्तिमा आउन संवैधानिक वा कानुनी छिद्र आवश्यकता पर्दैन, राजनीतिक छिद्र भए पुग्छ ।

यसका विभिन्न ऐतिहासिक अनुभव छन् । नेपोलियन प्रथमका भतिजा लुई बोनापार्टलाई फ्रान्स गणराज्यको राष्ट्रपति चुनेपछि उनले पूरै समय गणराज्य समाप्त पार्नेतर्फ लगाए । सन् १९५१, डिसेम्बर २ मा सेनाको सहयोगमा देशमा निरंकुशता लादेका बोनापार्टले १९५२ डिसेम्बरमा गणतन्त्र समाप्त पारी राजतन्त्र स्थापना गर्दै आफूलाई दोस्रो साम्राज्यको सम्राट नेपोलियन तृतीय घोषणा गरे । अर्थात् राजनीतिक छिद्रबाटै राष्ट्रपतिबाट निरंकुश सत्ता चलाउँदै राजा भए ।

सन् १६४९ मा बेलायतमा चार्ल्स प्रथमलाई मृत्युदण्ड दिएर गणतन्त्र घोषणा गरेको १० वर्षपछि तिनै चार्ल्स प्रथमका छोरा चार्ल्स द्वितीयलाई राजा बनाइयो । तर, उनीपछि राजा हुने जेम्स द्वितीयले सम्पूर्ण अधिकार जनताबाट खोसेर राजनीतिक छिद्रबाटै पुनः निरंकुश शासन चलाए । यसअघि सन् १२१५ मा बेलायतकै तत्कालीन राजा जोनले जनताद्वारा बाध्य पारिएपछि विभिन्न बौद्धिक व्यक्तित्वबाट तयार पारिएको त्यस्तो दस्तावेजमा हस्ताक्षर गरे, जसमा राजाले कानुनबमोजिम शासन गर्नु पर्ने, संवैधानिक सरकार, नागरिक अधिकार र स्वतन्त्रता जस्ता कुरा रहेका थिए । जुन दस्तावेजलाई 'म्याग्नाकार्टा' भन्ने गरिन्छ । तर, 'म्याग्नाकार्टा'मा राजाको हस्ताक्षरपछि पनि बेलायती जनताले राजतन्त्रविरुद्ध संघर्ष गर्नै पऱ्यो । नेपालमा पनि राजाले गरेको संसद् पुनःस्थापनाको घोषणालाई 'म्याग्नाकार्टा'को संज्ञा दिने गरेको पाइन्छ । सात दलले फेरि सेरेमोनियल राजतन्त्रको वकालत गर्दै यथास्थिति टिकाउने दाउ गरेमा नेपालीले पनि बेलायतीहरूले जस्तै पुनः राजतन्त्रविरुद्धको लडाइँ लड्नु पर्नेछ । यसर्थ सात दलले सेरेमोनियल राजतन्त्रको पक्षमा काम गर्न थाले भने जनता राजतन्त्रविरुद्ध फेरि संघर्ष गर्न नपर्ने गरी निर्णायक संघर्षमा समेत उत्रन तयार हुनेछन् ।

जनताको लोकतान्त्रिक गणतन्त्रप्रतिको चाहनालाई कुठाराघात गर्दै दरबार र विदेशी शक्तिकेन्द्रको इसारा र योजनामा सात दल भित्र र बाहिरका सेरेमोनियल राजतन्त्रका पक्षधरहरू भने बलियो बन्ने दाउ खोजिरहेका छन् । कांग्रेसभित्र गिरिजाप्रसाद र एमालेभित्र केपी ओलीले यसको नेतृत्व गरिरहेका छन् । दुवै कांग्रेसलाई मिलाउने कुरा पनि सेरेमोनियलवादीहरूलाई बलियो बनाउने योजनका साथ आइरहेको टिप्पणीहरू समेत हुने गरेका छन् भने राजतन्त्र पक्षधर राप्रपा जस्तो अरू साना पार्टीका समूहलाई पनि मिलाएर राजतन्त्रको पक्षमा वल कायम गर्न दरवारियाहरू लागिपरेका छन् । दुवै कांग्रेस एकताको प्रसंगमा भने नरहरि आचार्य जस्ता गणतन्त्र पक्षधरहरूले 'सेरेमोनियल किङ'को प्रस्तावलाई होइन, गणतन्त्रको एजेन्डा बलियो पार्ने सर्तमा मात्र एकीकरण हुन सक्ने बताउँदै आएका छन् र उनीहरूको यो अडान सधैं कायम रहनु आवश्यक छ । अर्कोतर्फ कांग्रेसको एउटा समूह भने जिल्ला जिल्लामा सेरेमोनियल किङका पक्षमा कार्यकर्तालाई मोड्ने अभियानमा लागेको छ ।

एकातिर लोकतान्त्रिक गणतन्त्रको पक्षधरहरूको गणतान्त्रिक मोर्चा निर्माणको विषयमा बहस र अभ्यास भइरहेको सन्दर्भमा यथास्थितिवादी र प्रतिगामी तत्त्वहरूको भने यसरी नै सेरेमोनियल वा अरू कुनै नाममा 'राजतन्त्रात्मक मोर्चा' निर्माणको योजनातिर लागिरहेका छन् । तर, जनता भने लोकतान्त्रिक गणतन्त्रको पक्षमा उभिने निश्चित छ । जनता धेरै बुद्धिमान आलोचकभन्दा पनि बढी बुद्धिमान हुने भएकाले जनताका बुद्धिमत्ताअगाडि सेरेमोनियल राजतन्त्रवादीको कुनै स्थान रहनेछैन । वर्तमान परिस्थितिमा जो विभिन्न बहानामा राजतन्त्रको पक्षमा उभिने कोसिस गर्छ त्यो भोलि राजतन्त्रसँगै मासिनेछ । ■

अहिले पनि राजनीतिक दलका नेताहरूले आफूलाई जति लोकतान्त्रिक भने पनि पार्टीमा र कार्यकर्ताका बीचमा मनोवैज्ञानिक रुपले जमिनदारभन्दा एक इन्च पनि फरक देखिएका छैनन् । कार्यकर्ताहरू मानौं दास हुन् र पार्टीका नेताहरू जमिनदार ।

# पहिले दलको पुनर्संरचना



■ भीमप्रसाद भुर्तेल

**अहिले मुलुकमा** राज्यको पुनर्संरचनाको संकथनले महत्त्वपूर्ण स्थान ओगटेको छ । साना ठूला राजनीतिक दल, नागरिक समाज, महिला, दलित, आदिवासी, जनजाति, पिछडिएको दुर्गम क्षेत्र तथा अन्य अल्पसंख्यकको राजनीतिक सहभागिताको लागि राज्यको पुनर्संरचनाको विषय उठाइरहेका छन् । तर, त्योभन्दा पहिले सम्पन्न हुनु पर्ने महत्त्वपूर्ण कार्यको चर्चा भएकै छैन । पहिलो महत्त्वपूर्ण कार्य दलहरूको पुनर्संरचना हो । आफ्नै दलको पुनर्संरचना नगर्नेले राज्यको पुनर्संरचना गर्लान् भनेर हिँड्नु बेवकुफी मात्र हो । त्यसकारण अहिलेको पहिलो सवाल दलहरूको पुनर्संरचना हो ।

राजनीतिक दल लोकतान्त्रिक व्यवस्थाका आधारस्तम्भ, प्रमुख अभिकर्ता र मर्म हुन् । राजनीतिक दल लोकतन्त्रका जीवनरेखा पनि हुन् । राजनीतिक दलबाट नै लोकतान्त्रिक शक्तिको अभिव्यक्ति हुनाले लोकतन्त्रमा दलहरू शक्तिको स्रोत हुन् । दलविनाको लोकतान्त्रिक व्यवस्थाको कल्पना गर्न सकिन्न । दल नै सामाजिक र राजनीतिक परिवर्तनको वाहक लोकतन्त्रका मुटु हुन् । लोकतन्त्रको स्थापना, स्थायित्व, उत्थान र पतनको नक्सा यसको अभिकर्ता दलको गठन, सिद्धान्त, सञ्चालन र यसको अभीष्टमा निर्भर रहन्छ । समाज र राष्ट्रको सामाजिक, आर्थिक र राजनीतिक रुपान्तरणको नक्सालाई राजनीतिक दलको कार्यक्रमले निर्धारित गरेको हुन्छ । सत्तामा रहेको राजनीतिक दलले संचालन गर्ने कार्यक्रमले राष्ट्र र समाजको संरचना, मूल्य मान्यता आदिको स्थापना र विकास निर्भर हुन्छ । किनभने राजनीतिक दलले राज्य संचालन मात्र गर्दैनन्, प्रमुख राजनीतिक र सामाजिक प्रक्रिया पनि संचालन गर्छन् ।

अहिले पनि राजनीतिक दलका नेताहरूले आफूलाई जति लोकतान्त्रिक भने पनि पार्टीमा र कार्यकर्ताका बीचमा मनोवैज्ञानिक रुपले जमिनदारभन्दा एक इन्च पनि फरक देखिएका छैनन् । कार्यकर्ताहरू मानौं दास हुन् र पार्टीका नेताहरू जमिनदार । दलको नेतृत्व सामन्तवाद र जमिनदारीवादको धङधडीबाट माथि उठ्न सकेको छैन । आन्तरिक लोकतन्त्रको अभावले दलहरू आफैं लोकतान्त्रिक हुन सकेनन् ।

दलले कार्यकर्ता भर्ती र पदोन्नतिको आधार व्यवस्थापन गर्न सकेनन् । पार्टी भनेको समुद्र हो भनेर सामाजिक रुपले गन्हाएका र आपराधिक चरित्र भएकाहरू भर्ती गरियो, जसले राजनीतिक अपराधीकरण र दण्डहीनता वृद्धि भयो । चुनावमा मतपत्रभन्दा बढी गोलीले मान्यता पायो । दिमागको स्थानमा बाहुबल र रुपैयाँले स्थान पायो । यसले निर्वाचनमा धाँधली र राजनीतिमा अपराधीकरणलाई प्रश्रय दियो, विगतमा ।

राजनीतिलाई समाजसेवा ठान्ने प्रवृत्ति पनि कमजोरी छ । राजनीति समाजसेवा होइन यो एउटा पवित्र पेसा हो । यो पेसामा लाग्न व्यवसायिक कार्यदक्षता र क्षमता चाहिन्छ भन्नेतर्फ ध्यान दिइएन । समाज विज्ञान, कानुन र अर्थशास्त्रको आधारभूत ज्ञान नभएका, गैरकानुनी स्रोतबाट सम्पत्ति कमाएका र आपराधिक प्रवृत्तिका व्यक्तिहरू पनि नक्कली समाजसेवीको रूपमा राजनीतिमा प्रवेश गरेका छन् ।

राजनीतिक दलहरूको वित्तीय पक्षमा पनि पारदर्शिताको अभाव रह्यो । राजनीतिक दल सञ्चालनको खर्चको स्रोत र सहयोगीबारे हिसाब किताब राखिएन । पार्टीको स्रोत व्यवस्थापन, जवाफदेहिता र पारदर्शिताको अभावका कारण गैरकानुनी स्रोत प्रयोग भयो । चन्दादाताहरूले ठेकेदारका रूपमा ठेक्कापट्टा, लाइसेन्स, राजनीतिक नियुक्ति, निजामती र प्रहरी प्रशासनको सरुवा बढुवा आदिबाट हिसाब असुले । मन्त्रीहरूले मन्त्रालय र विभागलाई आफ्नो निजी व्यवसायिक फर्म जसरी उपयोग गरे, जसको कारणले भ्रष्टाचार चरमरूपमा विकसित भयो । यस्ता ठेकेदार प्रवृत्तिले दलहरूलाई यसरी पकडमा राख्न सफल भए कि दलहरू यसबाट मुक्त हुन सक्ने अवस्थामा रहेन । विगतको यो यथार्थ अहिले पनि कायम छ ।

## पुनर्संरचना किन, कहाँ र कसरी ?

वर्तमान अवस्थाबाट मुक्ति पाउन राजनीतिक दलहरूको वर्तमान सांगठनिक स्वरूप, नेतृत्व, निर्णय प्रक्रिया, भर्ती प्रक्रिया, प्रतिनिधित्व, वित्तीय व्यवस्थापन, पारदर्शिता र जवाफदेहिता आदिमा आमूल परिवर्तन आवश्यक छ । दलहरूको सुधार र पुनर्संरचना गर्नु अत्यावश्यक भएको छ । राज्यप्रणालीमा सम्पूर्ण वर्ग, जाति, क्षेत्र, जनजाति, आदिवासी, लिंगको प्रतिनिधित्वको सवाल छ । यस बेला दलहरूले सुधार गर्ने उपयुक्त परिस्थिति मान्नु पर्छ । यस बेला राजनीतिक दलको सुधार एवं पुनर्संरचना सान्दर्भिक र उपयोगी हुनेछ । निम्न क्षेत्रमा सुधार र पुनर्संरचनाको आवश्यकता रहेको छ ।

**प्रतिनिधित्व** : हालको दलीय प्रतिनिधित्व क्षेत्रीय, जातीय, लैंगिक, भौगोलिक आदि दृष्टिकोणबाट असमावेशीकरण र विभेदीकरण पूर्ण छ । दलमा विशेष वर्ग, क्षेत्र र जातिको बाहुल्य रहेको छ । यो सबै दलमा समानरूपमा लागू हुन्छ । फरक मात्राको कुरा मात्र हो । त्यसकारण लोकतन्त्रप्रति प्रतिबद्ध दलले सबै क्षेत्र, जातजाति र लिंगलाई समान रुपमा प्रतिनिधित्व गराउनु पर्छ । वर्तमान अवस्थामा सबै वर्ग र क्षेत्रमा नेतृत्वदायी भूमिका निर्वाह गर्न सक्ने जमात पैदा भएको छ । जुन स्थान र वर्ग विशेषमा प्रतिनिधित्व गर्ने अवस्था कम छ, त्यसलाई दलका केन्द्रदेखि वडासम्मको संगठनमा समावेशीकरण गर्नु पर्छ । जबसम्म दलहरूले सबै वर्ग, तह, तप्का, जाति, जनजाति, आदिवासी, उत्पीडित दलित र महिलाको समानुपातिक प्रतिनिधित्व गर्न सक्दैनन् तबसम्म लोकतान्त्रिक ठहरिन्नन् । लोकतान्त्रिक दलमा समानुपातिक प्रतिनिधित्व हुनु पर्छ ।

**कार्यकर्ता भर्ती, प्रशिक्षण र पदोन्नति** : दलहरूले अब पार्टी समुद्र हो भन्दै विनामापदण्ड कार्यकर्ता भर्ती र विनाप्रशिक्षण पदोन्नतिको प्रक्रिया तुरुन्त रोक्नु पर्छ । पार्टीमा कार्यकर्ता भर्तीको निश्चित मापदण्ड हुनु पर्छ । सो मापदण्डअनुसार भर्ती भएका कार्यकर्तालाई पार्टीको न्यूनतम राजनीतिक, आर्थिक, सामाजिक, वैदेशिक तथा अन्य नीतिको बारेमा प्रशिक्षण गर्नु पर्छ । कार्यकर्ताको पदोन्नति कार्यसम्पादनका आधारमा गर्नु पर्छ, गुट-उपगुट वा लबीको व्यक्ति भनेर होइन ।

**आन्तरिक नेतृत्वचयनको** : दलले आन्तरिक नेतृत्वचयनमा पूर्ण लोकतान्त्रिक पद्धति अपनाउन सक्नु पर्छ । जुन पार्टीले आन्तरिक निर्वाचन प्रणाली असल, लोकतान्त्रिक र शुद्ध गर्न सक्छ त्यसले राज्यको निर्वाचनमा असल नेतृत्व दिन सक्छ । त्यसकारण पार्टीको तल्लो वडा समितिदेखि केन्द्रीय निकायसम्मको नेतृत्व न्यूनतम ९० प्रतिशत निर्वाचनबाट ल्याइनु पर्छ । निर्वाचनलाई पार्टीको जीवन पद्धतिसँग गाँसेर हेर्नु पर्छ । तब मात्र दलहरू लोकतान्त्रिक छन् भन्ने जनविश्वास स्थापित हुन्छ । अब '५० वर्ष प्रजातन्त्रका लागि लडेको' वा 'सर्वहारा वर्गको मुक्तिदाता हो' भन्ने दाबीका आधारमा कुनै पार्टीलाई जनताबाट अनुमोदित हुने अवसर प्राप्त हुनेछैन । एक्काइसौं शताब्दीको चुनौती सामना गर्न सक्ने पार्टी नेतृत्वको आवश्यकता अहिलेको समयको माग हो । पार्टीको आन्तरिक लोकतन्त्र मजबुत गर्न दलहरूले सही निर्वाचन प्रक्रियालाई आत्मसात गर्नै पर्छ ।

**राजनीतिलाई पेसाको रूपमा स्थापित गर्ने सवाल** : अब राजनीति भनेको पेसा हो भन्ने मान्यतालाई आत्मसात गर्न दल तयार हुनु पर्छ । यहाँ पेसा

भन्नाले विगतका सरकारले विभाग मन्त्रालयलाई आफ्नो निजी फर्म बनाउने प्रवृत्ति होइन। अब राजनीति गर्ने व्यक्तिले राजनीतिक कार्यदक्षता, कार्यकुशलता, कार्यसम्पादन क्षमताका आधारमा व्यवसायिकता बढाउनु पर्छ, जसले राज्यको राज्यको नियन्त्रणात्मक, उत्पादक, दोहनात्मक, वितरणात्मक र प्रतीकात्मक क्षमता बढाओस्। यी बढेपछि मात्र देशको छवि अन्तर्राष्ट्रिय रूपमा माथि उठ्न सक्छ। नयाँ पुस्ताले अहिलेको नेतृत्वलाई आदर्शका रुपमा आत्मसात गर्नेछ। अहिले कुनै युवा विद्यार्थीले दलहरूको नेतृत्वमा रहेको कुनै व्यक्तिलाई आफ्नो राजनीतिक आदर्श मान्न सक्ने स्थिति छैन। त्यसकारण भावी पुस्तालाई प्रभावित पार्ने नेतृत्व निर्माण गर्न व्यवसायिक कार्यदक्षता बढाउन अध्ययन, चिन्तन, पार्टी स्कुल, प्रशिक्षण आदिको व्यवस्था गर्नु नितान्त आवश्यक छ। जोसँग राजनीतिको पेसागत क्षमता छ र जसले समाज र देशलाई सकारात्मक प्रभाव पार्छ पार्टीको नेतृत्व उसैको हातमा जानु पर्छ। नेतृत्वको वंश परम्परा बसाउने कोसिस हुनुहुँदैन। अब पार्टीको नेतृत्वमा कुनै व्यक्तिलाई जनमतको आधारमा पनि स्थान दिने थिति बनाउनु पर्छ। किनभने कुनै पार्टीको नेता देशको पनि नेता हो।

**राजनीतिक सामाजीकरण** : अब दलले आफ्नो भावी कार्यदिशा कोर्नु पर्छ। आगामी २० वर्षमा आफ्ना नीतिले समाजलाई यस बिन्दुमा पुऱ्याउँछु भन्ने निश्चित गर्नु पर्छ। विगतको नेतृत्वले २० महिनाको खाकासमेत कोर्न सकेन। त्यसैगरी आफ्नो राजनीतिक एजेन्डाको न्यूनतम आधार रेखा र अधिकतम रेखा कोर्नु आवश्यक छ। राजनीतिक दलले आफ्ना कार्यकर्ता र नेताहरूलाई यसैभित्र रहने गरी राजनीतिक सामाजीकरण गर्नु पर्छ। कार्यकर्ताहरूमा आफ्ना नीति तथा कार्यक्रमलाई आमजनतामा पुऱ्याई प्रभावित पार्ने क्षमताको विकास गर्नु पर्छ। यसका लागि राजनीतिक स्वसंस्कृतीकरण र राजनीतिक परसंस्कृतीकरणको प्रक्रिया तीव्र रूपमा बढाउनु पर्नेछ। यसबाट दलको आदर्श, सिद्धान्त तथा सत्तामा पुग्दा लागू गर्ने नीति र कार्यक्रमबारे निरन्तर अन्तरक्रिया भइरहन्छ र जनताबाट प्राप्त हुने पुनःनिमेष (फिडब्याक)बाट दलहरूलाई जनतामा आफ्नो स्थिति के छ भनेर जान्ने र सोअनुरूप समायोजन गर्न सजिलो हुनेछ।

पार्टीको नीति अध्ययन, अनुसन्धान र दस्तावेजीकरण : प्रत्येक पार्टीले आफ्नो अर्थ, कृषि, घरेलु, उद्योग, वाणिज्य, कर, वैदेशिक सहायता, स्वदेशी तथा विदेशी ऋण, शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा, स्वायत्त वा संघात्मक शासन, वातावरण संरक्षण, ऊर्जा, जलस्रोत, सुरक्षा आदि नीतिबारे व्यापक अध्ययन अनुसन्धान र त्यसको दस्तावेजीकरण गर्ने पद्धतिको विकास गर्न सक्नु पर्छ। दलले कुनै नीति लागू गर्दा त्यसले समाजमा पार्ने दीर्घकालीन र अल्पकालीन प्रभाव आदिबारे पहिल्यै लेखाजोखा हुनु पर्छ, जसबाट उपयुक्त नीतिको माध्यमबाट देश र जनताको अत्यधिक हित गर्न सजिलो होस्।

**तल्ला निकायहरूलाई स्वायत्तता दिने सवाल** : दलहरूले आफ्ना तल्ला निकायहरूलाई अत्याधिक स्वायत्तता दिन सक्नु पर्छ। वडा, गाउँ, इलाका, निर्वाचन क्षेत्र र जिल्लास्तरको निर्वाचनमा

**राज्यको पुनर्संरचना समावेशी लोकतन्त्रको सुदृढीकरण गर्दै उन्नत बहुलवादी समाज निर्माणको दिशामा अघि बढ्न पहिले दलहरूको पुनर्संरचना गर्नु पर्ने बेला आएको छ। दलहरूको पुनर्संरचना भए राज्यको पुनर्संरचना आफैं हुनेछ।**

उम्मेदवारको छनोट स्थानीयस्तरबाटै हुने व्यवस्था गर्नु पर्छ। यसबाट कार्यकर्ताले स्थानीयस्तरमा क्षमता वृद्धि गर्ने दिशामा कार्य गर्न थाल्छन्। यसबाट पार्टी सुदृढीकरण अगाडि बढ्नुका साथै स्थानीय स्वायत्त शासन वा संघीय शासन वास्तवमै सफल कार्यक्रम बन्न जान्छ। जति विकेन्द्रित निर्णय प्रक्रिया रहन्छ त्यति नै लोकतान्त्रिक पद्धति कहलाउँछ।

**निर्णय प्रक्रिया** : पार्टीको निर्णय देशभरिका कार्यकर्ता र नेतृत्वपंक्तिको निर्णय हो। त्यसकारण पार्टीको कुनै पनि कार्यक्रम वा नीति घोषणा गर्दा सम्बन्धित निकायमा छलफल र वहस गर्ने परिपाटी बसाउनु पर्छ। अहिले कतिपय पार्टी नेता सार्वजनिक कार्यक्रममा एउटा कार्यक्रम घोषणा गर्छन्, तर त्यो पार्टीको आधिकारिक कार्यक्रमको रूपमा रहेको हुँदैन। पार्टीभित्र लोकतान्त्रिक वातावरणमा छलफल गरी आधिकारिक निर्णयपछि मात्र कुनै कार्यक्रम घोषणा गर्नु राम्रो हुन्छ। पार्टीको निर्णय पारदर्शी, लोकतान्त्रिक र बहुमत सदस्यको सहमतिको आधारमा गर्ने परिपाटी बसाल्नु पर्छ। यो प्रक्रिया पार्टीका तल्ला निकाय र एकाइमा लागू गर्नु पर्छ। जसबाट हालको सामन्तवादी प्रवृत्ति अन्त्य भएर लोकतान्त्रिक पद्धतिको जग बस्न सकोस्।

**वित्तीय व्यवस्थापन** : पार्टी सुदृढीकरण गरी जनतामा विश्वास आर्जन गर्ने अवस्था सिर्जना गर्न चाहने दलले आफ्नो वित्तीय व्यवस्थापन लोकतान्त्रिक ढंगले पारदर्शी र जवाफदेही बनाउनु पर्छ। जनतामा विश्वास आर्जन गर्न राजनीतिक दलले वित्तीय क्षेत्रमा निम्न सुधार गर्नुपर्ने देखिएको छ :

**स्रोत** : राजनीतिक दलको वित्तीय स्रोत पारदर्शी हुनु पर्छ। वार्षिक १० हजारभन्दा बढी चन्दा दिने संस्था र ५ हजारभन्दा बढी चन्दा दिने व्यक्तिको तीनपुस्ते विवरण खोली सार्वजनिक गर्ने परिपाटी बसाल्न सक्नु पर्छ। चन्दा तथा सहयोगको आधार पनि स्पष्ट गर्नु पर्छ। यसबाट पार्टीमा गैरकानुनी धन लगानी हुन नपाई स्वस्थ परिपाटी बस्छ। त्यसैगरी कुनै व्यापारी वा व्यापारिक फर्मले नीतिगत निर्णयमा सत्तामा रहेको राजनीतिक दलसँग सौदावाजी गर्न पाउँदैनन् र राजनीतिक दलहरू व्यापारीको फन्दाबाट जोगिन्छन्। दलको अन्य सम्पूर्ण आर्थिक स्रोत पनि पारदर्शी बनाई सार्वजनिक गरिनु पर्छ। यसबाट राजनीतिमा पैसाले पाउने महत्त्व र राजनीतिक अपराधीकरण घट्छ। मूल्य मान्यताको राजनीति गर्ने योग्य व्यक्ति पार्टी र राज्यको निर्वाचनमा चुनिने अवसर पाउँछ। माफियाबाट पार्टीलाई मुक्त गर्न सकिन्छ। विगतमा 'हवाई माफिया', 'जलमाफिया', 'भू-माफिया', 'सुन माफिया', 'लागूऔषध माफिया', 'चेलीबेटी बेचबिखन माफिया'देखि लिएर 'पासपोर्ट माफिया' आदिले दलहरूमा प्रवेश गर्ने अवसर पाए। सत्तामा रहेका राजनीतिक दलहरू भ्रष्ट कर्मचारी र प्रहरीबाट कुनै न कुनै रुपमा प्रभावित भए। सार्वजनिक पद, निजामती सेवा तथा प्रहरीको सरुवा बढुवा ठेक्कापट्टामा परिणत भयो। त्यसकारण पार्टीको आयस्रोत पारदर्शी भएको खण्डमा यस्तो अवस्था दोहोरिँदैन।

**खर्च व्यवस्थापन** : पार्टी गतिविधि संचालन गर्न, प्रकाशन तथा प्रशासनिक कार्य सञ्चालन गर्न वित्तीय अनुशासनका आधारमा खर्च गर्ने परिपाटी दलहरूले अवलम्बन गर्नु पर्छ। वास्तविक खर्चका आधारमा कार्यक्रम अगाडि बढाउनु पर्छ। यसबाट दलमा आर्थिक अनुशासन बढ्छ र निर्वाचन प्रणाली कम खर्चिलो र विश्वसनीय बन्दै जान्छ। त्यसबाट जनतामा दलहरूप्रति सकारात्मक भावना पैदा गर्न मद्दत मिल्नेछ।

**लेखापरीक्षण** : राजनीतिक दलहरूले वार्षिक लेखापरीक्षण गराउने व्यवस्था गर्नु पर्छ। आन्तरिक लेखापरीक्षण आफ्नै लेखासमितिबाट गराउने र बाह्य लेखापरीक्षण चार्टर एकाउन्टेन्टबाट गराउने परिपाटी बसाल्नु पर्छ। प्रत्येक आर्थिक वर्षको अन्त्यमा लेखापरीक्षण गर्ने गरी निर्वाचन आयोग र सांसद सचिवालयमा अभिलेखको रूपमा राख्ने तथा प्रमुख पुस्तकालयमा हेर्न सकिने व्यवस्था गर्नु पर्छ। राजनीतिक दलहरूको आम्दानी-खर्च र दायित्व-सम्पत्तिको विवरण जनताले हेर्न पाउनु पर्छ।

**पारदर्शिता** : पार्टीको पारदर्शी वित्तीय व्यवस्थापन जनविश्वास आर्जन गर्ने एउटा राम्रो उपाय हो। पारदर्शिताका लागि खर्च र आम्दानी लेखापरीक्षण गरी त्यसका एकप्रति सार्वजनिक प्रकाशन गर्ने पद्धति अपनाउनु पर्छ।

**श्वेतपत्र** : अब सम्पूर्ण दलहरूले श्वेतपत्र जारी गर्नु अनिवार्य भएको छ। नेतृत्वमा रहेका सम्पूर्ण नेताको निजी सम्पत्ति यस पत्रमार्फत सार्वजनिक गरिनु पर्छ। बेला बेलामा सम्पत्ति विवरण माग गर्ने परिपाटी बसाल्नु पर्छ। यसरी प्राप्त विवरणलाई श्वेतपत्र जारी गरी नेताहरूको सम्पत्तिमा भएको उतारचढाव सार्वजनिक गर्नु पर्छ। यसले गर्दा नेतृत्वमा रहेका व्यक्तिहरूले गैरकानुनी आर्जन गर्न पाउनेछैनन्। अहिले नेतृत्वमा रहेका व्यक्तिहरू जो भ्रष्टाचारमा नाम जोडिएका छन्, तिनीहरूको बारेमा पार्टीले आफैंले छानबिन गरी दोषीलाई कारबाही गर्नु आवश्यक छ।

अन्तमा राज्यको पुनर्संरचना समावेशी लोकतन्त्रको सुदृढीकरण गर्दै उन्नत बहुलवादी समाज निर्माणको दिशामा अघि बढ्न पहिले दलहरूको पुनर्संरचना गर्नु पर्ने बेला आएको छ। दलहरूले पनि आत्मालोचनासहित सुदृढीकरणको प्रक्रियामा जान नितान्त आवश्यक भएको छ। दलहरूको पुनर्संरचना भए राज्यको पुनर्संरचना आफैं हुनेछ। दलको पुनर्संरचना नगर्नेबाट राज्यको पुनर्संरचनाको आस गर्न सकिँदैन। यसले लोकतान्त्रिक र बहुलवादी समाज निर्माण गर्ने समावेशी बहुदलीय राज्यप्रणालीको संस्थागत विकास र सुदृढीकरण गर्न सहयोग गर्नेछ। ■

**राज्यपक्षका ज्यादतीलाई मुद्दा बनाएर छानबिन गर्ने मानवअधिकारवादी संस्थाहरूले माओवादी ज्यादतीको बारेमा न कुनै छानबिन गर्छन् न खास चर्चा नै । मानवअधिकार संरक्षणमा राज्यको बढी भूमिका हुन्छ नै, तर विद्रोही हुँ भनेर जति आतंक मचाए पनि उम्कन पाइन्छ र ?**



सुमन अधिकारी

# हुनुपर्छ न्यायको प्रत्याभूति

**मुलुक द्वन्द्व** रुपान्तरणतर्फ अघि बढिरहेको अहिलेको अवस्थामा द्वन्द्वपीडितको समस्या महत्त्वपूर्ण र संवेदनशील मुद्दा हो । राजनीतिक निकास मात्र दिगो शान्तिको आधार बन्न सक्दैन । न्याय दीर्घकालीन शान्तिका लागि अनिवार्य तत्त्व हो । जिम्मेवारी वहनको क्रममा युद्धमा हतियारधारी मर्नु-मारिनु केही स्वभाविक ठानिएला । तर, द्वन्द्वसँग सरोकार नै नभएका निर्दोष निहत्था नागरिक कथित सुराकी, दोहोरो भिडन्त वा आतंककारीको नाममा मार्ने कार्य मानवताविरोधी कार्य हुन् ।

मानवअधिकार ज्यादतीको कुरा गर्दा विशेषत: जनआन्दोलन-२ को दमनलाई मात्र चित्रण गर्ने गरिन्छ । जनआन्दोलन-२ का सहिदलाई सम्मान गरी मानवअधिकार उल्लंघनबारे छानबिन गर्न आयोग बनाउनु राम्रो पक्ष हो । तर, तिनै सहिदका अग्रज, मुलुकका कुना कुनामा हत्या, हिंसा र आतंकसँग जुध्ने दसवर्षे कालरात्रिका सहिदहरूको चर्चासम्म नहुनु दु:खद कुरा हो । यदाकदा नगरकोट तथा वेलबारी काण्डका जस्ता केही घटनालाई राजनीतिक रंग दिएर छानबिन गर्ने गरिएको छ । राज्यपक्षका ज्यादतीलाई मुद्दा बनाएर छानबिन गर्ने मानवअधिकारवादी संस्थाहरूले माओवादी ज्यादतीको बारेमा न कुनै छानबिन गर्छन् न खास चर्चा नै । मानवअधिकार संरक्षणमा राज्यको बढी भूमिका हुन्छ नै, तर विद्रोही हुँ भनेर जति आतंक मचाए पनि उम्कन पाइन्छ र ?

द्वन्द्वको भुंग्रोमा अभिभावक गुमाएका हामी टुहुराहरूको सक्रियतामा २०५९ सालमा स्थापित आतंक पीडित टुहुरा समाज नेपालअन्तर्गत न्याय र शान्तिका पक्षमा कार्यक्रमहरू गर्दै आएका छौं । न्याय र स्वाभिमानसँग जोडिएका हाम्रा मूल्य, मान्यता एवं कार्यक्रम पीडाको प्रकृतिमै आधारभूत भिन्नताका कारण माओवादी पीडित संघसँग मेल खाँदैनन् । पीडितलाई यति र उति राहत दिनु पर्छ भन्ने बेला बेलामा सुनिन्छ । तर, त्यो हाम्रो प्राथमिकता होइन । स्वाभिमानको रक्षा एवं न्यायको प्रत्याभूतिविना आर्थिक एवं भौतिक राहतका कार्यक्रमको औचित्य रहँदैन । राहत र क्षतिपूर्तिका कुरा राज्यको दायित्व र क्षमताको कुरा हो । विगतमा हचुवा तरिकाले प्रदान गरिने विस्थापित भत्ता एवं हाम्रा अभिभावकका वास्तविक योगदानलाई बेवास्ता गर्दै राज्यद्वारा गर्न खोजिएको कथित सम्मानप्रति हाम्रो गम्भीर असहमति रह्यो ।

सबैलाई न्यायको प्रत्याभूति दिने शान्ति प्रक्रियाका लागि राजनीतिक दल, नागरिक समाज, मानवअधिकारकर्मी एवं राष्ट्रिय-अन्तर्राष्ट्रिय संघसंस्थाहरूसँगको हाम्रो छलफल अन्तिमतिर पुगेको छ । द्वन्द्वकै कारण प्रत्यक्ष पीडा भोगेका प्रतिनिधिसभा सदस्यलगायत अन्य जिम्मेवार व्यक्तित्वहरू आफ्नो मुद्दा आफैं कसरी उठाउने, यो राजनीतिक मुद्दा दलले उठाउलान् नि भनेर पन्छिए । शान्ति प्रक्रियामा द्वन्द्वपीडितका मुद्दाहरू समावेश गर्न राष्ट्रसंघका विशेष प्रतिनिधि स्टेफन डि मिस्टुरा, उनीमार्फत राष्ट्रसंघका महासचिव कोफि अन्नान लगायत राष्ट्रसंघका अन्य निकायहरूमा स्मरणपत्र पेस गरिएको छ । समाजले सभामुख र उनीमार्फत सबै सांसदलाई स्मरणपत्र प्रस्तुत गरेको छ । सबै संसदीय दलका सचेतकहरूले यसमा आफू संवेदनशील रहेको र टुंगोमा पुर्‍याउन लागिपर्ने प्रतिबद्धता जनाए पनि त्यसतर्फ ठोस कदम चालिएको छैन ।

खास गरी नेपाली कांग्रेसका प्रमुख सचेतक आनन्दप्रसाद ढुंगाना र नेकपा एमालेका प्रमुख सचेतक महेन्द्रबहादुर पाण्डेले संयुक्त रुपमा छानबिन आयोग गठन गर्ने सवालमा देखाएको साझा प्रतिबद्धता सुखद पक्ष थियो । सरकारको धारणा बुझी सोहीबमोजिम अघि बढ्नेबारे छलफल भएको थियो । गृहमन्त्री कृष्णप्रसाद सिटौलाले माओवादीसँगको वार्ता संकटग्रस्त बनेका बेला महत्त्व दिन नमिल्ने भन्दै उपयुक्त समयमा कुरा उठ्ने बताएकोमा हामी विश्वस्त भएनौं । कुन मुद्दा कहिले सम्बोधन गर्ने भनेर प्राथमिकता निर्धारण गरिनु स्वभाविक हो, तर सतहमै तेर्सिरहेको यस अहं मुद्दालाई पन्छाउन खोजिनु स्वभाविक हुन सक्दैन । प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई स्मरणपत्र बुझाउन समय माग्दा उनका सहयोगीको आलटाले व्यवहारले हामीलाई दु:खित तुल्याएको छ । शान्ति समिति, विधान मस्यौदा समिति, विभिन्न राजनीतिक दलहरू लगायतका संगठनहरूमा हामी निकै धायौं ।

पहिल्यै समय लिएर गएको अवस्थामा समेत कहिले मिटिङ कहिले के कहिले के भन्दै पर्खेर बस्दाबस्दा त्यसै फर्कनु परेका कयौं पीडा छन् । अधिकांश छलफल र कुराकानी सकारात्मक थिए । तथापि, केही अवस्थामा हामीलाई कुनै अपराधीझैं कठघरामा बयान दिएजस्तो पनि लाग्यो । मानवीय संवेदना शून्य, जिम्मेवारीबोधविहीन कतिपय व्यक्तित्वहरू देश र समाजको सेवाको लागि खटिएको देख्नु पर्दा टिठ समेत लाग्यो । आम चासोको विषयमा समेत शान्तिपूर्ण रुपमा उठाइएका आवाजको कतै सुनुवाइ नहुने, सानोभन्दा सानो विषयमा ध्यानाकर्षण गराउन समेत ढुंगामुढाको सहारा लिनु पर्ने गरी विकास भएको देशको नराम्रो प्रवृत्ति आपत्तिजनक छ । लाग्छ, आजको एक्काइसौं शताब्दीले बन्दुकको भाषा मात्र बुझ्छ । साँच्चै अरूले पनि त्यही भाषा सिक्नु पर्ने पो हो कि ?

मानवअधिकारकर्मी तथा नागरिक समाजसँगको भेटमा अधिकांशले विषय वस्तुलाई राम्रो, गर्नै पर्ने भने पनि अलिक उदासीन तथा कताकता पक्षपाती लाग्ने आवाजले हामीलाई सन्तोष दिन सकेन । सरकार र माओवादीका क्रियाकलापप्रति समदृष्टि राख्नु पर्ने आफूलाई नागरिक समाज वा मानवअधिकारवादी भनाउन रुचाउने केही व्यक्ति माओवादीको खाँट्टी प्रवक्ता बन्ने गरेको त सर्वविदितै छ । कतिपय मानवअधिकारवादी संस्थाहरूले द्वन्द्व समाधान र शान्ति प्रक्रियका नाममा करोडौं खर्चेर गर्ने कार्यक्रमको उपादेयता, प्रभावकारिता र औचित्य कति छ ? अधिकांश त्यस्ता कार्यक्रमका बारेमा सम्बन्धित पक्षहरूसँग विचारविमर्श र सल्लाह समेत हुँदैनन् । अधिकांश संचारमाध्यमले पीडितको एजेन्डालाई मौसमी बाजाको रुपमा प्रयोग गर्दै आएका छन् । उनीहरू सस्तो लोकप्रियता आर्जन गर्न चाहन्छन् र भन्छन्, 'अहिले माओवादी ज्यादतीका बारेमा बोल्नु हुँदैन ।'

माओवादीले चाहिँ अझै पनि मान्छे पनि मार्दै हिँड्ने, मनपर्दी बोल्दै हिँड्ने अनि पीडितचाहिँ सधैं निसासिएर बस्नुपर्ने कहीं न्यायसंगत हुनसक्छ ? संक्रमणकालीन अवस्थामा राष्ट्रिय जीवनका विभिन्न क्षेत्रहरू आ-आफ्नो व्यक्तिगत हकहितको नाममा हडतालमा उत्रिरहेको अवस्थामा हामी पीडितहरू आधारभूत एवं सामाजिक न्यायको लागि भौंतारिनु आफैंमा विडम्बना हो ।

माओवादी र राज्य दुवै पक्षबाट भएका आम मानवअधिकार उल्लंघनका घटनाको तथ्य पत्ता लगाउन अधिकारसम्पन्न उच्चस्तरीय न्यायिक छानबिन आयोग (ट्रुथ कमिसन) गठन गरिनु पर्छ । छानबिनको आधारमा हत्या गरिएका नागरिकहरूको योगदानको मूल्यांकन गरी सहिद घोषणा गरिनु पर्छ । पीडितलाई कानुनी एवं सामाजिक न्याय र पीडकलाई समुचित सजाय हुनु पर्छ । राजनीतिक रंग दिएर हत्याराहरूलाई उन्मुक्ति दिइनु हुँदैन । पीडकलाई क्षमा दिने अधिकार पीडितलाई मात्र हुन्छ । पीडित पक्षलाई न्यायको प्रत्याभूति दिलाउने प्रक्रिया अवलम्बन गरिएन भने सम्पूर्ण शान्ति प्रक्रिया नै संकटमा पर्दछ । साथै विस्थापितहरूको घर फर्कने उपयुक्त वातावरणको लागि आपसी सहमतिमा आधारमा लुटिएको धनसम्पत्ति फिर्ता एवं क्षतिपूर्ति तथा घाइते र अंगभंग भएकाहरूको उचित उपचार गरिनु पर्छ ।

*(अधिकारी आतंकपीडित टुहुरा समाजसँग सम्बद्ध छन्)*



कुखुरा चोरीको आरोपमा माओवादीका हातबाट मारिएका सन्तबहादुरकी पत्नी अप्सरा

# संवेदनहीनताको पराकाष्ठा

■ केशव लामिछाने/लमजुङ, कमल अधिकारी/हटौंडा, श्यामसुन्दर यादव/राजविराज

**माओवादीका केन्द्रीय नेताहरूले एक खाले कुरा गरे पनि स्थानीय तहमा माओवादीको ज्यादतीमा कुनै कमी आएको छैन । दलित अधिकारका ठूला कुरा गरे पनि उनीहरूले कुखुरा चोरेको आरोपमा लमजुङमा दलितकै हत्या गरेका छन् भने महिला अधिकारका चर्का कुरा गर्ने माओवादीबाटै चेलीहरू बलात्कृत भएका छन् र मारिएका छन् ।**

**'त्यो दिन सम्झँदा** अहिले पनि जीउमा काँडा उम्रन्छ', लक्ष्मी प्राविकी शिक्षिका सावित्री पोखरेल थरथर काप्दै सुनाउँछिन्, 'साह्रै निर्ममतापूर्वक कुटेर मारे ।' लमजुङको ईशानेश्वर गाविस लक्ष्मीबजारमा भदौ २१ गते राति भएको घटनाले टोलका गाउँलेहरू अझै पनि झस्कने गरेका छन् ।

त्यस दिन राति माओवादीले २४ वर्षीय सन्तबहादुर विकको हत्या गरेका थिए । बजारमा रहेको रामकृष्ण परियारको घरको कोठामा मारिएका उनलाई चोरी गरेको माओवादी आरोप थियो । गाउँलेहरूका अनुसार माओवादीले गोरे भनिने सन्तबहादुरलाई लठ्ठीले कुटेर मारेका थिए । 'हाम्ले राती बार्दलीबाट हेर्दैथियौं, को हो त्यहाँ भनेपछि भित्र पसियो तर मरेँ नि आमा मरेँ नि बा भन्दै गोरे कराएको करायै गर्‍यो', घटनाको रात सम्झँदै सावित्री भन्छिन्, 'घरि मासु काटेको जस्तो आवाज आउँथ्यो घरि लठ्ठीले कुटेको कुट्यै गरेको आवाज सुनिन्थ्यो ।'

सरकारसँग शान्ति वार्ता भइरहेका बेला गाउँमा कुखुरा चोरेको आरोपको मान्छेको निमर्म हत्या हुँदा गाउँलेहरू दुःखी बनेका मात्रै छैनन्, उत्तिकै अचम्भित पनि छन् । 'युद्धविरामको यो बेलामा मान्छे नै मार्लान् र त्यो पनि कुखुरा चोरेको भनेर भन्ने हाम्लाई एकरति पनि लागेको थिएन', स्थानीय ज्ञानप्रसाद अधिकारी भन्छन् । अधिकारीकै भनाइमा गोरेले कुखुरा चोरेको भन्ने प्रमाण पनि केही भेटिएको थिएन ।

माओवादीले गरेको यो हत्याकाण्ड संवेदनहीनताको पराकाष्ठाकै एउटा उदाहरणको रुपमा देखिएको छ । त्यसो त घटना थामथुम पार्ने पनि उसको प्रयास रह्यो । गाउँलेहरूका अनुसार गोरेलाई मार्नेहरू माओवादीको परिवर्तन स्मृति चौथो ब्रिगेडका मिलिसियाहरू हुन् । 'ती पनि स्याना केटाकेटी मात्रै थिए', शिक्षिका सावित्री भन्छिन्, 'कोही कोही त १२ वर्षका ।'

राति हत्या गरेपछि भोलिपल्ट गाउँलेहरूले तेह्रजना माओवादीलाई नियन्त्रणमा लिएपछि मात्रै हत्या भएको स्विकारेको थियो माओवादीले । घरमा खाने केही छैन एकचोटि लाग्ने भेट्छु भन्दै गएकी गोरेकी पत्नी अप्सरालाई त उनीहरूले गोरेलाई केही भा'छैन ल यो लिएर जानु भन्दै एक पाथी चामल, एक पोका तेल र रोटी दिएर फर्काएका थिए । ३५ दिनकी सुत्केरी उनलाई उति खैरै लाग्नेको अवस्थाभन्दा पनि घरकी ६५ वर्षीया सासू सरस्वती, चारवर्षे छोरी र आफ्नै पेट भर्ने चिन्ता चर्को थियो ।

आफ्नो भन्ने एकबित्ता पनि जमिन नभएर अर्कैकोमा छाप्रो हालेर बसेका गोरेलाई किन मारेको भनेर उर्लेका गाउँलेहरूमाथि माओवादीहरूले 'हाम्रा विरुद्ध उत्रने सबैको हातखुट्टा बाँधेर लडाउँछौं' भन्न पनि चुकेनन् । तर, युद्धविराम र सरकारसँगको आचारसंहिताले उत्साह भरिएका गाउँलेहरू हच्किएनन् । 'प्रचण्ड र बाबुरामसँग कुरा पुर्‍याएर तिमीहरूलाई कारबाही गर्न हाम्ले पनि जानेका छौं भनेपछि बल्ल पछि हटे माओवादी', स्थानीय गजेन्द्र घिमिरे भन्छन् । स्थानीय बासिन्दा समेत रहेका एरिया इन्चार्ज साधुरामले गाउँलेहरूकै दबाबमा पीडित परिवारलाई तत्काल १० हजार किरिया खर्च दिए र लास उठाउन लगाए । अहिले माओवादीको लमजुङ-मनाङ जिल्ला कमिटीले घटनामा संलग्न मिलिसियाहरूको नेतृत्व गरेका कमरेड गगन र अर्का कार्यकर्ता मोहनलाई नियन्त्रणमा लिएको सूचना सार्वजनिक गरेर

थामथुम पार्ने प्रयास गरेको छ । गाउँलेहरू दोषीलाई कारबाही गरिएको जनतालाई थाहा हुनु पर्ने र पीडितलाई क्षतिपूर्ति दिनु पर्ने अडानमा छन् ।

## आक्रोशित देवापुरटेटा

स्थानीय एक महिलालाई बलात्कार गरेको आरोपमा गाउँलेले माओवादी कार्यकर्ता बिल्टु मियाँलाई कुटपिट गरेर मारेपछि गाउँले माओवादी दोहोरो भिडन्तमा रणभूमि बनेको देवापुरटेटा अहिले आतंकित र आक्रोशित छ । बाराको सदरमुकाम कलैयाबाट २० किलोमिटर पूर्वमा रहको सो गाउँ बिहीवार बिल्टु मियाँ मारिएपछि भदौ २३ गते गाउँले माओवादी रणमैदानमा परिणत हुँदा स्थानीय युवक रामनरेश यादवको दोहोरो भिडन्तका क्रममा मृत्यु भएको छ । सशस्त्र गाउँमा छिरेका सयौंको संख्याका माओवादी र त्योभन्दा दुईगुणा बढी घरेलु हतियार बोकेर निस्केका गाउँले एकापसमा जुध्दा देवापुरटेटा थरथर काप्यो ।

त्यो साँझ गाउँ छिरेका सशस्त्र-माओवादी आफ्ना कार्यकर्ता बिल्टु मियाँको हत्याको बदला लिन आएका थिए भने शौचालय गएकी एक निरीह महिलालाई बलात्कार गरेपछि आक्रोशित गाउँले प्रतिकारका निम्ति उठेपछि देवापुरटेटा रणभूमिमा परिणत भएको थियो । साँझ ८ बजेदेखि राति १२ बजेसम्मको भिडन्तमा स्थानीय १८ वर्षीय रामनरेश यादवको ज्यान गयो ।

गाउँले-माओवादी भिडन्त भएको देवापुरटेटा भदौ २४ गते बिहान हुँदा नहुँदै सुनसान एवं भयभीत बन्न पुग्यो । गाउँका धेरै घरमा ताला लाग्यो भने युवाहरू डरका कारण घर छाडेर भागे । अहिले गाउँमा बूढाबूढी र बालबालिका मात्र छन् । माओवादीको स्वीकृति नपाएको भन्दै स्थानीय प्रहरी प्रशासन घटना भएको पाँच दिनसम्म गाउँ छिरेन । बिरालाको चालमा भदौ २६ गते सशस्त्र र जनपद प्रहरीको एक टोली घटनास्थलतर्फ पठाएको स्थानीय प्रशासनले गाउँलेलाई राहत र सुरक्षाका लागि खटाएको लज्जास्पद अभिव्यक्ति दिएको छ ।

गाउँ आफ्नो कब्जामा रहेको भन्दै ३ दिनसम्म संचारकर्मीलाई समेत गाउँ प्रवेशमा रोक लगाएको माओवादीले भदौ २६ गते प्रहरीलाई प्रवेश अनुमति दिएको थियो । बाराका प्रमुख जिल्ला अधिकारी भोलाप्रसाद शिवाकोटी गाउँ पुगेको प्रहरी २-३ दिन बसेर गाउँलेलाई राहत र सुरक्षा प्रदान गर्ने बताउँछन् । तर, गाउँमा सदरमुकाम बस्ने अधिकारीले सोचेको स्थिति नरहेको र अब प्रहरीको कुनै जरुरत नै नरहेको स्थानीय बासिन्दाको भनाइ छ ।

माओवादीसँग आक्रोशित जनता स्थानीय प्रशासनको लाचारीपनसँग पनि त्यत्तिकै क्रुद्ध छन् । माओवादी कार्यकर्ता बिल्टु मियाँद्वारा बलात्कृत भनिएकी महिलालाई उपचारका लागि भदौ २६ गते नै नारायणी उपक्षेत्रीय अस्पताल वीरगन्ज पुऱ्याइयो । जीउभर घाउ भएकी उनी बराबराउँदै लड्दै गरेको अवस्थामा पाँच दिनपछि सादा पोसाकमा पुगेको प्रहरीले उद्धार गरेका थिए ।
गाउँले-माओवादी दोहोरो भिडन्तमा मारिएका नरेश यादव सर्वसाधारण भएको गाउँलेहरूको भनाइ छ भने माओवादीले आफ्ना कार्यकर्ता भएको दाबी गरेका छन् । पोस्टमार्टमका लागि वीरगन्ज अस्पताल लगिएका यादवको जीउभित्र रहेको गोली चिकित्सकले निकाल्न खोज्दा माओवादीले लासलाई अस्पतालबाटै उठाएर आफ्नो नियन्त्रणमा लिएका थिए ।

## विधवा विवाहविरोधी

भदौ १० गते अर्थात् तीजको दिन । एकातिर आमनेपाली महिलाहरू तीजको अवसर पारेर खुसीयाली मनाइरहेका थिए भने अर्कोतिर सप्तरी हर्दिया-७ मा एक नेपाली चेली फूलोदेवी माओवादीको चरम यातनामा छटपटाइरहेकी थिइन् । त्यति बेला उनी माओवादीसँग याचना गरिरहेकी थिइन्- आफ्नो प्रेमी पति किसुनदेवको दीर्घायुका लागि भोकै बसेर व्रत गर्न पाऊँ भनेर । तर, त्यहाँ उनको सुनुवाइ भएन । उल्टो, महिला हक र अधिकारका लागि लामो व्याख्या गरेर नथाक्ने माओवादी उनको अमर प्रेममा बाधा बन्न पुगेपछि फूलोदेवीले माओवादी नियन्त्रणमै



कमल अधिकारी

बारा देवापुरटेटा घटनाको पाँच दिनपछि गाउँ छिरेका सरकारी कर्मचारीका साथमा पत्रकार ।

सदाका लागि ज्यान गुमाउनु पऱ्यो ।

तीन वर्षअघि पहिलो पतिको मृत्य भएपछि फूलोदेवीले हर्दिया-७ कै किसुनदेव महतोसँग प्रेम विवाह गरेकी थिइन् । पहिलो श्रीमतीबाटै तीन छोरा र दुई छोरीका बाबु बनिसकेका किसुनदेवसँग दुई छोरीकी आमा फूलोदेवीको प्रेमविवाह भएपछि सामाजिक परम्परा तोडेको आरोप लगाउँदै यो जोडीमाथि गाउँलेहरू खनिएका थिए । त्यति बेला किसुनदेवलाई तीन हजार रुपैयाँ जरिवाना गराएका थिए, माओवादीले । गाउँ बस्ने अवस्था नभएपछि उनीहरू घर छोडेर भारतको पञ्जावमा बस्दै आइरहेका थिए । पञ्जावबाट कृष्णजन्माष्टीका दिन (भदौ १ गते) यो जोडी गाउँ फर्किएको थियो । समाजको परम्परा तोड्दै प्रेम विवाह गरेको आरोपमा फेरि एकपटक गाउँमा विवाद जन्मिएपछि त्यसको अर्को दिन (भदौ २ गते) माओवादीको उपस्थितिमा गाउँमा ठूलै छलफल भएको थियो । त्यसपछि यो जोडीलाई अलग्याउन माओवादीका स्थानीय गाजस प्रमुख बद्रीनाथ अधिकारीलगायत एरिया कमिटी सदस्य शिवे उपनामका शुभनारायण यादव लागेका थिए ।

तर, किसुनदेवको तीन महिनाको गर्भ बोकेकी फूलोदेवीले आफ्नो शरीर तीन टुक्रा पारे पनि आफूले किसुनदेवको साथ नछोड्ने अडान राखेपछि सो जोडीमाथि माओवादीहरूले बिजुलीको तारबाट बनेको कोर्रा बर्साउन थालेका थिए । करिब सयजनाको संख्यामा भेला भएका गाउँलेहरूको कुरै नसुनी आफ्ना छोराबुहारीमाथि निर्ममतापूर्वक एकोहोरो कोर्रा बर्साइरहँदा आँसु थाम्न नसकेका किसुनदेवका ७० वर्षीय पिता बिन्दी महतोले *समय*सँग भने, 'कोर्रा जबरजस्ती मेरो हातमा पनि थमाए, नचाहँदा नचाहँदै पनि छोराबुहारीलाई कुट्न लगाए ।'

सिंगो समाजका अगाडि चरम यातना दिने कार्य दोहोरिरहँदा यो जोडीलाई जबरजस्ती छुट्टिन बाध्य बनाएका माओवादी कार्यकर्ताले फूलोदेवीलाई बीच गाउँमा १० धुर जग्गा र १३ हजार जरिवाना किसुनदेवले दिनु पर्ने उर्दी लगाउदै फूलोदेवीतिर हेरेमा तीन वर्षको श्रमकैद सजाय दिने निर्णय गरेको स्थानीय रघुनाथ महतोले बताए । किसुनदेव र फूलोदेवीबीचको प्रेमविवाहलाई उनीहरूका परिवारले स्विकारेका थिए । किसुनेदवकी जेठी पत्नी रीतादेवी महतो पनि श्रीमान्‌ले कान्छी भित्र्याएकोमा असहमत थिइनन् । 'श्रीमान्‌ले कान्छी भित्र्याएपछि मैले स्विकारेकी थिएँ', रीतादेवीले *समय*सँग भनिन्, 'माओवादीहरूले निर्ममतापूर्वक मेरा पति र सौतालाई यातना दिए ।

माओवादी एसिया कमिटी सदस्य यादवले फूलोदेवीलाई नियन्त्रणमा लिएको तीन दिनपछि उनीहरूले नै गाउँमा हल्ला चलाए, 'फूलोदेवीले विष सेवन गरी आत्महत्या गरिन् ।' दाहसंस्कारका लागि गाउँलेलाई बोलाउने काम पनि भयो । गाउँलेहरू भेडिया चौकमा पुग्दा काजकिरिया भइसक्यो, भनी फर्काएको स्थानीय एमाले जिल्ला कमिटी सदस्य राजन थापा बताउँछन् । 'माओवादीको डरले उनीहरूविरुद्ध गाउँलेले एक शब्द पनि बोल्ने साहस गरेनन्', थापा भन्छन् ।

यो कारवाहीको कारण माओवादीभित्रै मौलाउँदै गएको जातिवाद हो । फूलोदेवी नाताले माओवादीका एसिएम शुभनारायण यादवको सानी आमा पर्ने भएकाले उनले छुटाउने प्रयास गरेका थिए । अर्को गाउँमा यादव र महतोको वर्चस्व थियो । शुभनारायण र स्थानीय यादव जातिका अगुवाहरूले महतो यादवभन्दा तल्लो जातको भएकाले उनीहरूको सम्बन्ध कुनै पनि हालतमा कायम हुन नदिने अडान राखेका थिए । अर्कोतर्फ सामाजिक परम्पराअनुसार विधवा महिलाले दोस्रो श्रीमान् रोज्न नपाउने परम्परा पनि बाधक बन्यो । माओवादी स्रोतका अनुसार विष सेवन गरेको थाहा पाएपछि फूलोदेवीलाई सिरहा जिल्लास्थित लहान अस्पताल लगिएको थियो, तर त्यहाँ भर्ना लिइएन । त्यहाँबाट विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा थप उपचारका लागि लगिने क्रममा सप्तरीको कुशहा बजार नजिक उनको मृत्यु भयो । ■



काठमाडौंमा सम्पन्न पहिलो उर्जा सम्मेलन

तेजबहादुर बस्नेत

# बिजुलीमा भारतीय साझेदारी

■ **विश्वमणि पोखरेल/काठमाडौं**

**नेपालको जलसम्पदामा** गहिरो चासो राख्दै आएको भारत र जलस्रोत विकासका हरेक मुद्दालाई राजनीतिक दृष्टिकोणबाट हेर्ने नेपाली मानसिकता चिर्दै नेपालले बिजुलीको व्यापार गर्नु पर्छ भन्ने मान्यता बलियो बन्दै गएको छ। प्रजातन्त्रको पुन:स्थापनापछि जलस्रोतमा निजी र अन्तर्राष्ट्रिय लगानीको ढोका खोलेको नेपालमा बिजुलीको प्रचुर बजार भएको भारतकै लगानीकर्ताहरू उत्साहित बनेर संयुक्त लगानीमा जलविद्युत् उत्पादन गर्न तम्सिएका छन्। भाषण, सभा, सम्मेलनमा देखिएको यो परिवर्तन साँच्चिकै व्यवहारमा उत्रिन सक्यो भने नेपाल बिजुलीको थोक बिक्रेता बन्ने बलियो सम्भावना छ। भदौको तेस्रो साता काठमाडौंमा सम्पन्न पहिलो 'पावर समिट'ले यही संकेत गरेको छ।

भदौ २२ र २३ गते सम्पन्न समिटमा नेपाल र भारतका ऊर्जा उत्पादक, निर्माता, बैंक, इन्सुरेन्स कम्पनीका अधिकारीहरूले जमेर छलफल गरे र एउटा निजी क्षेत्रको लगानीमा उज्यालोको व्यापार गर्ने ढोका खोल्ने प्रयास गरे। अहिलेसम्म नेपालका खोलानालाबाट बिजुली निकाल्ने र भारतमा बेच्ने मामला नेपाल-भारतको सरकारीस्तरबाट मात्र हुन्छ, हुनु पर्छ भन्ने मानसिकता परिवर्तन आएको छ, अब दुवै देशका सरकार सहजकर्ताको भूमिका निर्वाह गर्दै निजी क्षेत्रको साझेदारीमा जलऊर्जाको विकासमा सहयोग पुऱ्याउन तयार भएका छन्।

भारतको सरकारी स्वामित्वको पावर ट्रेड कर्पोरेसन(पिटिसी) र नेपालको स्वतन्त्र ऊर्जा उत्पादक संघ (इपान) आयोजना गरेको समिटले अब निजी क्षेत्र जलऊर्जा निकाल्न, वितरण गर्न र प्रसारण गर्न सक्षम छ, तिनलाई दुवै देशका सरकारले सकारात्मक नीति र पूर्वाधार निर्माण गरेर सहयोग पुऱ्याउनु पर्छ भन्ने आग्रह गऱ्यो। सम्मेलनको उद्घाटन समारोहमा नेपालका उपप्रधानमन्त्री केपी ओली, अर्थमन्त्री डा. रामशरण महत र जलस्रोत राज्यमन्त्री ज्ञानेन्द्रबहादुर कार्की सबैले सकारात्मक सहयोगको आश्वासन दिए भने भारतीय राजदूत शिवशंकर मुखर्जीले पनि नेपालको जलसम्पदालाई ऊर्जामा परिणत गर्न आफूहरू सहयोगी बनेर निजी क्षेत्रलाई प्रोत्साहित गर्ने बताए।

मुखर्जीले भारतमा नेपालबाट निर्यात हुने उत्पादनमा सबैभन्दा राम्रो सम्भावना भएको जलऊर्जाका क्षेत्रमा सबैभन्दा कम प्रगति भएको जानकारी दिँदै सम्भावनाको ढोका खोल्न आग्रह गरे। मुखर्जीले भने, 'अहिले साझेदारीको यस्तो समय र अवसर सिर्जना भएको छ, जसबाट दुवै देशका लाखौं जनताको जीवनस्तरमा सुधार ल्याउन सकिन्छ।'

काठमाडौंमा सम्पन्न पहिलो सम्मेलनमा नेपाल र भारतका निजी क्षेत्रको साझेदारीमा जलविद्युत् आयोजना विकास गर्ने विषय थियो, तर त्योभन्दा प्राथमिकतामा परेका जल्दाबल्दा मुद्दाहरूमा संयुक्त लगानी गर्ने मोडेलहरू, लगानीको सुरक्षा अनि उत्पादित विद्युत् कसरी भारतीय बजारमा पुऱ्याउने भन्ने प्रश्नमा विशेषज्ञ र निजी लगानीकर्ताहरू घोत्लिएका थिए।

इपानका अध्यक्ष सन्दीप शाह भन्छन्, 'निजी क्षेत्र मिलेर नेपालमा विद्युत् उत्पादन र व्यापार गर्ने विषयमा यो समिट ब्रेक थ्रु नै हो। निजी क्षेत्रले सबै काम गर्छन्, सरकारहरूले सहयोगी र समन्वयात्मक भूमिका मात्र निर्वाह गर्नु पर्छ।' शाह, निजी क्षेत्र विद्युत् उत्पादन, वितरण र व्यापार गर्न सक्षम भएको दाबी गर्दै भन्छन्, 'निजी क्षेत्र सक्षम छ, सरकारको राजनीतिक इच्छाशक्ति हुनु पऱ्यो, उसलाई अघि बढाउने।' शाह केही महिनाभित्रै संयुक्त लगानीका क्षेत्रमा ठोस काम हुने विश्वासव्यक्त गर्छन्।

शाहले भने जसरी कुरा अघि बढेको अवस्थामा ३०० मेगावाट क्षमताको माथिल्लो कर्णाली, ३०९ मेगावाटको माथिल्लो तामाकोशी, ४०२ मेगावाटको अरुण-३, ३०८ मेगावाटको तल्लो अरुण, ६०० मेगावाटको बूढीगण्डकी जस्ता वर्षौंदेखि सम्भाव्यता अध्ययन भएर पनि काम अघि बढ्न नसकेका आयोजना निर्माणमा प्रतिस्पर्धा, हक दाबीको काम अघि बढ्नेछ। काठमाडौं समिटमा यी र यीभन्दा सानाखाले आयोजनाबारे पनि विस्तृत छलफल नभएको होइन। सम्मेलनले देखाएको उज्यालो पक्ष के हो भने भारतीय निजी क्षेत्र 'हामीसँग,

पैसा, प्रविधि र बजार पनि छ' नेपालको स्रोतबाट आम्दानी गरौं भन्दै छन् ।

भारतीय राजदूतावासका आर्थिक काउन्सिलर जावेद असरफ भन्छन्, 'भारत सरकारले निजी क्षेत्रको संयुक्त लगानीमा नेपालमा जलविद्युत् आयोजना बन्न सकून् भनेर निजी क्षेत्रलाई प्रोत्साहित गर्नेछौं, आवश्यक पूर्वाधार निर्माण गरिदिनेछौं, नीति बनाएर सघाउनेछौं ।'

पाँचतारे होटलमा समिट सफल हुनुलाई कोसेढुंगा जसरी भनिएको छ, व्यवहारमा संयुक्त लगानीका लागि उत्तिकै चुनौतीहरू छन् । पूर्वाधार विकासको काम जुन दुवै देशका सरकारी थाप्लोमा छ भने नेपालमा पुँजीको अभाव र सुस्त सरकारी संयन्त्र पनि उत्तिकै पेचिला समस्या हुन् । निजी लगानीकर्ताहरूले महत्त्व दिएका विद्युत् आयोजना निर्माण गर्न त्यहाँसम्म पुग्ने मोटरबाटो निर्माण अत्यावश्यक हुन्छ भने उत्पादित बिजुली बजारसम्म पुऱ्याउने प्रसारण लाइन पनि आवश्यक हुन्छ । खर्चिला यी दुवै पूर्वाधार विकास गर्ने काम सरकारकै प्राथमिक जिम्मेवारीभित्रका कुरा हुन् ।

आयोजनास्थलबाट भारतीय सीमासम्म प्रसारण लाइन निर्माण गर्ने काम नेपालको जिम्मा छ भने भारतले पनि आफ्नो देशभित्र हाइभोल्टेज प्रसारण लाइन नेपालसम्म जोड्नु पर्ने हुन्छ । तर, विद्युत् उत्पादनको क्षेत्रमा जसरी निजी क्षेत्र उत्सुक बनेको छ, तिनै लगानीकर्ताहरूले प्रसारण लाइनलाई मुख्य तगारोको रुपमा औंल्याउन पछि परेका छैनन् ।

नेपाल, अहिले उत्पादन भइरहेको बिजुली एक ठाउँबाट अर्को ठाउँमा पुऱ्याएर गुणस्तर बिजुली दिन सकिरहेको छैन । सरकारी विद्युत् प्राधिकरण वर्षामा आन्तरिक आवश्यकताभन्दा बढी बिजुली उत्पादन गर्न सक्छ भने हिउँदमा लोडसेडिङ उपहार दिन पछि पर्दैन । वर्षामा उत्पादित बिजुली बजारको माग र आपूर्तिको सामान्य सिद्धान्तका आधारमा भारतमा बेच्न नसक्नुका पछाडि प्रसारण लाइन प्रमुख बाधक हो । त्यस्तै कालीगण्डकीको बिजुली सहज किसिमले विराटनगर पुऱ्याउन सक्ने प्रसारण लाइनको अभावको मार उपभोक्ताले खेप्दै छन्, न्यून भोल्टेज । वर्षाको अधिक उत्पादन भारतलाई माग र आपूर्तिको सिद्धान्तमा आधारित भएर भए पनि भारतमा बेच्नु पर्छ भन्ने मान्यता राख्नेहरूको संख्या ठूलो छ । तर, भारतीय बजारसम्म पुऱ्याउने प्रसारण लाइनको अभावमा त्यो अवधारणाले साकार रुप लिन सकेको छैन । उता हिउँदमा भारतबाट बिजुली आयात गर्न पनि प्रसारण लाइन नै प्रमुख समस्या हो ।

आजभन्दा ८ वर्षअघि नेपालको कालीगण्डकी आयोजना निर्माण भइरहेका बेला त्यस आयोजनाबाट उत्पादित बिजुली भारतमा बेच्ने सपना बोकेर नेपाल विद्युत् प्राधिकरणले ढल्केवर-सीतामढी, बुटवल- आनन्दनगर, वीरगन्ज-मोतीहारी उच्चभोल्टको अन्तर्राष्ट्रिय प्रसारण लाइन बनाउने नीति लिएको थियो । नेपालले आफ्नो सीमासम्म प्रसारण लाइन निर्माण गर्ने र भारतले पनि आफ्नो देशभित्र प्रसारण लाइन निर्माण गरेर भारतको नेसनल ग्रिडमा कालीगण्डकीको बिजुली प्राधिकरणको सपना भारतीय बेवास्ताका कारण अघि बढ्न सकेन । बुटवल-आनन्दनगर प्रसारण लाइनमध्ये नेपालतर्फ पर्ने बुटवल-सुनौली लाइन निर्माण गर्न प्राधिकरणले बोलपत्र आह्वानसमेत गरिसकेको थियो ।

विद्युत विशेषज्ञ सन्तबहादुर पुन भारतले नेपाललाई हिउँदमा आवश्यक हुने बिजुली उचित मूल्यमा उपलब्ध गराउनु पर्ने बताउँछन् । पुन भन्छन्, 'सस्तोमा नेपाललाई बिजुली दिएर विश्वास आर्जन गर्ने सुअवसर पनि हो ।' पुन निजी क्षेत्रबाट विद्युत् ऊर्जा उत्पादन, प्रसारण र वितरण गर्ने सोचलाई सकारात्मक रुपमा लिनु पर्ने बताउँछन् । पुनले भने, यो 'राम्रो र सकारात्मक सुरुवात हो ।'

असरफ, भारतले प्रसारण लाइन निर्माणलाई उच्च प्राथमिकतामा राखेको जानकारी दिँदै चाँडै दुईवटा नाकाबाट उच्च भोल्टका प्रसारण लाइनको काम सुरु हुने बताउँछन् । भारतीय राजदूत मुखर्जीले सम्मेलन उद्घाटन समारोहमा, भारतले सरल ब्याजमा उपलब्ध गराएको १० करोड अमेरिकी डलर ऋणमध्येबाटै विद्युत्‌गृहहरूको क्षमता विस्तार गर्न, ग्रामीण विद्युतीकरणका लागि खर्च गर्न र उच्च भोल्टका भारतसँग जोड्ने प्रसारण लाइन निर्माण गर्न सक्ने सुझाएका थिए । मुखर्जीले आफ्नो देशभित्र पनि कम्तीमा दुई ठाउँबाट नेपालसम्म उच्च विद्युत् प्रसारण लाइन निर्माण थाल्ने र २-३ वर्षमा सम्पन्न गर्ने आश्वसन दिन पनि पछि परेका छैनन् ।

मैलुङ विद्युत् आयोजनाका प्रबन्ध निर्देशक विजयमान शेरचन, दुवै देशका निजी क्षेत्र विद्युत् उत्पादन, प्रसारण र वितरण गर्न सक्षम भएको र चासो देखाउनुलाई सकारात्मक बताउँछन् । उनी, दुवै देशका सरकारले सहजकर्ताको भूमिका निर्वाह गर्नु पर्ने बताउँछन् । शेरचन जस्ता निजी क्षेत्रबाट विद्युत् उत्पादनमा लागिपरेका उद्यमीहरू, विद्युत् ऊर्जाको बिक्री व्यवस्था गर्न भारतको पिटिसी जस्तै संयन्त्र निर्माण गर्नु पर्ने माग गर्दै आएका छन् । ऊर्जा किनबेच गर्ने बेग्लै निकाय र कानुनी व्यवस्था नहुन्जेल निजी क्षेत्र अघि बढ्न नसक्ने उनी बताउँछन् । ५ मेगावाटको विद्युत् आयोजनाको स्वीकृति लिँदाको अनुभव सुनाउँदै शेरचन भन्छन्, 'भारतीय लगानीकर्ताहरू नेपालमा आएको अवस्थामा अहिलेको जस्तो सरकारी निकायको सोचले हुँदैन, तीनलाई व्यवसायिक बनाउनु पर्छ ।' शेरचन, एक झ्याल नीतिको नाममा विद्युत् विकास केन्द्र स्थापना भए पनि त्यसले प्रभावकारी रुपमा काम गर्न नसकेको बताउँदै भन्छन्, 'लाइसेन्सको सबै काम यसले गर्नु पर्ने हो, तर केन्द्र त पोस्टबक्स जस्तो भएको छ ।'

भारतीय निजी क्षेत्रले नेपालीसँग साझेदारी गरेर यहाँको जलसम्पदालाई ऊर्जामा रुपान्तरण गर्न जसरी तत्परता देखाएको छ, त्यसलाई व्यवहारमा उतार्न नेपालको निजी क्षेत्र पनि उत्तिकै सशक्त र प्रभावकारी बन्न जरुरी छ । भारतमा निजी क्षेत्र, साधन स्रोत, चिन्तन र देश विकासमा सरकारलाई उल्लेख्य योगदान पुऱ्याउन सक्ने हैसियतको छ भने नेपालको निजी क्षेत्र सरकारबाट सकेसम्म लाभ लिने, उद्यमीभन्दा व्यापारिक मनोवृत्तिबाट ग्रसित अनि साधन र स्रोतमा पनि उत्तिकै दरिद्र छ । नेपालको यस्तो कमजोर र तत्काल लाभ लिने 'व्यापारिक' मनोवृत्तिका कारण निजी क्षेत्रबाट ठूलो र दीर्घकालीन लगानीका जलविद्युत् आयोजनाको काम सम्पन्न हुन उत्तिकै चुनौती छन् । ■



# शरण डक्ट्रिन

**ऊर्जा क्षेत्रमा** नेपाल-भारत संयुक्त लगानीको सम्भावना खोज्ने अभियान भारत सरकारको एउटा नयाँ र उत्साहप्रद नीतिगत घोषणाको पृष्ठभूमिमा आएको छ । निःसर्त र समानखालको लेनदेन (रेसिप्रोसिटी)को परम्पराभन्दा बाहिर गएर यो नीति अवलम्बन गर्न भारत सरकार चाहन्छ । दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क)मा चीनको पर्यवेक्षकको हैसियत र उसले यो क्षेत्रका मुलुकको विकास र सहयोगमा भारतको प्रतिस्पर्धी बन्ने उत्सुकता देखाइरहेका बेला भारतको नयाँ नीतिलाई गम्भीरताका साथ हेरिरहेका छन्, विश्लेषकहरू ।

आफ्नो २६ महिने कार्यकालबाट निवृत्त हुन लागेका विदेश सचिव श्याम शरणले गत शनिवार दिल्लीमा भारतको छिमेकी नीतिबारे बोल्दा त्यहाँको नयाँ सोचमाथि प्रकाश पारेका थिए ।

छिमेकी मुलुकहरूमा उदारतापूर्वक लगानी गर्दा 'रेसिप्रोसिटी'को साटो 'खुला दिमाग' प्रयोग गर्ने घोषणाका साथ उनले भने, 'नेपाल, बंगलादेश, भुटान, म्यान्मा र पाकिस्तानका साथै चीनमा पनि भौतिक पूर्वाधार निर्माण र यातायात सम्पर्क सुधार'मा भारत इच्छुक रहेको उनले बताए । यो सोच लागू भएमा नागरिक आवागमनका साथै विचार र वस्तुको आदान प्रदानमा सुविधा त अवश्य पुग्नेछ । त्यसलाई कुन सीमा अवधिमा लागू गर्ने भन्नेबारे शरणले बताएनन् ।

यो सहयोग र लगानीका सर्त भारत आफैंले भन्दा सम्बन्धित छिमेकी मुलुकले सहज महसुस गरी उसले सुझाउनु पर्ने अभिव्यक्ति पनि शरणको थियो । वास्तवमा गण्डक र कोशी तथा टनकपुर विद्युत् तथा सिँचाइ परियोजनामा नेपाली हित उपेक्षित भएको भन्दै अन्य सम्भावनालाई व्यवहारिक रुपमा ओझेलमा पारेको पृष्ठभूमि एकातिर र भारतको नयाँ छिमेकी नीतिको 'डक्ट्रिन'को सन्दर्भमा के नेपाल-भारत दुवै पक्ष विद्युत्, सिँचाइ र विकासका नयाँ प्रारुप कोर्न सफल होलान् त ? आशा अवश्य जगाएको छ । ■



# दसैंको व्यापार

■ ज्योति देवकोटा/काठमाडौं (तस्वीरः तेजबहादुर बस्नेत)

**नेपालीको घरआँगनमा** दसैं भित्रिनै लागेको छ। वर्षदिन दुःख व्यहोरेर पनि दसैं राम्रोसँग मनाउने नेपाली परम्पराको लाभ हात पार्न व्यापारीहरू तँछाडमछाड गरिरहेका छन्, नयाँ नयाँ 'अफर'हरूका साथ। यो बेला उच्च वर्गकाहरू डिपार्टमेन्टल स्टोरतर्फ केन्द्रित बनिरहेका छन् त थोरै आम्दानी हुनेहरू सडकबजारमा।

ब्रान्डेट सामानको बिक्रीलाई बढी प्राथमिकता दिने सुपर मार्केट तथा डिपार्टमेन्ट स्टोरहरूको विस्तार पनि बढ्दो छ, । एउटै छानामुनि सबै समान पाउने हुँदा ग्राहक सयौं ठाउँमा भड्किरहन नपर्ने भएका कारण यस्ता स्टोर तथा सुपरमार्केटतिरको आकर्षण बढ्ने गरेको छ। यो वर्ष माओवादी भूमिगत नभएका कारण व्यापारमा केही सकारात्मक संकेत देखिने आस गर्न थालिएको छ। 'तर, सोचेको जस्तो व्यापार हुन्छ भन्नेमा अहिले पनि शंका नै छ', ललितपुर सुपरमार्केटका प्रमुख भरतलाल श्रेष्ठको भनाइ छ।

दसैं बजारलाई नै ध्यानमा राखेर चीन, भारत, मलेसिया, हङकङ, ब्रुनाई, कोरियाजस्ता मुलुकबाट सामान भित्रिन थालेका छन्। नेपालको सामानमा ९० प्रतिशत हिस्सा ओगट्ने चीनबाट दसैंकै लागि भनेर भदौको पहिलो सातादेखि नै काठमाडौंमा लत्ताकपडा र जुत्ता भित्रिन सुरु भएको छ।

दसैं भित्रिन दुई साता बाँकी छँदै जमलबजार, आरबी कम्प्लेक्स, त्रिपुरेश्वर विशालबजार, काठमाडौं मल, भाटभटेनी सुपरमार्केट, चाइना टाउन, विशालबजार जस्ता ठाउँमा ग्राहकको भीड



पनि सुरु हुन थालेको छ ।

राजधानीको बढ्दो जनसंख्यालाई ध्यानमा राखेर प्रतिस्प्रर्धामा खुलेका व्यापारिक भवन मात्र होइन, दसैंको मौकामा सडक व्यापारले समेत प्राथमिकता पाउने गर्छ । दसैंको मुखमा सस्तोमा बेचिने यस्ता सामानप्रति उपभोक्ताको चासो पनि बढ्दै जान थालेको छ । सस्तोमा पाइने सडकमा बेचिने लत्ताकपडा तथा सामानप्रति निम्न र मध्यम वर्गीय ग्राहकहरू आकर्षित हुन थालेका छन् ।

दसैंलाई मद्देनजर राखेर महँगा सवारीसाधनदेखि जुत्तासम्ममा पनि छुट, एक्सेन्ज तथा किस्ताको व्यवस्था गरेका छन् व्यापारीहरूले । दसैंको बेलामा गरिएका यस्ता अफर तथा छुटका कारण ग्राहकको मन यतातिर पनि थालेको छ । यसले राजधानीभित्र दसैं भित्रिएको आभास दिन थालेको छ ।

## धेरै अफर सवारीमा

पछिल्ला वर्षहरूमा सवारीसाधनको पहुँच धनीमानी वर्गलाई मात्र छोएको छैन । मध्यम तथा निम्न वर्गले पनि बाटोमा सजिलै मोटरसाइकल गुडाउन सक्ने भएका छन् । यस्ता सेवा र सुविधा दिएका सवारीसाधन बिक्रेताले दसैंलाई लक्षित गरेर विभिन्न योजना भित्र्याएका छन् र यस्ता छुट योजनाको प्रचारप्रसारले पनि बजारमा दसैंको प्रभाव देखिन थालेको छ ।

मध्यम र निम्न वर्गलाई लक्षित गरेर ‘फेस्टीभल अफर’का रुपमा दुईपांग्रे सवारीसाधन बिक्रेता कम्पनीहरूले छुट, किस्ता, एकवर्षे पेट्रोल छुटदेखि एक किलो सुनसम्मको पुरस्कार व्यवस्था गरेका छन् । मध्यम वर्गलाई ध्यानमा राखेर बिक्रेताहरूले पछिल्ला वर्षहरूमा पनि यस्ता योजना, छुट तथा पुरस्कार व्यवस्था गर्ने गरेका थिए । यो वर्ष पनि योजना, छुट तथा अफरलाई निरन्तरता दिएका छन् ।




थोरै रकम तिरेर किस्ताबन्दीमा मोटरसाइकल पाइने भएका कारण ग्राहकको मन तान्नतिर बिक्रेता कम्पनीहरू छुट, किस्ता र पुरस्कारको व्यवस्था गरेर प्रतिस्पर्धामै ओर्लिएका छन् । एक लाख पर्ने मोटरसाइकललाई दसैंकै अवसरमा किस्ताबन्दीमा पैसा तिर्ने गरी रुपमा ८ हजारदेखि २० हजार रुपैयाँ तिरे मात्र ग्राहकलाई मोटरसाइकल पाउने व्यवस्था गरेका छन् बिक्रेता कम्पनीले । यस्तो प्रतिस्पर्धाले पनि दसैंको बजारलाइ रौनक थपेको छ र, ग्राहकको चासो समेत बढेको छ, यी सवारीसाधनतिर ।

‘दसैंको बेलामा उपभोक्ताले पनि केही सुविधाको आस राखेका हुन्छन्, त्यसैको नियमितता हो, अफर र छुट’, बजाजका बिक्री प्रबन्धक राजु क्षेत्री बताउँछन् । उनका अनुसार सवारीसाधनको ६० देखि ७० प्रतिशत बजार दसैं नै हो । यस बेला सर्वसाधारणले पैसा खर्च गर्न सक्ने भएका कारण यो चाडलाई नै ध्यानमा राखेर अफर तथा छुटको व्यवस्था गरिन्छ ।

## व्यापारको नयाँ रूप

राजधानीको सडक व्यापारले दसैं भित्रिएको छनक दिन थालेको छ । दसैं भित्रिन अझै दुई साता बाँकी रहे पनि राजधनीमा सधैं भीड भइरहने इन्द्रचोक, असन, ठमेल, रत्नपार्क, बानेश्वर, गौशाला, नयाँबसपार्क, पुरानो बसपार्क, नयाँसडक जस्ता ठाउँमा झन् उपभोक्ताको भीड बढ्न थालेको छ । सस्तो सामानको रुपमा परिचय दिने यस्ता सडकव्यापारीहरूको व्यापार गर्ने शैली पनि परिवर्तन हुन थालेको छ । ठूला व्यापारिक संस्थाहरूलेझैं यति प्रतिशत छुट र सेलमा राखेर ग्राहक आफूतिर तान्ने शैली सडकव्यापारीले पछ्याउन नसकेपछि सडक नयाँ तरिका भित्र्याएका छन्, दसैंलाई बजारलाई नै ध्यानमा राखेर ।

जिप तथा ट्याक्सीमा भाडामा लगेर कहिले रत्नपार्क त कहिले बानेश्वर महाराजगन्जमा पुगेर घुम्ती पसल खडा गर्दै निम्न वर्गलाई ध्यानमा राखेर गरिने नयाँ तरिकाको व्यापारको पनि थालनी भएको छ, भित्रिँदै गरेको दसैं व्यापारलाई लक्षित गरेर । पेट्रोल खर्च आफैं व्हहोरेर दैनिक १ हजार रुपैयाँमा ट्याक्सी भाडामा लिई घुम्ती व्यापारको नयाँ शैली भित्र्याएका सतिस चौधरी भन्छन्, ‘निम्न वर्गका लागि उचित मूल्यमा लत्ताकपडा पाइने र टोलटोल तथा चोकमा पुगेर सामान बेचिने हुँदा बाहिर गइरहनु नपर्ने भएका कारण मध्यम र निम्न वर्गीयलाई घुम्ती व्यापारले फाइदा पुऱ्याएको छ ।’ यस्ता व्यापारीबाट पचास रुपैयाँदेखि १ सय ५० सम्म पर्ने सर्ट तथा प्यान्ट पाउने भएका कारण उपभोक्ताका लागि यो नयाँ शैलीको व्यापार आकर्षणको केन्द्र बनेको छ ।

दसैंको समय नजिकिँदै जाँदा सडकमा गरिने रात्रि व्यापारले समेत रङ फरेको छ । खासाबाट आउने सस्ता सामान तथा लत्ताकपडाले अहिले सडक व्यापार एकाएक बढेको छ । ठूला तथा महँगा सुपरमार्केट तथा डिपार्टमेन्ट स्टोरमा किनिएको भन्दा सस्तो र कुनै कुनै सामान त गुणस्तरीय पाइने भएकाले उपभोक्ता पनि सडकमा बेचिने लत्ताकपडा तथा सामानप्रति बढी चासो देखाउन थालेका छन् ।

उपभोक्ताको रुचि, माग र खल्तीलाई ध्यानमा राखेर गरिने सडक व्यापारले पनि दसैं लागेको चहलपहल दिन थालेको छ । सधैं भीडभाड भइरहने असन, इन्द्रचोक, जमल, रत्नपार्क, पुरानोबसपार्क जस्ता ठाउँमा भीडभाड बढन थालेको छ । सडकमा यस्ता व्यापारीलाई घेरेर मैनबत्तीको उज्यालोमा झुम्मिएका उपभोक्ताले समेत दसैं भित्रिएको सूचना दिन थालेका छन् ।

इन्द्रचोक, मखनगल्ली, असनमा बढिरहेको महिलाहरूको किनमेलले र लत्ताकपडा, जुत्तापसलमा समेत भीड देखिन थालेको छ । यसले पनि राजधानी दसैंको माहोलमा तातिन थालिसकेको संकेत दिएको छ ।

## सपिङ मल मोह

पछिल्ला वर्षहरूमा राजधनीमा खुलेका सुपरमार्केट उपभोक्ताको मन तान्न सफल भएका छन् । बढ्दो पश्चिमी संस्कृतिको प्रभावले २०४६ पछि उपभोक्ताले विशालबजार तथा सुपरमार्केटहरूप्रति विशेष चासो देखाउन थालेपछि यस्ता बजार खुल्ने क्रमले तीव्रता पायो । अहिले मुलुकभर करिब पाँच दर्जन सुपरमार्केट खुलेका छन् र राजधानीभित्र मात्रै संघमा आबद्ध सुपरमार्केटको संख्या ३२ रहेको छ ।

बजारको यो परिष्कृत रुपसँगै उपभोक्ताको मन तान्न सफल भएका छन्, बजारको विस्तारित रुप मलले । यसै वर्ष मात्रै खुलेको काठमाडौं मलप्रति उपभोक्ताले देखाएको चासोलाई ध्यानमा राखेर यही दसैंकै मौकामा ब्लु बर्ड डिपार्टमेन्टल स्टोर त्रिपुरेश्वरले ब्लु बर्ड होटललाई मलको रुपमा विस्तार गर्दै छ । ‘विशेष गरी ब्रान्डेड सामानको नेपाली बजारमा अभाव देखियो भनेर उच्च वर्गका उपभोक्ताको गुनासो आउन थालेपछि नाइक, एडिडास जस्ता ब्रान्डेड सामानको मात्र स्टल राखेर दसैंको अवसरमा यो मलको सुरु गरिनेछ’, व्यवस्थापक विनोद तुलाधर भन्छन् ।

## सुनचाँदीको व्यापार

लगातार आकाशिएको सुनको मूल्य अहिले प्रतितोला १७ हजार रुपैयाँ पुगेको छ । त्यसैले पनि यसपालिको दसैंमा सुनचाँदीको कारोवारमा निकै सुस्तता आउने पक्का छ । व्यवसायीहरू सुनचाँदीको कारोवारमा साँच्चिकै निरास देखिन्छन् । नेपाल सुनचाँदी व्यवसायी गरगहना किन्नुको सट्टा संघका अध्यक्ष तेजरत्न शाक्य भन्छन्, ‘यसपल्ट सुन बिक्री गर्नेहरूको लाइन लाग्न सक्छ, सुनपसलहरूमा ।’ गत वर्ष दसैंकै बेलामा सुनको मूल्य प्रतितोला १२ हजार रहेको थियो र यो वर्षको दसैंसम्म आइपुग्दा करिब ५० प्रतिशतले वृद्धि भएको छ । ‘आम्दानी वृद्धि भएको छैन, तर सुनचाँदीको भाउमा व्यापक वृद्धि भएका कारण यसपालिको दसैंमा उपभोक्ताले सुनचाँदीमा पैसा लगानी गर्ने अवस्था देखेका छैनौं’, शाक्यको भनाइ छ ।

बजारमा बढ्दै गएको असुरक्षाका कारण उपभोक्ताहरू सुन लगाएर हिँड्ने अवस्थामा भेटिँदैनन् । राजधानीमा बढेको लुटपाटले गर्दा पनि यसपालिको दसैंमा सुनचाँदी बजार सुस्ताउने निश्चित छ । ■

## आयो सफोला गोल्ड तेल

**मारीको इन्डस्ट्रिजले** सफोला गोल्ड तेल नेपाली बजारमा भित्र्याएको छ। राइस ब्रान तेल र स्याफल्लावर (कर्दी) तेल ७०:३० को अनुपातको मिश्रण सफोला गोल्डले खानामा कम तेल सोस्नुका साथै कोलस्ट्रोल घटाउन मद्दत गर्छ। यसका साथै यो तेलामा भिटामिन ई प्रचुर मात्रामा रहेको छ। सफोला गोल्ड काठमाडौंको प्रमुख बिक्री केन्द्रहरूमा पाइने जानकारी कम्पनीले दिएको छ। यो तेलको नारा 'मुटुलाई राख्नुहोस् जवान' रहेको छ।

मारीकोले पाराछुते, सफोला गोल्ड, स्वेकर, हेयर एन्ड केयर, निहार शान्ति, मेडिकेयर रिभाइभ काया सुन्दरी एरोम्याटिक जस्ता बहुचर्चित ब्रान्डहरूको बजार प्रवर्द्धन गर्छ। मारीकोका ब्रान्डहरू तथा यसका हाँगाहरू - नरिवलको तेल, केश तेल, जुम्रा मार्ने औषधी, खाने तेल, वस्त्र हेरचाह आदिको बजारमा अग्रणी स्थान रहेको छ। मारीकोका ब्रान्डेड सामानहरू बंगलादेश तथा अरू सार्क राष्ट्र र मध्यपूर्वमा पनि रहेका छन्।




मारीकोका उपभोक्ता सामग्री भारतीय कम्पनीहरूमध्ये विदेशी बिक्री सञ्जालमा सबैभन्दा ठूलो हो। हरेका महिना मारीकोबाट सात करोडभन्दा बढी उपभोक्ता सामग्रीका प्याकेट करिब दुई करोड तीस लाख परिवारका तेह्र करोड उपभोक्तामाझ पुग्छन्। भारत र अन्तर्राष्ट्रिय बजारमा रहेका बीस लाखभन्दा बढी बिक्री केन्द्रहरूमार्फत बिक्री वितरणको सञ्जाल बनाइएको छ। ■

## तीन करोडको कारोवार

**यसै साता** राजधानीको वीरेन्द्र अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा सम्पन्न चीन व्यापार मेलामा ३ करोड रुपैयाँभन्दा बढीको कारोवार भएको छ। नेपाल-चीन कार्यकारी परिषद्द्वारा आयोजित उक्त व्यापार मेलामा ८० हजार उपभोक्ता सहभागी बनेका थिए। ५० स्टलमा चीनमा निर्मित विभिन्न उपभोग्य सामग्री मेलामा राखिएको थियो। चीनमा उत्पादित गुणस्तरीय वस्तुको जानकारी गराउने उद्देश्यले मेला आयोजना गरिएको थियो। दैनिक उपभोग्य घरायसी वस्तुले मेलामा उपभोक्ता संख्या बढाएको थियो। ■

## सेजन-अजय पुरस्कार

**नेपाल आर्थिक** पत्रकार समाज (सेजन)ले संस्थापक सदस्य स्वर्गीय अजय नेपालको सम्मान र सम्झनामा 'सेजन-अजय नेपाल वित्तीय पत्रकारिता पुरस्कार' स्थापना गर्ने निर्णय गरेको छ। सेजनद्वारा जारी विज्ञप्तिका अनुसार हरेक वर्ष नेपालको आर्थिक पत्रकारिताका एकजना उत्कृष्ट पत्रकार यो पुरस्कारबाट सम्मानित हुनेछन्। पुरस्कारको राशि ५० हजार रुपैयाँ नगद र कदरपत्र रहेको छ। आर्थिक पत्रकारिता क्षेत्रमा यो सबैभन्दा ठूलो पुरस्कार हो। पुरस्कृत हुने पत्रकारको छनोट आर्थिक क्षेत्रका विज्ञहरू रहेको स्वतन्त्र निर्णयक मण्डलद्वारा गरिने जानकारी पनि सेजनले दिएको छ। नेपालको तेह्रौं पुण्य तिथिको अवसरमा सेजनले उक्त घोषणा गरेको हो। आर्थिक पत्रकारिताका अग्रज एवं वित्तीय क्षेत्र सुधार अभियानकर्ता नेपालको २०६३ भाद्र १६ गते ४२ वर्षको उमेरमा असायमिक निधन भएको थियो। ■

## हुन्डाईको 'न्यु एसेन्ट'



**हुन्डाईको** नेपालका लागि अधिकृत बिक्रेता एभ्को इन्टरनेसनलले 'न्यु एसेन्ट' नामक नयाँ मोडलको कार नेपाली बजारमा ल्याएको छ। सन् २००६ का लागि तयार पारिएको यो कारको भित्री तथा बाहिरी भाग आकर्षक र सुविधासम्पन्न रहेको छ। नयाँ शैली र शक्तिशाली इन्जिनबाट बनेको उक्त कार नेपाली बजारमा लोकप्रिय हुने विश्वास कम्पनीको छ। आगामी दुई वर्षमा हुन्डाईले सातवटा नयाँ मोडलका कार बजारमा ल्याउनेछ। ■






तेजबहादुर बस्नेत

▲ काठमाडौंमा सम्पन्न शुभजन्मोत्सव पौडी प्रतियोगितामा सहभागी महिला पौडीबाजहरू

# असफलताको कीर्तिमान

■ **नवीन अर्याल/काठमाडौं**

**नेपाली खेलकुदमा** एउटा बिडम्बनाले दह्रोसँग जरा गाँडेको छ। जब नेपाली खेलाडीहरू अन्तर्राष्ट्रिय प्रतियोगिताको तयारीमा व्यस्त हुन्छन्, त्यति बेला भन्ने गरिन्छ, 'तयारी एकदमै राम्रो छ। यसपालि नेपालले पदकमा लामै छलाङ लगाउनेछ।' तर, जब प्रतिस्पर्धाको कुरा आउँछ र नेपाली खेलाडी कुनै अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी भएर घर फर्किन्छन्, त्यति बेला उही पुरानो असफल नतिजाले नेपाली खेलकुदलाई पछ्याइरहेको हुन्छ।

नेपाली खेलकुदको एउटा यस्तै असफल विधा हो, पौडी। अन्तर्राष्ट्रिय प्रतियोगितामा भाग लिन जानुअघि यो खेलको बारेमा ठूलै हल्लाखल्ला र बहसले जन्म लिने गर्दछ देशभित्र। तर, जब प्रतियोगिता खेलेर खेलाडीहरू घर फर्किन्छन्, आफ्ना शुभेच्छुक र मिडियालाई सुनाउने उनीहरूसँग उही पुरानो असफलताको सुगा रटाई हुने गर्दछ।


आखिर किन नेपाली पौडीले अन्तर्राष्ट्रिय प्रतियोगितामा सफलता पाइरहेको छैन ? यसका लागि हाम्रो खेलनीति नै जिम्मेवार छ कि पौडी खेलको उत्थानमा लागेको नेपाल पौडी संघ स्वयं नै ? प्रश्न जटिल छ। तर, भर्खरै श्रीलंकाको कोलम्बोमा सकिएको दसौं सागको समापनसँगै नेपाली पौडीमाथि उठेको असफलताको प्रश्नले हाम्रो खेलनीतिलाई मात्र होइन, संघको विगतको कार्यशैली र कमी कमजोरी पनि उजागर गरेको छ।

नेपाली पौडीको अन्तर्राष्ट्रिय सहभागिताकै कुरा गर्ने हो भने यो खेल सन् १९८२ मा भारतको दिल्लीमा सम्पन्न नवौं एसियन गेम्सदेखि अनवरत अन्तर्राष्ट्रिय प्रतियोगितामा भाग लिँदै आइरहेको छ। यसबीचमा नेपाली पौडीले विश्व खेलकुदकै गरिमामय सन् १९९६ को एटलान्टा ओलम्पिक, २००० को सिड्नी ओलम्पिक र दुई वर्षअघि ग्रिसमा सम्पन्न २००४ को ग्रिस ओलम्पिक गरी तीनवटा ओलम्पिकको अनुभव बटुलिसकेको छ। यतिमात्र होइन, दुई/दुई वर्षको अन्तरालमा अन्तर्राष्ट्रियस्तरमा आयोजना हुँदै आइरहेको विश्व पौडी प्रतियोगितामा सन् १९९४ देखि अनवरत र सन् १९८४ मा नेपालबाट सुरु भएको दक्षिण एसियाली खेलकुद प्रतियोगिताको पहिलो संस्करणदेखि नै भाग लिँदै आइरहेको छ। तर, यी तीनवटै प्रतियोगितामा गर्व गर्न लायक कुनै उपलब्धि हासिल भएको छैन। साग प्रतियोगिताको २२ वर्षे इतिहासमै दयनीय प्रदर्शन गरिरहेको नेपाली पौडीको ओलम्पिक, एसियाड र विश्व पौडी जस्ता ठूला र प्रतिष्ठित प्रतियोगिता केवल घुमफिरमै बित्ने गरेको छ। यी प्रतियोगितामा अन्तर्राष्ट्रिय कीर्तिमान नभई राष्ट्रिय कीर्तिमान तोड्नु नै नेपाली पौडी खेलाडीहरूको लागि सबैभन्दा ठूलो चुनौती र सफलताको कथा बन्ने गरेको छ।

नेपाली पौडीको बिडम्बना यतिमा मात्र सीमित छैन। दक्षिण एसियाली खेलकुदमा विपक्षी देश 'डिस्क्वालिफाइड' भएपछि पदक जित्ने नियति नै बनिसकेको छ। सन् १९८४ काठमाडौंमा सम्पन्न पहिलो साफ गेममा पुरुष र महिला चार गुणा सय मिटर फ्रिस्टाइल रिले र पुरुष मिड्लेमा काँस्य जितेको पुरानो इतिहासलाई बिर्सिने हो भने नेपाली पौडीले अन्तर्राष्ट्रियस्तरमा जितेका अन्य पदकहरू विदेशी टोलीको भुल भनौं या उपदानले आएको छ। पछिल्लोपल्ट सन् १९९९ काठमाडौंमै सम्पन्न आठौं साफ गेमको महिला चार गुणा दुई सय मिटर फ्रिस्टाइल रिलेमा स्वर्ण जितेको थियो, नेपालले। भाग्यले त्यो पदक पनि भारत र श्रीलंकाजस्ता पौडीमा नाम चलेका दुई छिमेकी राष्ट्र 'डिस्क्वालिफाइड' भएपछि। भारतीय महिला

पौडीवाजहरूले ९ मिनेट २१ दशमलव ३६ सेकेन्डमा दूरी पूरा गरेका थिए भने श्रीलंकाले १० मिनेट २४ दशमलव ४८ सेकेन्डमा पौडी सम्पन्न गरेको थियो। नेपाली खेलाडी १० मिनेट ५५ दशमलव ४७ सकेन्डमा तैरेका थिए, जुन श्रीलंकाली महिला टोलीभन्दा लगभग ३१ सेकेन्ड ढिलो थियो। समयकै हिसाब गर्ने हो भने पनि पौडीमा यो निकै पछाडि परेको नतिजा मानिन्छ। यही साफमा बंगलादेश 'डिस्क्वालिफाइड' भएपछि पुरुष चार गुणा दुई सय मिटर फ्रिस्टाइल रिलेमा नेपालले काँस्य जितेको थियो। अरू देश 'डिस्क्वालिफाइड' भएर जितेको उदाहरण यतिमात्र छैन। भर्खरै कोलम्बोमा सम्पन्न दसौं सागमा पनि पुरुष चार गुणा सय मिटर मिड्लेमा पाकिस्तान र बंगलादेश 'डिस्क्वालिफाइड' भएपछि पाँचौं स्थानमा रहेको नेपालले भाग्यले काँस्य जित्यो।

अन्तर्राष्ट्रिय प्रतियोगितामा भाग लिएको २४ बर्ष बितिसक्दा पनि आखिर नेपाली पौडीको प्रदर्शन दिनहुँ गिर्दो किन छ त ? उत्तर स्पष्ट छ, पौडी विकासका लागि स्थापना भएको नेपाल पौडी संघको अक्षमता भनौं या नीतिगत त्रुटि। संघले अन्तर्राष्ट्रिय असफलताको मापदण्ड 'हिटिङ पुल'लाई बनाउँदै आए पनि आफ्नो उत्तरदायित्वबाट भने भाग्न मिल्दैन, संघ। सागमा स्वर्ण जित्दै आइरहेका श्रीलंका र बंगलादेशजस्ता देशहरू 'हिटिङ पुल'को अभाव अझ भनौं सातदोबाटोजस्तो स्तरीय पौडी पोखरी आफ्नो देशमा नहुँदा पनि पौडीमा राम्रै नतिजा निकाल्दै आइरहेको उदाहरण पनि छ हामीसामु। आखिर



▲ दसौं सागमा कोलम्बोमा सहभागी शैला राणा

संघले दुई दशकदेखि के गर्दै आइरहेको थियो ? प्रश्न उठ्नु अस्वभाविक होइन।

२५ वर्षदेखि संघको विभिन्न पदमा रहेर काम गरिरहेका नेपाल पौडी संघका महासचिव अशोक बज्राचार्य भन्छन्, 'देशमा विद्यमान राजनीतिक परिवर्तन र विभिन्न कारणले काम होइन, योजना बनाएर बस्नु पर्‍यो। त्यसले उपलब्धि आउने कुरा थिएन।' यस्तै, पौडी प्रशिक्षक ईश्वर कार्की थप्छन्, 'नेपालमा पौडी ६ महिना खेलिन्छ। त्यसले खेलाडीहरूको निश्चित लेभल कायम राख्ने काम मात्र गर्छ। श्रीलंका र बंगलादेश बाह्रै महिना गर्मी भइरहने देश हुन्। हाम्रो देशमा भौगालिक र वातावरणीय विविधताका कारण ६ महिनामात्र पौडी खेल्न सकिन्छ। हामीलाई बाह्रै महिना अभ्यास गर्न 'हिटिङ पुल'को अनिवार्य आवश्यकता छ।'

पौडी संघले 'हिटिङ पुल'को कुरा गरेको पनि लगभग एक दशक बितेको छ। तर, अहिलेसम्म यो किन निर्माण हुन सकिरहेको छैन ? यस विषयमा बज्राचार्य भन्छन्, 'उही आर्थिक कुरा त हो नि। राष्ट्रिय खेलकुद परिषद्ले सातदोबाटोस्थित पौडी पोखरी र त्रिपुरेश्वरमा रहेको पौडी पोखरीबाट वार्षिक ५० लाखभन्दा बढी आम्दानी गर्दै आइरहेको छ। तर, यो रकम पौडी विकासको लागि हालसम्म खर्च हुन सकिरहेको छैन। पछिल्लो समय परिषद्लाई कर्मचारीहरूको अनावश्यक भर्तीकेन्द्र बनाउने क्रममा पौडीबाटै संकलन भएको रकम दुरुपयोग भएको थियो। तर, संघले यो मुद्दालाई उठाउने आवश्यकता कहिल्यै ठानेन।'

'राजनीतिक परिवर्तनसँगै अहिले हामी संघको योजना कार्यान्वयन गराउन लागिरहेका छौं। यो सम्भव भयो भने चार वर्षभित्रै दक्षिण एसियाली राष्ट्रमाझ भारतपछि दोस्रो स्थानमा पुग्नेछौं', बज्राचार्य दाबी गर्छन्। ■



**खेलकुद विकासको ठेक्का लिएर लामो समयदेखि यथास्थितिमा रमाइरहेका व्यक्तिहरू आफ्नो व्यक्तिगत अस्तित्वलाई खतरामा पार्न स्पष्ट खेलनीतिलाई अंगीकार गर्न तयार नभएको सन्दर्भमा लोकतन्त्रको बहालीपछि नेपाली खेलकुदले क्रान्तिकारी फड्को मार्ने कुरामा कमैलाई विश्वास छ ।**



प्रदीप जोशी 'टेकराज'

# आवश्यकता छुट्टै खेलनीतिको

**विकास, अनुशासन** र गतिशीलताको नारा बोकेको खेलक्षेत्र विगत लामो समयदेखि गतिहीनताको मार्गमा अग्रसर रहीआएको छ । गतिहीनताले यथास्थितिवादलाई जन्म दिन्छ र यथास्थितिवादको एउटा पाटोले नयाँ पुस्ताको मौलिक विचार, नयाँ सोच, नव सिर्जना र आविष्कारलाई तिरस्कार गर्छ भने अर्को पाटोले भ्रष्टाचार, संरक्षणवाद र एकाधिकारवादको प्रतिनिधित्व गर्छ । खेलकुदको मुख्य चरित्र भनेको गतिशीलता हो । यस क्षेत्रको मुख्य चरित्र 'गतिशीलता' र खेल नेतृत्वमा रहेकाहरूको मुख्य चरित्र 'गतिहीनता'का बीच लामो समयदेखि चलिरहेको द्वन्द्वका कारण खेलक्षेत्र प्रतिगमनको यथास्थितिवादमा भौंतारिरहेको छ ।

मार्क्सको द्वन्द्वात्मक भौतिकवादले 'द्वन्द्व र द्वन्द्वबीचको घर्षणबाट नयाँ सृष्टिको जन्म हुन्छ' भन्छ । भ्रष्टाचार, संरक्षणवाद, एकाधिकारवाद र उपेक्षावाद अर्थात् गतिहीनताका पक्षधरहरू र न्याय, समानता, प्रगति र अग्रगमन अर्थात् गतिशीलताका पक्षधरहरूबीचको द्वन्द्वबाट अग्रगामी लोकतान्त्रिक रुपान्तरणको प्रसववेदना बोकिरहेको खेलक्षेत्रले गतिशीलता र गतिहीनतामध्ये कसलाई जन्म दिने हो, त्यो हेर्न बाँकी छ, परिणाम आगामी समयले बताउनेछ ।

निरंकुशताविरुद्ध आन्दोलन गर्नु पर्ने बेला राजनीतिक दलका नेताहरू यथार्थ कुरा भन्ने गर्छन्, 'क्रान्तिकारी र ऐतिहासिक परिवर्तनका वाहक युवाहरू हुन् ।' वास्तवमा विश्वभरका परिवर्तनकामी क्रान्तिकारी तथा जनआन्दोलनहरू सबैमा युवाको भूमिका अग्रणी तथा निर्णायक रहँदै आएको छ । यो विश्व इतिहासले प्रमाणित गरेको तथ्य पनि हो ।

संसारभरिका अल्पविकसित, विकासोन्मुख तथा विकसित मुलुकको कुरा गर्ने हो भने युवा तथा खेलकुद मामिला हेर्ने छुट्टै मन्त्रालय अस्तित्वमा छन् । तर, दुर्भाग्य हाम्रो सन्दर्भमा महिला, दलितहरूका लागि विभिन्न आयोग निर्माण भइसक्दा पनि युवा आयोग निर्माण गर्नेतर्फ सरकार एवं नीति निर्माताको ध्यान जान सकिरहेको छैन ।

युवाहरूको प्रत्यक्ष र अत्यधिक महत्त्वका सरोकारहरू शिक्षा, स्वास्थ्य, रोजगार र खेलकुद नै हुन् । यस्तो गहन विषयमा के कस्तो नीति निर्माण गर्नु पर्छ भन्ने विषयमा प्रायः प्रमुख राजनीतिक दलहरू अलमलमा परेको पाइन्छ, जसको प्रमाण उनीहरूले केन्द्रीयस्तरमै विभागहरू निर्माण गर्न नसकेबाट पनि प्रस्ट हुन आउँछ । अझ खेलकुदको सन्दर्भ जोडेर हेर्ने हो भने केही राजनीतिक दलले विभागमा ठाउँ नपाएका कार्यकर्तालाई पन्छयाउन सामान्य समितिको स्वरुपमा यसलाई राखेको पाइन्छ । छोटकरीमा भन्नु पर्दा राजनीतिक दलहरूले नेताहरूको जन्म जयन्ती मनाउन आफ्नो भातृ संघहरूलाई खेल कार्यक्रम आयोजना गर्ने जिम्मा दिई झारा टार्ने काम मात्र गरिएको छ । यो राजनीति दलद्वारा खेलक्षेत्रप्रति राखिएको चरम उदासीनताको दुःखद नमुना हो ।

निरंकुश पञ्चायत कालमा अराष्ट्रिय तत्त्व एवं विदेशी दलालका रुपमा घोषित व्यक्तिहरूले वर्तमान सरकारमा सामेल प्रमुख राजनीतिक दल तथा राजनीतिकर्मीलाई तह र ठेगान लगाउन खेलक्षेत्रको साधन, स्रोत र खेलाडी प्रयोग गरेको कुरा आज कोहीबाट लुकेको छैन । शरदचन्द्र शाह 'शरद राजा'को एकसूत्रीय खेल नीतिलाई तत्कालीन समयका ८६ जना राष्ट्रिय पञ्चायत सदस्यहरूले राष्ट्रिय पञ्चायतभित्र करतल ध्वनिका साथ ताली पड्काएर समर्थन गरेका थिए । हालै लोकतन्त्र स्थापनापछि पुनःस्थापित सार्वभौम प्रतिनिधिसभाको बैठकमा जगन्नाथ खतिवडाले खेल क्षेत्रभित्र अहिले पनि जुँगाजस्तै टाँसिएर बसेका निरंकुशताका मतियारहरूमाथि कारबाही हुनु पर्ने तथा राष्ट्रिय खेलनीति तर्जुमा गरिनु पर्ने जोडदार आवाज रोस्ट्रमबाट उठाएका थिए ।

लगभग समान समयमा हामीसँगै राजनीतिक स्वतन्त्रता प्राप्त गरेका छिमेकी एसियाली राष्ट्रहरू त्यति बेला आर्थिक र अन्य मामिलामा हामीभन्दा अविकसित थिए । तर, उनीहरूले देश विकासका लागि प्रत्येक क्षेत्रमा नयाँ नीति र योजनाको कार्यान्वयन वैज्ञानिक ढंगले मात्र गरेनन्, यसलाई टेवा दिन खेल क्षेत्रको भूमिकालाई आत्मसात गरे । दक्षिण कोरियाको उदाहरण लिने हो भने यो देशले विश्वका सर्वाधिक प्रतिष्ठित खेल महोत्सवहरू विश्वकप, ओलम्पिक र एसियन गेम्स सम्पन्न गर्दै विश्वविख्यात व्यापारिक प्रतिष्ठानहरूको ध्यान आकृष्ट गर्न सफल भएको थियो । कोरियाली सरकारका अनुसार विश्वकपको सफल आयोजनाबाट उनीहरूले १५ अर्ब १० करोड डलर मुनाफा प्राप्त गर्न र देशको आर्थिक वृद्धिदर बढाउन सफल भएका थिए । यसलाई दक्षिण कोरियाले खेल राजनीतिबाट प्राप्त गरेको सबैभन्दा ठूलो आर्थिक समृद्धिका रुपमा लिन सकिन्छ । हामी कुनै स्पष्ट सोच र नीतिविना नै हिँडिरहेका छौं । यसले हाम्रो खेल क्षेत्रको अवस्था के हुने हो ? गम्भीर प्रश्न बन्दै गइरहेको छ । फेरि खेलकुद विकासको ठेक्का लिएर लामो समयदेखि यथास्थितिमा रमाइरहेका व्यक्तिहरू आफ्नो व्यक्तिगत अस्तित्वलाई खतरामा पार्न स्पष्ट खेलनीतिलाई अंगीकार गर्न तयार नभएको सन्दर्भमा लोकतन्त्रको बहालीपछि नेपाली खेलकुदले क्रान्तिकारी फड्को मार्ने कुरामा कमैलाई विश्वास छ ।

नेपाली खेलक्षेत्रमा कुसंस्कार बोकेका कथित राष्ट्रिय सम्भ्रान्तहरूको उत्पीडन, एकल प्रभुत्व र हैकमवादी भूमिका स्थापित गर्न खेलकुद विकास ऐन २०४८ मा संशोधन हुनु जरुरी छ । यसले खेलकुदको चरित्र र इतिहासलाई भ्रष्ट र सामन्तीरुपमा स्थापित गर्न खोजेको छ । यो ऐनले इमानदारहरू अपहेलित हुँदै आइरहेका छन् । सामन्तहरूद्वारा संरक्षित यिनका मतियारहरूद्वारा शासित कुनै पनि संस्था लोकतान्त्रिक ढंगले सञ्चालित हुन सक्दैन, त्यसैले खेलकुद विकास ऐन २०४८ मा परिमार्जन गरी खेलकुद नियमावली २०४९ का धेरै प्रावधान खारेज गरिनु पर्छ ।

अन्ततः नेपालीको आमचाहना खेलकुद क्षेत्र सामाजिक अभियानका रुपमा रुपान्तरित होस् भन्ने रहेको छ । अहिलेसम्म यसको प्रयोग र व्याख्या गलत भएकाले समस्याहरू ज्यूका त्यू रहीआएको छ । यसका लागि स्वार्थकेन्द्रित पुराना प्रवृत्तिहरू, अस्वभाविक महत्त्वाकांक्षा एवं क्षणिक र व्यक्तिगत स्वार्थ, सामन्तीदम्भ र लोकतान्त्रिक आवरणभित्र छिपेका द्वैध चरित्रका प्रवृत्ति खेलक्षेत्रबाट किनारा लगाउनु पर्ने पहिलो र अनिवार्य सर्त हो ।

*(लेखक अखिल नेपाल तेक्वान्दो संघ (एन्टा)का अध्यक्ष हुन् ।)*

# फरक धारका कविताहरू




**कविताका नाममा** अर्थ न बर्थका शब्दजाल फिँजाएर हल्लाको भरमा उत्कृष्ट कविको डिङ हाँक्दै हिँड्ने कविहरू कम्ती छैनन् हामीकहाँ । तर, सच्चा सर्जकहरू राजधानीबाहिर पनि बिनाप्रचारबाजी निरन्तर साधनामा तल्लीन भएर उत्कृष्ट सिर्जनाको सुवास छरिरहेका छन् । मोफसलमा रहेर पनि सबल र सशक्त कविता सिर्जना गर्दै आएका कवि हुन्- मनु मन्जिल । मन्जिलको पछिल्लो कवितासंग्रह 'आँधीको आवेग'मा मौलिक बिम्ब र प्रतीकहरूद्वारा सिंगारिएका उत्तरआधुनिक चेतले ओतप्रोत फरक धारका ३५ वटा सुन्दर कविता समावेश छन् ।

अहिलेको समय कठिन अवस्थाबाट गुज्रिरहेको छ । विज्ञान र प्रविधिको विकासले विनाश पनि उत्तिकै मात्रामा निम्त्याएको छ । समाजमा विकृति, विसंगति र उत्पीडन छ, नयाँ आवरणमा निरंकुशता जन्मिरहेको छ । समाज दिशाहीन भएको छ । मन्जिल आफ्ना कवितामा क्रूर वर्तमान उताร्छन्, विद्रोहको हुंकार गर्छन्, स्वतन्त्र र भयरहित परिवेशको अपेक्षा गर्दै । प्रेम, जीवन, राष्ट्रियता, यौन, प्रजातन्त्रलगायत विविध विषय पनि अटाएका छन्, मन्जिलका कवितामा । उनका कविता परम्परागत नभई तिनमा नयाँ चेतना र चिन्तन छ । सामाजिक मूल्यमान्यता क्षतविक्षत भएर धराशायी भएको समाजमा कर्फ्यु लाग्नु र नलाग्नुमा कुनै तात्त्विक अन्तर देख्दैनन् उनी ।

*आकाशमा रातभर*
*बादलहरू जून बोकेर कुदिरहे*
*चुहिँदा आवाज निस्कने भयले हो कि*
*शीतका झुप्पाहरू झुन्डिरहे*
*फूलमा*
*फूलका हाँगाहरूमा*
*रातभर चिसाले*
*हृदयको ग्रीष्मलाई चिस्याइरह्यो*
*मुटु चल्यो कि चलेन*
*मुटुलाई थाहा भएन*

*(कर्फ्यु नलागेको रात)*


नारीलाई शक्तिको स्रोतका रुपमा अर्चना गरिने परम्पराबाट निर्देशित छौं हामी । हुन पनि नारीबिना सामाजिक निरन्तरता असम्भवजस्तै छ । आफ्नी जीवनसंगिनीप्रति छताछुल्ल भावना मन्जिलले मिठासपूर्णरुपले कवितामा सजाएका छन् । प्रेमप्रणयका भावना पनि शालीनरुपले कवितामा सजाइएको छ ।

*मेरो यो सानो संसार लेख्ने उनी नै हुन्*
*जीवनको रङले कविता लेख्ने उनी नै हुन्*
*मेरो यो ओज, मेरो अनुहारको आभा लेख्ने पनि उनी नै हुन्*
*र, नबिर्सी हरदिन एक पंक्ति म ज्यूँदो रहेको कुरा*
*गुराँसले सिउँदामा लेख्ने पनि उनी नै हुन् ।*
*(उनी जीवनको रङले कविता लेख्छिन्)*

परिवर्तित सन्दर्भसँगै कविताले नयाँ धार समातिरहेको छ । मनुका कवितामा विभिन्न पौराणिक मिथकलाई आधुनिकताको सापेक्षतामा प्रयोग गरिएको छ, यसअर्थमा पनि फरक धारतर्फ उन्मुख छन् उनका कविता । उनका कविता बौद्धिक छन्, त्यहाँ विचार र कलाको सुन्दर संयोजन छ । नवीन बिम्ब र प्रतीकको प्रयोग मनुको विशेषता नै हो । उनी अरूको बिम्ब सापटी लिएर कविता लेख्नेको सट्टा आफै नयाँ नयाँ बिम्ब सिर्जना गर्छन् । प्रस्तुत कृतिका बेचैनी, कविता नलेख्नै छु, साँझ, डाइनोसरको मोमो, बलवान वैरीको खोजीमा छु, पहाड र पहिरो, बाघलगायत कविता सशक्त छन् । कथाकार परशु प्रधानको शब्दमा भन्ने हो भने 'मनुका कवितामा विश्वसन्दर्भमा नेपालको स्थिति, पीडा, द्वन्द्वआदि बौद्धिकतासँगै प्रतीकात्मकताको सुवास छ ।' समालोचक कृष्णचन्द्रसिंह प्रधानले लेख्छन्, 'लाग्छ मनुको कविताको भाषा बिम्बात्मक छ र यस्तै उक्ति र उपमेय लाग्ने प्रतीकहरूबाट निर्मित छ ।'

■ छत्र कार्की

## संविधानसभाको जटिलता




**संवैधानिक कानुनमा** दखल राख्ने अधिवक्ता भीमार्जुन आचार्य, 'संविधानसभा प्रक्रिया र अनुभवहरू' शीर्षक पुस्तकको लेखक बनेर प्रस्तुत भएका छन् । मुलुक संविधानसभाको राजनीतिमा होमिएका बेला यो विषयमा पुस्तक लेख्नेहरूको भीडमा आचार्यको सानो पुस्तकले कस्तो प्रभाव जमाउने हो, अहिल्यै आँकलन गर्न सकिन्न । आचार्यले संविधानसभाको निर्वाचन गर्नुअघिको तयारी, प्रक्रिया र अनुमोदन गर्ने जस्ता संवैधानिक, राजनीतिक प्रश्नहरूमा उदाहरणसहित गहकिला सुझाव दिएका छन् ।

संविधान निर्माण कार्य र संविधानसभा, संविधानसभाका केही विदेशी अनुभव, संविधानसभाका आधारभूत सर्त र प्रक्रिया, नेपालका लागि आवश्यक सुझाव तथा संविधान र संविधानसभासँग सम्बन्धित महत्त्वपूर्ण घोषणाहरू शीर्षकमा पाँचवटा परिच्छेदमा विभक्त पुस्तकले संविधानसभाबारे जानकारी दिने तथा नयाँ संविधान कसरी निर्माण गर्ने भन्ने सुझाव दिएको छ ।

आचार्य नेपालको वर्तमान राजनीतिक वातावरणप्रति पनि उत्तिकै सजग भएको पुस्तकमा देखिन्छ । शास्त्रीय सुझावहरूभन्दा राजनीतिक व्यवहार र वातावरण सुल्झनु पर्ने उनका तर्क पुस्तकमा जताततै पाइन्छ । प्राक्कथनमा उनले लेखेको छन्, 'आवश्यक सुझबुझ र समझदारीका साथ संचालित संविधानसभा द्वन्द्व समाधानलगायत साँच्चिकै राष्ट्रनिर्माणको गतिलो साधन भएको छ भने लापरवाही, बिनातयारी र आपसी समझदारीको अभावमा संचालित संविधानसभा ठूलो राष्ट्रिय समस्याको कारक बनेको छ ।'

अन्य देशका संविधानसभाका निर्वाचनबारे अधिकांश अंश ओगटेको पुस्तकमा लेखकले 'नेपालका लागि आवश्यक सुझाव' परिच्छेदमा संविधान निर्माण अन्तर्राष्ट्रिय चासोलाई बेवास्ता गर्न नमिल्ने तर्क गरेका छन् । अहिलेसम्म माओवादीसँग भएका समझदारी, सहमतिको औचित्य नहुने बताउँदै सरकार र माओवादीबीच शान्ति सम्झौता हुनु पर्ने धारणा राखेका छन् । उनी लेख्छन्, 'राजनीतिक तहमा यस्ता समझदारीको महत्त्व रहने भए पनि कानुनी रुपमा यस्ता समझदारी कमजोर हुन्छन् ।'

संविधानसभामा पुग्न अन्तरिम संविधान अरिहार्य भएको बताउने आचार्यले अन्तरिम संविधान मस्यौदा समितिको जन्म त्रुटिपूर्ण भएको दाबी गरेका छन् भने प्रतिनिधिसभाले गरेको ऐतिहासिक घोषणाको स्थायित्वबारे प्रश्न उठाएका छन् । लेखकले संविधानसभासम्बन्धी मामला हेर्नका लागि बेग्लै अन्तरिम न्यायालय स्थापना गरिनु पर्ने तथा जनताको व्यापक सहभागिता अर्थपूर्ण बनाउन बेग्लै संवैधानिक आयोग बन्नु पर्ने सुझाव पनि दिएका छन् ।

■ विश्वमणि पोखरेल

# धुवाँको अन्तिम मुस्लो

■ विवश बस्ती

यो चैत हो ।

सेताम्ये धुर्सेली फुलिरहेछ बाटोमाथि र बाटोमुनि पनि फुलिरहेछ धुर्सेलीका फूलहरू नै । मादकहीन रूपले । कतै कतै वनमारा पनि श्वेत चालढालमा फुलिरहेछ, वातावरण विमुग्ध तुल्याउँदै । चैतका रुखासुखा दिनहरूमा फुल्छन् यस्तै वासनाहीन, मोहकहीन फूलहरू । फूल के भन्नु ! प्रकृतिका सुन्दरतम रूपहरू हुन् यी ।

दिउँसोको समय छ ।

गाउँको सिरानमै छ, हरि बाजेको घर । घरसँगै छ सानो गोठ पनि । एकाध गाई, भैंसी, बाखा र खसीहरू पालिएका छन् । चौपायातिरका सम्पत्ति यिनै हुन् उनका । गोठनजिकै छ बडहरको अग्लो रूख, जहाँ गाउँका केटाकेटीहरू बडहर पाक्ने बेला तँछाडमछाड गरी झुम्मिन्छन् । केटाकेटीको मात्र के कुरा, ठूलाबडाहरू नै बडहरको रसिलो स्वादमा भुल्छन् ।

००

दिउँसोपख । हरि बाजेको गोठबाट धुवाँ पुत्पुतायो एक्कासि । हेर्दाहेर्दै धुवाँ कुइरीमण्डल भयो र आकाशको सिंगो परिधि नाप्न थाल्यो । चैतको खुरीखण्ड महिना, कताबाट आगो सल्कियो गोठमा । कसैलाई हेक्कासमेत भएन, तर गोठबाट धुवाँ निस्किएको प्रथम दृश्य देख्यो, उसको छिमेकी सन्ते दमाईले । ऊ छिटोछिटो हान्निएर गयो हरि बाजेको गोठमा । आगो हुरहुरी बलिरहेको थियो । गोठको आगो नियन्त्रणमा नलिने हो भने घर पनि सखाप पार्ने सम्भावनाको उद्घाटन हुँदै थियो ।

'बाजेको गोठबाट धुवाँ निस्किएको होइन', पहिलो दृश्य त सन्ते दमाईकी स्वास्नीले देखेकी थिइन् । थप्याङमा जुनेलो केलाइरहेकी बेला उनले देखेकी थिइन् त्यो दृश्य ।

स्वास्नीको कुरा सुन्नेबित्तिकै सन्ते दलानमा ओर्लिएको थियो र हेरेको थियो एकटकले हरि बाजेको घरतिर । धुवाँका प्रारम्भिक रूपहरू भर्खरै देखिन थालेका थिए । 'हो, धुवाँ नै हो । आगलागी भएजस्तो छ', निकै हड्बडाएको स्वरमा सन्तेले भन्यो, 'गाउँलेलाई खबर गर्नुपर्छ । गोठसँगै घर जल्न पनि के बेर ?'

सन्ते डाँडामा निस्कियो र सिंगो गाउँ नै थर्कने गरी उर्दी जारी गऱ्यो । गाउँलेहरू फाट्टफुट्ट हरि बाजेको घरतिर ओइरिए । घर त जलेन, तर गोठ भने पूरै आगोमा परेर सखाप भयो ।

००

हरि बाजेको गोठमा आगलागी भएको दृश्य एकटकले हेर्दै गर्दा सन्तेलाई स्वास्नीले अह्राएकी थिइन्, 'जाऊँ, पानी लगेर छ्यापौँ ।'

'मेरो आत्माले त्यो कुरा स्विकार्दैन । कसरी लगेर पानी छ्याप्ने ? बरु गाउँलेहरूलाई बोलाइदिऊँ, त्यही नै हाम्रो कर्तव्य हुन्छ ।' सन्तेले भन्यो ।

'आपत् परेका बेला त शत्रु-मित्र भनेर छुट्याउनु हुँदैन । जे जस्तो भए पनि यस्तो बेलामा मद्दत गर्नुपर्छ', स्वास्नीले थपिन् ।

'तिमीले त्यो पुरानो कुरा बिर्सियौ ?'

'यस्तो बेलामा पुराना कुरा सम्झेर बस्नु हुँदैन, हिँड्नुस्, आगो निभाउन जाऔँ ।' स्वास्नीले जिद्दी गरिन् ।

घरमा भएजति पानी बोकेर सन्ते र स्वास्नी लागे, हरि बाजेको घरतिर । स्वास्नीले धमाधम पानी छ्याप्न थालिन्, तर सन्तेको मनले भने पानी छ्याप्न मानेन । बरु उनको मानसपटलमा विगतका तीता दृश्य ओइरिन थाले :

तीन वर्षअघिको एक गोधूलि । अत्यन्तै विद्रुप स्वरुपमा सन्तेकी स्वास्नी आँगनमा हाजिर भइन् । उनको शरीर वर्षाद्को पहिरोले लछारेका नांगा पाखा-पखेराझैँ थियो, पूरै बेकाम्मे । कपाल जिङरिङ





परेको थियो, अनुहार कोपरिएको स्थितिमा थियो। अरू त के कुरा, त्यही एउटा छिर्केमिर्के चोली पनि पूरै धुजाधुजा भएर च्यातिएको थियो। त्यो चोली पनि गएको दसैंमा मात्र किनिएको थियो। त्यो पनि दुई वर्षको अन्तरालमा। पोहोरको दसैंमा परार किनिएकै चोली थियो र यसपालि साह्रै हेर्नै नहुने गरी फाटेको हुँदा नयाँ किनिएको थियो।

'कसले के गऱ्यो ?' सन्तेले केरकारको भाषामा सोध्यो।

'सुँक्क, सुँक्क।'

'कसले के गऱ्यो भन्या ?' सन्तेको स्वर केही तिखो भयो। लघु-आँगनको मध्यभागमा एकोहोरो, निर्निमेष उभिइरहेकी स्वास्नीलाई उसले झन् चर्को स्वरमा सोध्यो, 'के भयो ? कसैले कुटपिट गरे तँलाई ? किन बोल्दैनस्, भन छिटो, भन।'

'हरि बजैनीले।' स्वास्नीको वाक्य फुट्यो।

'किन ?'

'केही थाहा छैन मलाई।'

'तैंले केही बिगारेकी थिइस् कि ?'

'मेरो सारीको फेरले उनको गाग्री छोयो रे !' लुछिएको कपाल सम्हाल्दै भनिन्, 'खै, मलाई त छोएको जस्तो लाग्दैन। तैपनि मैले गाग्री छोएको भनेर मर्ने गरी मलाई पिटे। मैले के बिगार गरिदिएको थिएँ र तिनीहरूको। के यस्तो अत्याचार हो।'

'म पन्चेती बटुलेर तिनीहरूलाई कारबाही गर्छु।' सन्तेले आफूलाई आवेशको वृत्तमा पायो। उसको अनुहारको भागभंगिमा पूरै खज्मजिएको थियो र रिसले रन्किएर रातो भएको गालाबाट रगत चुहुलाझैं भएको थियो।

'पन्चेती गरेर पनि के हुन्छ र ? पोहोर साल लाटे कामीलाई पिट्दा पन्चेतीले के न्याय दिन सक्यो र ? उल्टै उसकै पक्षमा खनियो पन्चेती। पन्चेती-सन्चेतीले केही पनि हुँदैन।' स्वास्नीले अविश्वास प्रकट गरी।

'कहाँ पहिलेको जस्तो समय छ र ? अब त मान्छेहरूमा अलिअलि चेतना बढ्न थालेको छ।' अनुहारमा खुसीका मसिना रेखाहरू उमार्दै सन्तेले भन्यो, 'समय पहिलाजस्तो छैन अब। पल्लो गाउँको घटना त तैंले पनि थाहा पाएकै होलास् नि ! त्यहाँ हामीजस्तै दलितलाई पिटेको निहुँमा पिट्नेलाई उताकाहरूले के गरे ? तँलाई पनि थाहै होला। पन्चेतीले केही गरेन भने उतैतिर उजुरी हाल्नुपर्छ।'

'उताकाले पनि केही गर्दैन। तिनीहरूलाई पाल्ने नै उही हरि बाजे हो। हरि बाजेको घरमा कति आएर बस्छन्, खान्छन्। मैले सुनेअनुसार त हरि बाजेले थुप्रै चन्दा पनि दिएका छन् रे ! त्यस्तालाई उनीहरूले के कारबाही गर्छ।' स्वास्नीले झनै अविश्वासको भाषा बोली र च्यातिएको चोली मिलाउन थालिन्।

'त्यत्तिकै छाड्नु हुँदैन।' सन्ते बर्बरायो र हावामा मुठी उचाल्दै पूरा जोस र जाँगर बोकेर हरि बाजेको घरतिर लाग्यो। उसको पछिपछि लागिन् स्वास्नी पनि। जान त स-साना केटाकेटीहरू पनि जान थालेका थिए, तर आँगनमा पुगेर रोकिए तिनीहरू।

'बाजे !' सम्पूर्ण पर्यावरण नै थर्किने गरी सन्ते चिच्यायो। उसले हरि बाजेको घरआँगनमा पुगेर यसरी चिच्याएको यो नै पहिलो थियो। यसरी चिच्याउने हिम्मत कहिले पो आयो र ! सधैंभरि हरि बाजेकै खेतबारी जोतेर, उनीहरूले दिएको एक मानो खाएर जिन्दगी गुजार्दै आइरहेका सन्तेको परिवारले हरि बाजेको विरुद्ध ठूलो स्वरले चिच्याउने अवसर कहिल्यै पनि पाएन। समयले कति ठूला-ठूला फड्को मारिसके, मान्छेहरू कति परिवर्तित भइसके, आधुनिक प्रविधिले संसारलाई कहाँबाट कहाँ पुऱ्याइसक्यो र मान्छेहरूमा विद्रोहका भावनाले कति जरो गाडिसक्यो, तर सन्तेको परिवार भने हरि बाजेको छत्रछायाँमा नै जिन्दगीका आरोह-अवरोह छिचोल्नमै व्यस्त देखिए।

'बाजे ! यो के हो ?' स्वास्नीलाई अग्रभागमा उभ्याएर सन्तेले आवेशको पुनरावृत्त गर्दै भन्यो, जिन्दगीभरि तपाई नै भनेर बस्यौं। तपाईभन्दा यो संसारमा हाम्रो दाता अरू छैन भन्ने ठानेर बस्यौं। के गरेनौं हामीले ? तपाईंको बाँझो बारीलाई हराभरा कसले बनायो ? तपाईंको बगर बनेको खेतलाई उब्जाउयोग्य कसले बनायो बाजे ? के यी कुरा बिर्सनु भयो तपाईंले ?'

हरि बाजेले बार्दलीबाट आदेश जारी गर्दै भन्यो, 'हिजोआज तेरो चालामाला ठिक छैन, सन्ते। क-कसको लहलहैमा लागेर हाम्रो विरुद्ध के के कुरा गर्दै हिँड्छस् रे ! मैले थाहा पाएको छैन भनेको होला। म एक एक थाहा पाउँछु।' प्रसंग मोड्दै हरि बाजेले थपे, 'तेरी स्वास्नीले के गर्न खोजेको ? हाम्रो गाग्री छोएर के गर्न खोजेको ? तैंले हामीलाई अब हेप्न थालिस्, सन्ते। यसको परिणाम राम्रो हुनेछैन। यत्रो वर्ष मैले तेरो परिवारलाई आश्रय दिँदै आएँ, अब बढी भो तिमीहरूलाई मेरो आश्रय।'

'बाजे, मेरी स्वास्नीले तपाईंको गाग्री नै छोएकी भए पनि यसरी कुट्नु हुन्थ्यो, यो अदनालाई। यसले जानीजानी त छोएको होइन नि ! झुक्किएर छोएकी भए पनि यसरी पिट्नु हुन्छ ?' सन्तेले आफूलाई केही सम्हाल्दै भन्यो।

'तेरी मा डुम ! रित्तो गाग्री छोएकी भए त हुन्थ्यो, भरिएको गाग्री छोएर हामीलाई तैंले छोएको पानी ख्वाउन खोजेको ? कतिसम्मको पापी, असत्ती ! हाम्रो घर बिटुल्याउन खोजेको होइनस् तैंले ?' बार्दलीबाटै रन्कियो हरि बाजे।

'मुखमा जे आयो, त्यही नबोल्नुस् बाजे। हाम्रो पनि इज्जत छ, मान छ। हाम्रो इज्जतलाई पनि ख्याल राखेर बोल्नुस् बाजे।' सन्तेले अनुनयको स्वरमा भन्यो।

'के इज्जत छ तेरो ? हँ, के छ तेरो इज्जत ?' रिसले तात्तिएको हरि बाजेको अनुहार फुलेका नशाहरूले ढाकिएका थिए।

'म पन्चेती बोलाउँछु।' सन्ते।

'बोला। केही फरक पर्दैन। आफैं गल्ती गर्ने, पन्चेती बोलाउँछु भनेर उल्टै मलाई धम्की पनि दिने ?' हरि बाजेको अनुहारमा उठेको आवेशको सतह अझै घटिसकेको थिएन, यथावत् नै थियो।

'म जंगलतिरका साथीहरूलाई उजुरी गर्छु।' एउटा दह्रो आधार फेला पारेझैं सन्तेले भन्यो।

'हुँ, के भन्छ यो ? यसले त के के कुरा पो गर्न थाल्यो।' केही मत्थर हुँदै हरि बाजेले थप्यो, 'तेरी स्वास्नीको चाहिँ गल्ती छैन ? मेरी स्वास्नीको मात्रै गल्ती देख्छस् ? ज-जसलाई गुहार्न मन छ, गुहार, तर मेरो कुरा पनि सुन्, गल्ती कसले गरेको हो भन्ने कुरामा पनि छानविन त होला नि !'

हरि बाजे घरभित्र छिरे। सन्ते र उसकी स्वास्नी निन्याउरो मुहार प्रदर्शन गर्दै फर्किए।

साँझले गाढापन स्विकारिसकेको थियो। बाँसभ्याङहरूमा चराहरूको कल्याङमल्याङले लयहीन संगीतको याद दिलाइरहेको थियो।

००

'आज सन्तेले खबर नगरेको भए बाजे तपाईंको घर पूरै ध्वस्त हुन्थ्यो।' आगो निभाइसकेपछि पूरै असिनपसिन भएका हरि बाजेतिर हेर्दै खिलनारायणले बतायो।

'सन्तेले ?' हरि बाजेको अनुहार झनै उड्यो।

'अँ, सन्तेले त हामीलाई खबर गरेको हो नि। त्यल्ले खबर नगरेको भए आज यो घर पूरै जान्थ्यो।' खिलनारायणले थप्यो।

'गोठमा आगलागी हुँदा सुरुमा पानी छ्याप्ने त सन्तेकी श्रीमती हुन्। विचरीले गाग्रीका गाग्री पानी ल्याएर जलिरहेको गोठमा पानी हालिन्।' नजिकै उभिइरहेको सुदर्शनले थप्यो।

यी सबै कुरा सुन्दै सन्ते आँगनको पल्लो छेउमा बसिरहेको थियो। हरि बाजे सन्तेनजिक गयो र सन्तेको आँखामा अविच्छिन्न रुपमा हेरिरह्यो केही बेर। मुखबाट कुनै शब्द निस्किएन।

हरि बाजेको अनुहारमा एकोहोरो हेर्दै सन्तेले भन्यो, 'बाजे, आज मेरी स्वास्नीले गल्ती गरी।'

'के गल्ती ?' हरि बाजेले टोलाउँदै सोध्यो।

'मेरी स्वास्नीले तपाईंको गोठ बिटुल्याइदिइन्, बाजे। तपाईंको गोठ जल्दा मेरी स्वास्नीले पानी छ्यापिन्। यो दलितले तपाईंको गोठमा पानी छ्यापिन् बाजे ! तपाईंको गोठ बिटुलियो बाजे, साँच्चै नै बिटुलियो।' सन्तेले बोली अवरुद्ध पार्दै भन्यो।

हरि बाजेले प्रत्युत्तरमा कुनै शब्द व्यक्त गर्न सकेनन्, बरु उनको आँखा भने रसाउने क्रममा थियो। ऊ साँच्चै नै भावविह्वल बनेको थियो आज। सन्तेको कुरा सुनेपछि उसले आँसु थाम्नै सकेन।

भष्मिभूत गोठबाट धुवाँको अन्तिम मुस्लो उडिरहेको थियो।

■


तेजबहादुर बस्नेत

# जोखिमको व्यापार

**चलचित्र ढुकढुकीको** सफलतापछि उत्साहित नायिका तथा निर्मात्री करिश्मा मानन्धरले चलचित्र बाबुसाहेब बनाइन्। आफ्नो चलचित्रले नेपाली चलचित्र क्षेत्रमा तहल्का मचाउनेमा उनी विश्वस्त थिइन्, तर भइदियो पूरै उल्टो। नम्बर एक नायिकाको रुपमा परिचित उनी बाबुसाहेबको असफलताले चलचित्र क्षेत्रबाट निराश भई विदेशिइन्।

अशोक शर्मा नेपाली चलचित्र जगत्को भाग्यमानी व्यक्तिको रुपमा चिनिन्छन्। उनले बनाएका सबै फिल्मले राम्रै सफलता हासिल गरेका छन्। उनले पहिलो फिल्म ट्रकड्राइभर ऋण लिएर निर्माण गरे, तर उनले सोचेभन्दा पनि बढी सफलता पाए। फिल्मको लगानीबाहेक पनि अर्को फिल्म बनाउन पुग्ने पैसा उठाइदियो त्यो फिल्मले। 'ट्रकड्राइभर असफल भइदिएको भए अशोक शर्मा नै हुने थिएन', उनी गर्वका साथ भन्छन्, 'म बाध्य भएर यो क्षेत्रबाट टाढा जानु पर्थ्यो।'

नेपाली चलचित्र क्षेत्र उद्योगमा आफ्नो मेहनत अनुसारको लगानीमा निश्चितता हुँदैन। तीसचालीस लाख लगानी गर्दा दस लाख पनि नउठ्न सक्छ, दुईतीन करोड पनि उठाउन सक्छ वा लगानी मात्र उठाएर चित्त बुझाउनु पर्ने स्थिति पनि हुन्छ। आफूले राम्रो गरेको छु, फिल्ममा खुब मेहनत गरेको छु, कथावस्तु खुब राम्रो छ भन्दै अनावश्यक रूपमा थुप्रै खर्च गर्ने निर्माताहरू नराम्रो किसिमले असफल भइरहेका थुप्रै उदाहरण पाइन्छन्। निर्माता शर्मा चलचित्र निर्माण पक्ष शतप्रतिशत जोखिम रहने स्विकार्दै भन्छन्, 'आफूले राम्रो चलचित्र बना'छु भन्दाभन्दै पनि आफ्नो चलचित्र चल्दैन कि भनेर निर्मातामा मानसिक असर परिरहन्छ कतै ?'

चलचित्र निर्माणमा केही पनि जानकारी नभएका व्यक्तिले घरखेत बेचेर चलचित्रमा लगानी गरिरहेका हुन्छन्। तर, पछि पाउने असफलताले पछुताउन बाध्य हुन्छन्। यस्ता मानिसले निर्माण गर्दा बढी डुब्ने खतरा हुने चलचित्र समीक्षकहरूको भनाइ छ। उनीहरू भन्छन्, 'यदि चलचित्रको बारेमा मार्केटिङदेखि मेकअपसम्मको ज्ञान भए चलचित्र निर्माण पक्षमा कुनै खतरा नै हुँदैन, त्यस्ता निर्माताले राम्रै सफलता पनि पाएका छन्।'

नेपाली सिनेमा सुरु भएको चार दशक भइसक्यो, यसबीच पाँच सयभन्दा बढी चलचित्र निर्माण भए भने निर्माणमा अर्बौंको लगानी। यो स्थितिमा नेपाली चलचित्रकर्म उद्योगमा रुपान्तरण भइसक्यो त ?' शर्मा भन्छन्, 'उद्योगमा रुपान्तरण त भए पनि अहिले संक्रमणकालीन स्थितिमा छ।'

निकै ठूलो खतरा मोलेर नेपाली चलचित्र निर्माण गर्ने स्थिति हुनु जायज हो त ? 'चलचित्रको व्यापार भनेकै नेपाली जनता हुन्', निर्माता तथा निर्देशक युवराज लामा भन्छन्, 'नेपाली जनता नै नेपाली चलचित्र हेर्दैनन् भने किन जोखिमपूर्ण हुँदैन त चलचित्र उद्योग।'

त्यसो त निर्माताहरू दर्शकको चाहनाको चलचित्र बनाउन भने कुनै चासो नै राख्दैनन्। दर्शक कस्तो चलचित्र चाहन्छन् त्यो बुझ्न पनि चाहँदैनन्। चलचित्र निर्माण निर्माताहरूको आफ्नै कारणले जोखिममा हुन्छ, चलचित्र समीक्षक डा. प्रदीप भट्टराई भन्छन्, 'उनीहरू दर्शकको इच्छा, आकांक्षाअनुरुपकै चलचित्र बनाउन सक्दैनन् भने कसरी चलचत्रिको चल्छ त। यो स्थितिमा नेपाली दर्शकले हिन्दी फिल्म हेऱ्यो भनेर रिस गर्नु बेकार छ।' परिवर्तित अवस्थाअनुसार चलचित्र बनाउनु निर्माताहरूको दायित्व भएको छ।

■ **रक्तिमकिरण श्रेष्ठ/काठमाडौं**




भास्कर ओझा

# चुलिँदो छ उचाइ

**कसरी मोटाउनु भयो** भनेर कसैले उनलाई सोध्यो भने उनको जवाफ हुन्छ, 'पुरानो घर पकनाजोलमा ऊ बेला बाटोमा राखेर बेचिने नाङ्ले मम खाएरै मोटाएँ ।' तर, अहिले भने उनले आफूलाई परिवर्तन गरेका छन् । माछामासु मात्र होइन, अन्डा र आलुसमेत त्यागेका छन् उनले । किन यसो गरेको त ? सजिलो जवाफ फर्काउँदै उनी भन्छन्, 'तौल घटाउन, एक सय चार किलोबाट सन्तानब्बेमा झारिसकेको छु', गैंडा उपनामले हास्यविधामा आफूलाई परिचित गराउन सफल निर्मल शर्मा भन्छन् ।

भारतको पुनामा बसेर उनले आफ्नो अध्ययन सिध्याएका हुन् । अध्ययनकै क्रममा पुना बस्दा अहिलेजस्तो ज्यान थिएन उनको । हिरो बन्न लायकको ज्यान थियो । नब्बेको दशकमा बनेका अधिकांश भारतीय सिनेमाहरूको सुटिङस्थल पनि पुना नै हुने गर्थ्यो । सुटिङलाई र भारतीय कलाकारलाई नजिकैबाट हेर्ने मौका पाउँदा उनीभित्र पनि फिल्मी क्षेत्रप्रतिको आकर्षणको टुसा पलाएको थियो । यही उत्साह बोकेर काठमाडौं आउँदा आउँदै ३३ प्रतिशत रकम लगानी गरेर 'जलन'मा हिरो हुने मौका छोपे निर्मलले । उति खेर पैसा लगानी नगरी हिरो बन्नु असम्भव नै थियो । आफ्नो रहर फेर्न लगानी गरे । तर, फिल्मले हलको अनुहार नै देखेन, आन्तरिक किचलोको सिकार बन्यो फिल्म ।

पुनामा बस्दा भारतमा भारतीय फिल्मनगरीलाई उनले जसरी विश्लेषण गरेका थिए, नेपाली फिल्मक्षेत्र त्यो अवस्थामा पुगिसकेको देखेनन् । भर्खरै बामे सर्दै थियो नेपाली फिल्मक्षेत्र । आफूले सोचेको र देखेको जस्तो फिल्मी क्षेत्र उनले नपाएपछि उनीभित्र कहिल्यै फेरि हिरो बन्ने रहन पलाएन । 'त्यसपछिको यात्रा आफ्नो पारिवारिक पेसा होटल व्यवसायमै बित्यो', बिर्सँदै गएको लगानी र हिरो बन्नका लागि देखेको सपना सम्झिँदै भन्छन् उनी ।

रामकृष्ण ढकालको माध्यमले हास्यकलाकार दीपकराज गिरीसँग भेटघाट भयो । उनको क्यारिएरले विस्तारै नयाँ मोड लिन थाल्यो । फिल्म बनाउन सोख बाँकी रहेको भए पनि हास्य कलाकार बन्नु उनको ध्येय थिएन, तर भयो यस्तै । तितो सत्य नामक हास्य टेलिसिरियलमा गैंडा उपनामले उनले आफूलाइ साँच्चिकै हिरो बनाए । तर, तितो सत्यमा बनाएको गैंडाको भूमिका उनका लागि भने थिएन । 'करिब ६ भाग सकिँदा पनि आफूले कलाकार बन्न नसकेको आफैंलाई अनुभव भयो, धन्न गैंडा नामले टिक्न सकें ।' शम्भुजित बास्कोटाको सोचले आएको तितोसत्य नामक टेलिसिरियलमा आफ्नो अनुहार देखाउन थालेपछि गैंडा उपनामले उनको परिचय चुलियो । तर, टेलिसिरियल सुरु गर्दा कुनै औपचारिक रुपमा घोषणा गरिएको नाम भने थिएन यो । 'चार भाग सकिएपछि एक दिन एक्कासि दीपकको मुखबाट 'यो गैंडाले दुःख दियो' भन्ने शब्द निस्किएको थियो', शर्मा भन्छन् । त्यसपछि उनी पछि फर्कनु परेन । जम्दै गएको उनको नामले उनको साँच्चिकै नाम नै बिर्साइदियो । 'बाटोमा हिँड्दा कतिले गैंडा आयो भन्छन् र त्यो बेला आफ्नो साँच्चिकै नाम नै के भन्ने नै पत्तो पाउँदिनँ कहिलेकाहीँ त', उनी थप्छन् ।

तर, उनको परिचय यतिमै सीमित भने छैन । फिल्म बनाउनेदेखि दिएर मोडलका रुपमा समेत उनले आफूलाई स्टेजमा देखाइसकेका छन् । त्यतिमात्र होइन, भारतको पुनामा सन् १९८८ तिर भएको एक मोडलिङ कार्यक्रममा उत्कृष्ट देशपहिचानको वस्त्रको अवार्ड समेत जितेका थिए । 'औपचारिक रुपले म कहिले कलाकार बन्छु र यसैमा करियर भनेर यो क्षेत्रमा आइनँ, लहलहैमा यहाँ पुगेँ । तैपनि, मलाई आफू पूर्ण कलाकार भएको जस्तो लाग्दैन', उनी अगाडि थप्छन् । आफ्नै लगानी र निर्माणमा बनेको 'हिमालयन किङडम अफ नेपाल' नामक फिल्मको प्रदर्शनी गर्ने तयारीमा रहेका छन्, अहिले उनी । 'तर नेपाली फिल्ममा लगानी गरेर पैसा कमाउन सकिन्छ भन्ने भ्रमबाट भने म मुक्त छु ।'

■ **ज्योति देवकोटा/काठमाडौं**




# थारू इतिहास खोतल्दै



**सानै उमेरदेखि** आफ्नो जातिको इतिहास र संस्कृति भनेपछि हुरुक्क हुन्थे सुबोधकुमार सिंह। त्यसैले होला, राजनीति शास्त्रका स्नातकोत्तर सुबोधले थारू जातिले जन्मदेखि मरुन्जेलसम्म अपनाउने संस्कृतिबारे दिलचस्पी दिएर अध्ययन अनुसन्धान गर्ने क्रममा नयाँ नयाँ ऐतिहासिक तथ्य पत्ता लगाउँदै गए। थारू जातिबारे लेखिएका प्रचलित इतिहासमै प्रशस्त खोट औंल्याई नयाँ विचार सार्वजनिक गरे, उनले। थारू जातिले प्राचीन समयमा बौद्ध संस्कृति अँगालेको तथ्यगत प्रमाण जुटाएका सुबोधले शाक्यमुनि बुद्ध र सम्राट अशोक पनि थारूजातिकै सन्तति भएको दाबी गरेका छन्। सबै तथ्यहरूको नालीबेली समावेश गरेर सिंहले 'द ग्रेट सन अफ द थारुज: शाक्यमुनि बुद्ध एन्ड अशोका द ग्रेट' नामक किताब भर्खरै मात्र सार्वजनिक गरेका छन्। डेढ दशकसम्मको खोजबिनबाट प्राप्त तथ्यलाई किताबको रुप दिन एक वर्ष लागेको उनको भनाइ छ।

थारू जाति राजस्थानबाट नेपाल आएको र उनीहरूको प्राचीन थलो 'थार' मरुभूमिसँग जोडिएको भन्ने ऐतिहासिक तथ्य छ, जुन सही नभएको सुबोध बताउँछन्। उनले किताबमा उल्लेख गरेअनुसार चापागाउँमा पाइएको लिच्छविकालीन शिलालेखमा पनि 'थारूद्रङ' उल्लेख छ, जसको अर्थ हुन्छ थारू गाउँ। त्यसैले थारू मुलुककै आदिवासी हुन् भन्ने तथ्यलाई दरिलो बनाएको छ। अमेरिकी राजदूतावास काठमाडौंको राजनीतिक शाखामा १३ वर्षदेखि कार्यरत सुबोध भन्छन्, 'थारू जाति पहिले बौद्ध संस्कृतिका पक्षपाती भए पनि पछि १ सय ८५ इसापूर्वमा आएर हिन्दु धर्मबाट प्रभावित बनेका हुन्।'

दूतावासमा राजनीतिक विषयवस्तुमा केन्द्रित रहेर दैनिकी बिताउनु परे पनि आगामी दिनमा आफ्नो जाति, भाषासम्बन्धी अनुसन्धानलाई निरन्तरता दिने सोचाइ छ, सिंहको। आफ्ना पिता पूर्वमहान्याधिवक्ता रामानन्दप्रसाद सिंहको प्रेरणाले थारू संस्कृतिको खोजमा लागेका सुबोध भन्छन्, 'आफ्नो जातिगत विषयमा खोज गर्दा छुट्टै अनुभूति हुँदो रहेछ, यस अर्थमा मैले आफ्नो पहिलो किताबमा प्रशस्तै आफ्नोपन पाएको छु।'


गणेश राई

तेज बस्नेत


# राजेशको नश्लबोध

**हुनत उनको ओठमाथि** जुँगाको रेखी पनि बस्न सुरु गरेको छैन। तर, हालै उनलाई किराँत राई यायोक्खाले जुन पुरस्कार प्रदान गऱ्यो, उक्त पुरस्कार यसअघि कुनै किशोरलाई दिइएको थिएन। विगतमा टंक राई र दुर्गा याक्खाजस्ता पाका लेखकलाई दिइएको 'वर्षको उत्कृष्ट किराँत लेखक' पुरस्कार यसपटक १९ वर्षीय राजेश राईको पोल्टामा पऱ्यो।

राजेशको पहिलो पुस्तक 'किराँती लोककथा संग्रह'का लागि यायोक्खाले उनलाई यस वर्षको उत्कृष्ट किराँत लेखकको पुरस्कार प्रदान गरेको हो। स्नातक अध्ययनरत राजेशले यो संग्रहमा सम्मिलित ४१ वटा किराँत लोककथा संकलन गर्न भोजपुर, ओखलढुंगा र संखुवासभाका विभिन्न गाउँ चहारेका थिए। 'मेरो मेहनतको मूल्यांकन भयो', राजेश भन्छन्, 'पुरस्कारले मलाई अझ बढी हौसला दिएको छ।'

भोजपुर, खाटाम्माबाट धनकुटा झरेका राजेश अहिले आफू ३६ थरिकै राई र लिम्बू जातिको उत्पत्ति-कथाको खोजीमा लागेको बताउँछन्। चाम्लिङ, साम्पाङ, बान्तवा, कुलुङ र खालिङलगायत १६ थरिका राईको कथा त उनले खोजिसकेका छन्। यायोक्खाद्वारा 'उत्कृष्ट किराँत लेखक' घोषित हुँदै सेतो फेटा गुँथेर गाउँ फिरेपछि आफ्नो अनुसन्धान अझ तीव्र भएको राजेश बताउँछन्।

आफ्ना दौंतरीहरू बेलायती सेनामा भर्ती हुन बिहानबेलुकी नै डोको बोकेर दौडिरहेका बेला आफ्नो जातिको उत्पत्तिको कथा खोज्न जुटेका राजेश एउटा साहित्यिक वेबसाइट पनि सञ्चालन गर्छन्। किराँत राई विद्यार्थी संघ र किराँत लेखक संघसँग सम्बद्ध राजेशको नश्लबोध सिर्जनशीलता परिणत भइरहोस्, हाम्रो शुभकामना। ■








युवराज घिमिरे

# दण्डहीनता र द्वैध चरित्रको सिकार

**अक्सर मानवअधिकारवादी** र अन्तर्राष्ट्रिय दातृसंस्थाहरूले नेपाललाई भिराउने गरेको एउटा विशेषण छ, त्यो हो- दण्डहीनता। हो पनि समाजमा को ठूलो भन्ने कुराको निर्धारण अक्सर कोमाथि सबभन्दा कम कानुन लाग्छ, त्यसले गर्ने गर्छ। दक्षिण एसियाको प्रजातन्त्र अक्सर 'एलिट' (विशिष्ट वर्ग) नियन्त्रित रहेको केही नयाँ अध्ययनहरूले देखाएका छन्। र, स्वभावतः 'एलिट' वर्ग निकै हदसम्म कानुनको दायराभन्दा माथिको वर्ग हो।

नेपालको सन्दर्भमा, विद्रोहीहरूले चुनौती दिएको कानुनको दायरामा उनीहरू आउने कुरै भएन। दण्डहीनताको सबभन्दा निकृष्ट उदाहरण थियो, भदौ २८ गते बुधवार जब हल्लैहल्लाको देशमा हल्लाकै भरमा आगो लगाए माओवादीहरूले।

भारतबाट हतियार भित्रिएको मनगढन्ते समाचारका आधारमा 'चक्का जाम' आह्वान गरे, मुलुक र राजधानीको सम्पर्क अस्तव्यस्त तुल्याए, अनि 'हल्ला' तथ्यहीन भएको स्वीकार गर्दै उनीहरूले फिर्ता लिए हजारौं नागरिकहरूलाई पीडा पुऱ्याएपछि। माओवादीहरूले बालेको टायरको धुवाँमा निसासिएर सायद सरकारले होस र उपस्थिति दुवै गुमाएको थियो। झन्डै ४ घन्टा मुलुक अस्तव्यस्त भएपछि विभिन्न राजदूतहरूले प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई तत्काल 'केही गर्न' दबाब दिएपछि उनले प्रचण्डलाई खबरदारी गरे। चक्काजाम टुंगियो। दण्डहीनताको संस्कारमा हुर्किएको मुलुकमा दण्डहीनताको एउटा नयाँ र नग्न उदाहरण प्रस्तुत गरियो।

विगत केही दिनयताका सञ्चारमाध्यमसँग अन्तर्वार्ताहरूमा प्रचण्डले अक्सर एउटा कुरा भन्ने गरेका छन्, 'म अत्यन्त भावुक र संवेदनशील छु। माडी नरसंहार हुँदा म रोइरहेँ। तीन दिन सुत्न सकिनँ।' स्वभाविक रूपमा एउटा राजनीतिक दलको नेता जसले जनताको नाममा राजनीति गर्छ, त्यो संवेदनशील हुनै पर्छ। तर, संवेदनशील हुन पर्याप्त हुँदैन। प्रचण्ड र माडीको प्रसंगमा प्रचण्डसँग नसोधिएको र उनले जवाफ नदिएको प्रश्न हो- त्यो बेला माओवादी नेतृत्वले के सन्देश दियो त माडी नरसंहारलाई जनक्रान्तिको नमुना मान्ने पार्टी अध्यक्षकै गृहजिल्ला चितवनको पार्टी एकाइलाई ?

पार्टी नेता शोक मनाउने र पार्टी 'क्याडर' विजयमा रमाउने दोहोरो र परस्पर विरोधी अवस्था विद्यमान थियो माओवादी संगठन त्यस बेला। त्यति वीभत्स अपराधमा दोषीलाई के सजाय दिइयो पार्टीद्वारा ? पार्टीले उसका विरोधीहरूलाई सामान्य अपराधका लागि दिने सजाय र माडीका अपराधीलाई दिएको सजायमा एकरुपता छ त ? न्यायिक प्रक्रियाको एकरुपता नभएको दलले न्यायको सिद्धान्तलाई मान्ला र ?

तर, प्रचण्डले हालैका अन्तर्वार्तामा केही इमानदारी र नेतृत्वको चरित्र पनि देखाएका छन्। सरकारले वा राष्ट्रिय मानवअधिकार आयोगले माओवादीद्वारा बेपत्ता पारिएकाहरू सूची दिएमा एक महिनाभित्र छानबिन गरी तिनीहरूको स्थिति सार्वजनिक गर्ने वचन आफैंमा महत्त्वपूर्ण कुरा हो। र, विभिन्न कुरामा माओवादीले प्रस्तुत गरेको 'दोहोरो चरित्र' प्रतिकूलको प्रतिबद्धता हो यो, जुन स्वागतयोग्य छ। तर दोहोरो चरित्र सरकारदेखि लिएर नेपालका मानवअधिकारवादी र बालअधिकारवादी गैरसरकारी संस्थाहरूले पनि प्रचुर मात्रामा प्रदर्शित गर्दै आएका छन्।

हालै राजधानीमा माओवादीसँग आबद्ध विद्यार्थी संगठनले गरेको एउटा प्रदर्शनमा उर्दी जारी गरियो शाही सत्तामा राजा ज्ञानेन्द्रका मुलुकका विभिन्न भागमा भएका भ्रमणमा जस्तै राज्यद्वारा बेपत्ता पारिएका नागरिकहरूको स्थिति सार्वजनिक गर्न सरकारलाई दबाब दिन राजधानीका सबै स्कुललाई विद्यार्थीहरू पठाउन आदेश दिइयो। एकजना विद्यार्थी नेताले त आवश्यक परेमा ६९ लाख विद्यार्थी सडकमा उतार्ने धम्की दिए। सबैलाई थाहा छ बलपूर्वक मात्र त्यो सम्भव छ। सन् २००४ सम्म १ सय ७१ स्कुल शिक्षकहरू माओवादीद्वारा मारिएको पृष्ठभूमिमा कमै स्कुलहरूले माओवादीका विरोध गर्नेछन्। यो आश्चर्यको कुरा हैन।

तर ज्यादा आश्चर्यको कुरा के हो भने जबरजस्ती स्कुलबाट बालबालिकालाई घाममा लगिँदा 'बालबालिका शान्ति क्षेत्र हुन्' अभियान, सिविन र इन्सेक सबै चुप लागे। कसैले आलोचना र वक्तव्य सार्वजनिक गरेनन्। बालअधिकार र संरक्षणका नाममा देशविदेशमा मान्यता हासिल गरेका संस्थाहरूले पनि दोहोरो मापदण्ड अपनाए।

प्रचण्डको भावुकता पार्टीलाई निर्देशनात्मक आदेश दिने हिम्मत राख्दैन भने त्यो उनको निरीहता बन्न जान्छ। राज्य र गैरसरकारी संस्थाहरूको दोहोरो बोली र चरित्रभन्दा एउटा विद्रोही नेताको दोहोरो चरित्र ज्यादा आत्मघाती बन्न सक्छ।

कथित युक्रेनी जहाजद्वारा हतियार आपूर्ति, अहमदावादबाट जहाज आएको घटनादेखि गजुरीमा भारतद्वारा हतियार भित्र्याइएका समाचार र माओवादीद्वारा गरिएका प्रचार असत्य सावित भएका छन्। त्यसलाई आधार बनाएर माओवादी नेतृत्वले जवाफदेहिताका साथ गल्ती कबुल गरेमा सम्भवतः उसले गुमाएको श्रेय केही हदसम्म पुनः हासिल गर्न सक्नेछ। ■

कथित युक्रेनी जहाजद्वारा हतियार आपूर्ति, अहमदावादबाट जहाज आएको घटनादेखि गजुरीमा भारतद्वारा हतियार भित्र्याइएका समाचार र माओवादीद्वारा गरिएका प्रचार असत्य सावित भएका छन्। त्यसलाई आधार बनाएर माओवादी नेतृत्वले जवाफदेहिताका साथ गल्ती कबुल गरेमा सम्भवतः उसले गुमाएको श्रेय केही हदसम्म पुनः हासिल गर्न सक्नेछ।